# कण्ठरोग नियन्त्रण कार्यक्रमको आन्तरिक मूल्याङ्कन प्रतिवेदन







**राष्ट्रिय योजना आयोगको सचिवालय,**
**सिंहदरबार, काठमाडौं**
**२०७३ असार**

## शब्दसार

| | |
|---|---|
| रा.यो.आ. | राष्ट्रिय योजना आयोग |
| आ.व. | आर्थिक वर्ष |
| गा.वि.स. | गाउं विकास समिति |
| गै.स.सं. | गैर सरकारी संस्था |
| जि.वि.स. | जिल्ला विकास समिति |
| एस.टी.सी. | साल्ट ट्रेडिङ्ग कर्पोरेशन |

## Abbreviations

| | |
|---|---|
| DPR | Detail Project Report |
| EIA | Environmental Impact Assessment |
| VDC | Village Development Committee |
| FGD | Focus Group Discussion |
| GIS | Geographical Information System |
| IEE | Initial environmental Evaluation |
| IRR | Internal Rate of Return |
| KII | Key Informant Interview |
| NPC | National Planning Commission |
| EWC | Export Worthy Certificate |
| LQAS | Lot Quality Assurance System |
| MOU | Memorandum of Understanding |
| NMICS | Nepal Multiple Indicator Cluster Survey |
| IDD | Iodine Deficiency Disorders |
| MOH | Ministry of Health |
| CBS | Central Bureau of Statistics |

# विषय सूची


| | |
|---|---|
| कार्यकारी सारांश | I-V |
| परिच्छेद १. मूल्याङ्कनको परिचय | |
| १.१ पृष्ठभूमि | १ |
| १.२ मूल्याङ्कनको उद्देश्य | १ |
| १.३ मूल्याङ्कनको कार्यक्षेत्र | ३ |
| १.४ मूल्याङ्कनविधि | |
| १.४.१ प्राथमिक सूचना संकलन विधि | ३ |
| १.४.२ द्वितीय सूचना संकलन विधि | ४ |
| १.४.३ सूचना प्रशोधन र विश्लेषण विधि | ४ |
| १.५ सूचना तथा तथ्याङ्क विश्लेषण | ५ |
| १.६मूल्याङ्कनकर्ताको विवरण | ६ |
| १.७मूल्याङ्कनको सीमा | ६ |
| परिच्छेद २. कण्ठरोग नियन्त्रण कार्यक्रमको परिचय | |
| २.१ पृष्ठभूमि | ७ |
| २.२उद्देश्यहरु | १७ |
| २.३ कार्यक्षेत्र | |
| २.४ संस्थागत व्यवस्था | |
| २.५ कार्यक्रम अन्तर्गतका क्रियाकलाप तथा प्रक्रियाहरु | |
| २.५.१ नून ढुवानी टेण्डर प्रक्रिया | |
| २.५.२ नून वितरण | |
| २.५.३ जनचेतनामूलक कार्यक्रमको संचालन | |
| २.५.४ नूनको गुणस्तर निर्धारण र मापन | |
| २.५.५ नूनको गुणस्तर परीक्षण प्रक्रिया | |
| २.६ डिपो संख्या, गोदाम विवरण र कर्मचारी विवरण | |
| परिच्छेद ३. अध्ययनबाट प्राप्त विषयबस्तु | |
| ३.१ कार्यक्रमको कार्यसम्पादन स्थिती | ८ |
| ३.१.१भौतिक लक्ष्य तथा प्रगति विवरण | १० |
| ३.१.२वित्तीय लक्ष्य तथा प्रगति | ११ |
| ३.१.३ अन्य | |
| ३.२ गुणात्मक सूचना संकलन | |
| ३.२.१ लक्षित वर्गसंगको समूह केन्द्रित छलफल | |
| ३.२.२ मुख्य जानिफकारसंगको अन्तरवार्ता | |
| ३.२.३ स्थलगत अवलोकन | |
| ३.४ नूनको गुणस्तर परीक्षण | |
| ३.५ कार्यक्रमको सकारात्मक प्रभाव | |
| ३.६ प्राप्त सूचना, तथ्याङ्क तथा जानकारीको त्रिभुजीकरण तथा विश्लेषण | |
| ३.६.१ वितरण प्रक्रिया | |
| ३.६.२ कोटा निर्धारण | |
| ३.६.३ ढुवानी व्यबस्था | |
| ३.६.४ डिपोहरु | |
| ३.६.५ नून भण्डारण तथा गोदामसम्बन्धी व्यबस्था | |
| ३.६.६ नूनको प्रयोग | |

३.६.७ अनुदानको पुनरावलोकन
३.६.९ दिगोपना
३.७ कार्यक्रम मूल्याङ्कनको नतिजा
३.७.१ कार्यक्रमको सान्दर्भिकता
३.७.२ कार्यक्रमको प्रभावकारिता
३.७.३ कार्यक्रमको कार्यदक्षता
३.७.४ कार्यक्रमको प्रभाव
३.७.५ कार्यक्रमको दिगोपना
३.७.६ कार्यक्रम मूल्याङ्कन नतिजाको साराशं
परिच्छेद ४. सवाल निष्कर्ष एवं सुझावहरु
४.१ सवालहरु
४.१.१ वितरण प्रक्रिया सम्बद्ध सवालहरु
४.१.२ कोटा निर्धारण र भण्डारण सम्बद्ध सवालहरु
४.१.३ नूनको प्रयोग सम्बद्ध सवालहरु
४.१.४ अनुगमन तथा मूल्याङ्कन सम्बद्ध सवालहरु
४.१.५ ढुवानी सम्बद्ध सवालहरु
४.१.६ डिपो सम्बद्ध सवालहरु
४.१.७ दिगोपना सम्बद्ध सवालहरु
४.२ निष्कर्ष
४.३ सुझावहरु
४.३.१ वितरण प्रक्रिया सम्बद्ध सुझावहरु
४.३.२ कोटा निर्धारण र भण्डारण सम्बद्ध सुझावहरु
४.३.३ नूनको प्रयोग सम्बद्ध सुझावहरु
४.३.४ अनुगमन तथा मूल्याङ्कन सम्बद्ध सुझावहरु
४.३.५ ढुवानी सम्बद्ध सुझावहरु
४.३.६ डिपो सम्बद्ध सुझावहरु
४.३.७ दिगोपना सम्बद्ध सुझावहरु
४.४ सुझाव कार्यान्वयनमा विषयगत निकायको भूमिका

## अनुसूचीहरू


| | पेज नं. |
|---|---|
| १. सोच तालिका | २९ |
| २. मूल्याङ्कनढाँचाग्रिड | ३० |
| ३. मूल्याङ्कनको लागिप्रश्नावली | ३४ |
| ४. केन्द्र र स्थानीयतहमामुख्यजानिफकारसंगको अन्तर्वार्ताको चेक लिष्ट | ३६ |
| ५. केन्द्रमामुख्य सूचनादातासंगको अन्तर्वार्ता | ३८ |
| ६. स्थानीयलाभग्राहीजनतासंग गरिएको समूहलक्षितछलफल | ४४ |


## रेखाचित्रतथातालिकाको सूची


| | | पेज नं. |
|---|---|---|
| रेखाचित्र नं. १ | बित्तीयप्रगति | ८ |
| २ | भौतिक प्रगति | ९ |
| तालिका नं. १ | कार्यक्रमबाटभएको सन्तुष्टी | १२ |
| २ | कार्यक्रमले पु¥याएको फाइदा | १२ |

# कार्यकारी सारांश

**१. मूल्याङ्कनको पृष्ठभूमि**

राष्ट्रिय योजना आयोगले हरेक बर्ष केही कार्यक्रम तथा आयोजनाहरुको प्रतिस्पर्धात्मक विधिबाट छानिएका स्वतन्त्र मूल्याङ्कनकर्ताहरुबाट र गत आ.व. देखि स्वयं आयोगवाट समेत आन्तरिक मूल्याङ्कन समेत गर्न शुरु गरिएको छ । यस आ.व.मा आन्तरिक मूल्याङ्कन गर्न कण्ठरोग नियन्त्रण कार्यक्रम छनौटमा गरिएको छ । यो कार्यक्रम नेपाल सरकारद्वारा राजपत्रमा तोकिएका १३ दुर्गम र ९ आंशिक दुर्गम गरी २२ जिल्लाहरुमा कार्यान्वयन हुँदै आएको छ । आयोडिनयूक्त नूनको ढुवानीमा अनुदान दिईसोको आपूर्ति ब्यवस्था मिलाई आयोडिनको कमीबाट हुने कण्ठरोग, लाटो, लठ्येब्रो, सुस्त मनस्थिति, पढाईमा कमजोरी, गर्भ तुहिने, वामपुड्के, बहिरा, लुलो आदि बिकृतिहरुलाई निर्मूल पार्ने उद्देश्यले कण्ठरोग नियन्त्रण कार्यक्रम आ.ब. २०३१/३२ देखिनिरन्तर रुपमा संचालन हुँदै आइरहेको छ ।

यस मूल्याङ्कन प्रतिवेदनमा ४ परिच्छेदहरु रहेका छन । परिच्छेद १ मा मूल्याङ्कनको परिचय, परिच्छेद २ मा कण्ठरोग नियन्त्रण कार्यक्रमको परिचय, परिच्छेद ३ मा कार्यक्रमको कार्यसम्पादन स्थिति, अध्ययनबाट प्राप्त विषयबस्तु तथा मूल्याङ्कनको नतिजा र परिच्छेद ४ मा सवाल, निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ ।

**२. मूल्याङ्कनको उद्देश्य**

कण्ठरोग नियन्त्रण कार्यक्रमको सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, दीगोपना र प्रभावको लेखाजोखा गर्नु रहेको छ । अन्यउद्देश्यहरु निम्न अनुसार रहेका छन् :

क) कण्ठरोग नियन्त्रण कार्यक्रममा नेपाल सरकारले उपलब्ध गराउने नून ढुवानी अनुदान तथा वितरण प्रक्रियाबारे मूल्याङ्कन गर्नु ।

ख) कार्यक्रमले स्थानीय जनतालाई आयोडिनयुक्त नूनको पंहुच बृद्धि गर्न पुऱ्याएको योगदान वारे मूल्याङ्कन गर्नु ।

ग) कार्यक्रमको कार्यान्वयन प्रक्रिया तथा कार्य सम्पादनस्तर मूल्याङ्कन गर्नु ।

घ) भविष्यमा कार्यक्रमका लागि अपनाउनु पर्ने नीति, योजना तथा कार्यक्रममा सहयोगी हुने खालका सुझावहरु प्रस्तुत गर्नु ।

**३. मूल्याङ्कन विधि**

यस कार्यक्रमको मूल्याङ्कन प्राथमिक र द्वितीयक सूचना संकलन विधिबाट गरिएको छ । मूल्याङ्कन प्रयोजनका लागि नमूना छनौटमा परेका ७ जिल्लाहरु (सोलुखुम्बु, रुकुम, रोल्पा, मुगु, अछाम, बाजुरा र हुम्ला) का मुख्य जानिफकार व्यक्तिहरु (२८ जना) सँग अन्तरवार्ता गरिएको छ ।यसैगरी समूह केन्द्रित छलफल १५ वटा गरिएको छ । अन्तर्वार्ता, छलफल, स्थलगत अवलोकन र दस्ताबेजहरुको अध्ययनबाट प्राप्त निष्कर्षलाई व्याख्यात्मक तथा बिश्लेषणात्मक विधिका आधारमा कार्यक्रमको मूल्याङ्कन नतिजा निकालिएको छ ।

**४. मूल्याङ्कनको नतिजा**

यस कार्यक्रमको मूल्याङ्कन नतिजा यसप्रकार रहेकाछन् :

| मूल्याङ्कन आधारहरु | मूल्याङ्कन नतिजा | नतिजाका आधारहरु |
|---|---|---|
| १.सान्दर्भिकता | अति सान्दर्भिक (क) | राजपत्रमा तोकिएका १३ दुर्गम र ९ आंशिक दुर्गम गरी २२ दुर्गम जिल्लाहरुमा २०३२ सालदेखि आयोडिनयुक्त नूनको ढुवानी र वितरणको व्यबस्थाले कण्ठरोग नियन्त्रणमा उल्लेखनीय सहयोग पुगेको, आयोडिनयुक्त नूनको पंहुच बढेको, जनस्वास्थ्यमा सकारात्मक प्रभाव परेको र ८२ प्रतिशत घरधुरीहरुमा आयोडिनयुक्त नूनको पहुंच बृद्धि भएको पाइएको । |
| २.प्रभावकारिता | प्रभावकारी (ख) | दुर्गम २२ जिल्लामध्ये हाल १७ जिल्लामा आयोडिनयुक्त नूनको ढुवानी र वितरणको व्यबस्था गरिएको । दुर्गम जिल्लाहरुमा सुपथ मूल्यमा नूनको बिक्री वितरणको व्यबस्था गरेको भए पनि सहज पहुँच भने नरहेको । डिपोहरु सदरमुकाम केन्द्रित रहेको । केही जिल्लामा अस्थायी डिपो रहेपनि वितरण प्रणाली प्रभावकारी नरहेको । |
| ३.कार्यदक्षता | सामान्य कार्यदक्षता (ग) | लगानीको तुलनामा वितरण व्यबस्था प्रभावकारी नदेखिएको अधिकांश स्थानका डिपोहरुमा हप्ताको २ दिनमात्र वितरणको व्यबस्था गरिएको । वितरण व्यबस्था मितव्ययी र कुशल नदेखिएको । प्रति के.जी. रु.९।- मा बिक्री गरिएको ढुवानी अनुदानकोनूनको प्रति के.जी. लागत उपलब्ध हुन नसकेको । केन्द्रीय र स्थानीय दुबै अनुगमन प्रभावकारी हुन नसकेको । कार्यक्रमको छुट्टै कारोवार र लेखा नरहेको । |
| ४.प्रभाव | अति प्रभावित (क) | आयोडिनको कमीबाट उत्पन्न विकृतिहरु मध्ये गलगाँड सन् १९६५ मा ५५ प्रतिशत रहेकोमा सन् २००७ सम्ममा ०.४ प्रतिशतमा झरेको । अस्पताल तथा जनस्वास्थ्य कार्यालयको रेकर्ड तथा समूहगत छलफलको क्रममा पनि गलगाँड भएका व्यक्तिहरु नदेखिएको जानकारी एवं सूचना प्राप्त भएको । हाल आयोडिनको कमीले हुने रोग नदेखिएको । कण्ठरोग साथै लाटो, लठेब्रो, सुस्त मनस्थिति आदिमा समेत कमी आएको । जनस्वास्थ्यमा सकारात्मक प्रभाव परेको पाईएको । |
| ५.दिगोपना | दिगोपनापूर्ण (ख) | शुरुका २० वर्षमा भारत सरकारको पूर्ण सहयोगमा सञ्चालन भएको र बीचमा नेपाल सरकार र भारत सरकारको सहयोगमा सञ्चालित भएको । पछिल्ला वर्ष नेपाल सरकारको पूर्ण सहयोगमा सञ्चालन हुँदै आएको । अहिले पनि प्याकेजिङ्गमा भारत सरकारको सहयोग लिइरहनु परेको अवस्थाले दिगो व्यबस्थापन हुनसकेको पाईदैन । यसको वितरणमा साल्ट ट्रेडिङ्ग कर्पोरेशनको सहभागिता रहेको नेपाल सरकारको आफ्नै स्थानीय संयन्त्र नरहेको । अधिकांश डिपो कार्यालयहरु भाडामा रहेकोले संस्थागत दिगोपनाको अभाव रहेको । |

मूल्याङ्कनलाई प्रभावकारी तथा वस्तुनिष्ठ वनाउन मापनका आधारहरु तय गरिएको थियो जस्तै : अति सन्तोषजनक (क), सन्तोषजनक (ख), सामान्य सन्तोषजनक (ग) र असन्तुष्टी (घ) लाई आधार मानी समग्र निचोड तथा मूल्याङ्कन गरिएको छ । कार्यक्रमको सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव र दिगोपनाका आधारमा मूल्याङ्कन गर्दा यो कार्यक्रम सान्दर्भिकताको सवालमा अति सान्दर्भिक (क), प्रभावकारिताको सवालमा प्रभावकारी (ख), कार्यदक्षताका सवालमा सामान्य कार्यदक्षता (ग), प्रभावका सवालमा अति प्रभावित (क), र दिगोपनाको सवालमा दिगोपनापूर्ण (ख) भएको पाइयो । उक्त नतिजावाट समग्र कार्यक्रमको मूल्याङ्कन गर्दा सन्तोषजनक (ख) रहेको पाइयो ।

## ५. निष्कर्ष

यस कार्यक्रमको मूल्याङ्कनको क्रममा गरिएको स्थलगत अवलोकन, मुख्य जानिफकार व्यक्तिसँगको अन्तर्वार्ता, लक्षित समूहसंगको छलफल, कार्यक्रमका दस्तावेज अध्ययन र कार्यक्रमका कर्मचारीसँगको छलफल लगायतका आधारमा गरिएको अध्ययनवाट देहायको निष्कर्ष निकाल्न सकिन्छ ।

१) कण्ठरोग नियन्त्रण कार्यक्रमको समग्र प्रभाव सकारात्मक रहेको पाइएको छ । सञ्चालक समितिले निर्धारण गरेको प्रति व्यक्ति ६ के.जी. नून खपतको मापदण्ड र जनसंख्याको अनुपात बीच तालमेल नभए तापनि जिल्लास्थित जनस्वास्थ्य कार्यालय, अस्पताल र स्वास्थ्य चौकीहरुमा कण्ठरोगका विरामीहरु नदेखिएकोले यसलाई कण्ठरोग नियन्त्रण कार्यक्रमको सफलता मान्न सकिन्छ ।

२) नेपाल सरकारले लक्षित गरेको क्षेत्र, वर्ग र समुदायलाई सहज, सुलभ र सुपथ मूल्यमा आयोडिनयुक्त नूनको वितरण गर्ने लक्ष्यमा भने आंशिक प्रगति भएको पाइन्छ ।दुर्गमका २२ जिल्ला मध्ये १३ दुर्गम र बाँकी ९ जिल्लालाई आंशिक दुर्गम जिल्ला मानी सो भित्रका गा.वि.स.हरुलाई दुर्गम भनी राजपत्रमा तोकिएको भए पनि सो अनुसार नून वितरणको व्यवस्था हुन सकेको पाइदैंन ।नून वितरण सदरमुकाम केन्द्रित रहेकोलेयसलाई कार्यक्रमको उद्देश्य अनुरुप सहज र सुलभ बनाउन सकेको भने पाइएन ।

३) केहीदुर्गम जिल्लाहरुमा उप–डिपोको व्यवस्था गरी कोटा निर्धारण गरिएको भए पनि गोदाम र कर्मचारीको नियमित व्यवस्था हुन नसक्दा वितरण प्रक्रिया प्रभावकारी हुन सकेको छैन । अझै पनि दुर्गम क्षेत्रका गा.वि.स.सम्म नूनको पहुंच पुऱ्याउन सकिएको छैन । तथापि समग्र जिल्लामा आयोडिनयूक्त नूनको अभाव रहेको भने पाइएन ।

४) कार्यक्रम लागू भएका सबै दुर्गम जिल्लामा नून वितरण प्रणालीमा एकरुपता भएको पनि पाइएन । रुकुम, हुम्ला र अछाम जिल्लाका डिपोहरुबाट हप्ताको २ दिन मात्र नून वितरण गर्ने गरिएको पाइयो । सोलुखुम्बु र अछाममा स्थानीय सहकारीलाई पनि नून वितरणमा प्रयोग गरिएको पाइयो । तर अन्य जिल्लामा त्यस्तो नदेखिएको हुँदा दुर्गम गा.वि.स.मा नून वितरण प्रक्रियालाई प्रभावकारी बनाउन स्थानीय सहकारी तथा सामुदायिक संस्थालाई न्यूनतम लागतमा नून वितरण प्रक्रियामा प्रयोग गर्नु उपयुक्त हुने देखिन्छ । साथैनून वितरण प्रणालीलाई सहज र सुलभ बनाउन कम्तीमा दुर्गम क्षेत्रका गा.वि.स.स्तरमा हप्ताको ६ दिन पाउने सक्ने व्यबस्था गर्न सके लक्षित वर्गहरु लाभान्वित हुने देखिन्छ ।

५) दुर्गम जिल्लाका लागि आयोडिनयुक्त नून कोटा निर्धारण गर्दा जनसंख्याको अनुपातलाई आधार लिईएको देखिएन । जस्तैः हवाई मार्गबाट ढुवानी गर्नुपर्ने हुम्ला र डोल्पामा आवश्यकता भन्दा

दोब्बर परिमाणमा कोटा निर्धारण गरेको पाइयो भने अछाम, रोल्पा र गोरखा जिल्लामा जनसंख्याको अनुपातमा अत्यन्तै न्यून परिमाणमा कोटा निर्धारण गरिएको पाइयो ।

६) नूनको प्रयोग सम्बन्धमा जन चेतनाको स्तर पनि अत्यन्तै न्यून रहेको पाइयो । जस्तैः नूनलाई डब्बामा नराखी खुला रुपमा प्रयोग गर्ने गरिएको, नूनलाई अगेनाको छेउमा खुलै राखेर समेत प्रयोग गरिएको र कतिपय दुर्गम स्थानका उपभोक्ताहरुले आयो ब्राण्डको व्यापारिक प्रयोजनको नूनलाई मात्र आयोडिनयुक्त नूनको रुपमा बुझेका र भानु नूनलाई गाई वस्तुलाई खुवाउने र भारत सरकारको सहयोगकोनूनका रुपमा बुझ्ने गरेको समेत पाइयो ।

७) उच्च स्तरीय केन्द्रीय अनुगमन समिति, साल्ट ट्रेडिङ्गका अञ्चल कार्यालय र स्थानीय अनुगमन समितिबाट हुनुपर्ने अनुगमन नियमित हुन सकेको पाइएन । अनुगमनलाई छुट्टाइएको बजेट नतिजामूलक हुन नसकेको तथा समग्र अनुगमन प्रभावकारी हुन नसक्दा वितरण प्रणाली, कोटा निर्धारण, दुर्गम जिल्लाको पुनरावलोकन लगायतका कार्यहरु तथ्यपरक हुन सकेको पाइएन ।

## ६. सुझाव

कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने क्रममा गरिएको स्थलगत अवलोकन, समूहगत छलफल, जानिफकार व्यक्तिहरुसंग गरिएको अन्तरवार्ता र दस्तावेजको अध्ययनबाट देखिएको मूल्याङ्कन नतिजा, सवाल र निश्कर्षको आधारमा देहायका सुझावहरु प्रस्तुत गरिएको छ :

### ६.१ वितरण प्रणालीलाई सुलभ बनाउने

१. नूनको वितरण प्रणाली सदरमुकाम केन्द्रित भएको देखिएकोले हालको वितरण प्रणालीमा पुनरावलोकन गर्नुपर्ने देखिन्छ । सडक सञ्जालको विकास, यातायात सुविधा पुगेका जिल्ला सदरमुकामहरु तथा गा.वि.स.हरुको संख्यामा भएको बृद्धि समेतलाई आधार मानी नून वितरण प्रक्रियामा निजी क्षेत्र समेतलाई सहभागी गराउने र सदरमुकाम भन्दा टाढा रहेका र अन्य विकल्पहरु समेत उपलव्ध नभएका अति दुर्गम गाविसहरुको पुनरावलोकन गरी लक्षित वर्गमा सहज वितरणको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

२. वितरण प्रणालीलाई सहज र सुलभ बनाउन प्रत्येक गा.वि.स.स्तरमा गा.वि.स.लाई वा स्थानीय सहकारी वा सामुदायिक संस्थाहरुलाई सहभागी गराउन उपयुक्त देखिन्छ । अछाम र सोलुखुम्बुमा जस्तै अन्य जिल्लाहरुमा पनि सहकारीलाई प्रयोग गर्न उपयुक्त हुने देखिन्छ ।

३. नून वितरण प्रणालीलाई हप्ताको ६ दिन बनाउँदा दुर्गम क्षेत्रबाट आउने उपभोक्ताहरुलाई सजीलो हुने देखिन्छ, अतः कम्तीमा सरकारी समय वमोजिम हप्ताको ६ दिन डिपो खुला गरी नून बिक्री वितरण गर्नु उपयुक्त देखिन्छ ।

४. नून वितरण प्रक्रियामा संलग्न स्थानीय बितरण समिति (प्र.जि.अ.को संयोजकत्वमा रहने समिति) हरुलाई सक्रीय बनाउनुपर्ने । समितिले समय समयमा नूनको मौज्दात परीक्षण, कुन कुन क्षेत्रका उपभोक्ताहरुले नून खरिद गरेको, नूनको आवश्यकता अनुसारको कोटा निर्धारण, थप डिपोको सिफारिस र दुर्गम क्षेत्रमा सहज आपूर्ति गर्ने बैकल्पिक उपायहरुको व्यवस्था गर्नुपर्ने । यस कार्यमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वदायी र अन्य निकायहरुको सहजीकरण भूमिका जरुरी हुने देखिन्छ ।

### ६.२ जनसंख्याको आधारमा कोटा निर्धारण र एकीकृत भण्डारणको व्यवस्था गर्ने

१. जनसंख्याको अनुपातलाई आधार मानेर कोटा निर्धारण गर्नु उपयुक्त हुने देखिन्छ । यसो गर्न सकेको खण्डमा नूनको भण्डारणमा पनि सहजता आउने हुन्छ ।

२. आयोडिनयुक्त नून जनस्वास्थ्यको आधारभूत आवश्यकताभित्र पर्ने भएकोले यसको दीगो भण्डारणको व्यबस्था गर्नुपर्ने देखिन्छ । सोको लागि खाद्य संस्थानका खाली गोदामहरुलाई प्रयोग गर्ने वा खाद्य, नून तथा कृषि सामग्री (मल विउ) का लागि एकीकृत गोदाम भण्डारणको व्यबस्था गर्नु उपयुक्त हुन सक्दछ ।

३. सदरमुकाम केन्द्रित भण्डारण व्यबस्थालाई गा.वि.स.स्तरसम्म विस्तार गर्नुपर्ने देखिन्छ । यसका लागि गा.वि.स.को परिसरभित्र वा अन्य उपयुक्त सरकारी जग्गाहरुमा एकीकृत गोदाम निर्माण गर्नुपर्ने स्थिति रहेको छ ।

४. एकीकृत गोदाम निर्माण गर्दा ढुवानी लागत कम हुने गरी यातायातको सहज पहुँच भएका स्थानमा निर्माण गर्न उपयुक्त हुन्छ ।

### ६.३ नूनको प्रयोगसम्बन्धी चेतना अभिवृद्धि गर्ने

१. मानव स्वास्थ्यलाई ख्याल गरी आयोडिनयुक्त नूनको सही प्रयोगको लागि जनचेतनाका कार्यक्रमहरु संचालन गरिनुपर्छ । यसका लागि स्कुलका शिक्षक तथा विद्यार्थीहरु, सामाजिक परिचालकहरु र सहकारी तथा सामुदायिक संस्थाका सदस्यहरुलाई प्रयोग गर्दा प्रभावकारी हुन सक्दछ ।

२. सार्वजनिक संचार माधयमवाट पनि जनचेतना वढाउने कार्यक्रम तय गरी प्रशारण गर्नु गराउनु उपयुक्त हुन्छ ।

३. नूनमा भएको आयोडिनलाई प्रयोग अवधिभर संरक्षण गर्न लक्षित समूहका प्रत्येक परिवारलाई २ के.जी.को प्लास्टिकको वट्टा वितरण गरेको खण्डमा आयोडिनको सही सदुपयोग हुने देखिन्छ ।

### ६.४ अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने

कण्ठरोग नियन्त्रण कार्यक्रमको केन्द्र र स्थानीय स्तरमा नियमित अनुगमन गरी प्राप्त हुन आएका सूचना, जानकारी तथा सुझावको प्रयोग गरी कार्यक्रमलाई निरन्तर परिमार्जन तथा सुधार गर्नुपर्ने देखिन्छ । नेपाल सरकारले कण्ठरोग नियन्त्रण कार्यक्रमको अनुगमनका लागि छुट्याएको बजेटबाट नियमित अनुगमन गरी प्राप्त प्रतिबेदन र अभिलेखनलाई व्यबस्थित गर्नुपर्ने देखिन्छ । यसका लागि केन्द्रीय स्तरमा रहेको अनुगमन समिति र स्थानीय स्तरमा रहेको अनुगमन समितिलाई सक्रीय र प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

### ६.५ समयमै ढुवानी गर्ने

नूनको ढुवानी गर्दा स्थान बिशेषका आधारमा उपयुक्त समयमा सबै परिमाणहरु ढुवानी गरिसक्नुपर्ने देखिन्छ (*हिमाली जिल्लामा वर्षा र हिउँपर्ने समय अगावै र पहाडी जिल्लामा बर्षाको समय अगावै ढुवानी हुनुपर्ने*)। ढुवानी लागत न्यून गर्न सदरमुकाम पुग्नु अगावैका वाटोमा पर्ने उप–डिपो क्षेत्रहरुमा वितरण गर्नुपर्ने नूनको परिमाण अनलोड हुने व्यबस्था मिलाउनुपर्ने । यसले ढुवानीको दोहोरो लागतलाई समेत न्यून गर्दछ ।

**६.६ डिपोहरूलाई पहुँचयोग्य बनाउने**

आयोडिनयुक्त नून वितरणमा लक्षित समूहको पहुँचलाई सुनिश्चित गरी सहज र सरल बनाउन दुर्गम गा.वि.स.हरुमा उप-डिपोहरु खोल्नुपर्ने देखिन्छ । यसका लागि माथि सुझाए अनुसार गा.वि.स., सामुदायिक तथा सहकारी संस्थाहरुलाई प्रयोग गर्न सकिन्छ । वितरण प्रणालीलाई सहज बनाउन हाल केही जिल्लाहरुमा मात्र रहेका उप–डिपोहरुलााई दुर्गम क्षेत्रको आधारमा विस्तार गर्नुपर्नेदेखिन्छ । (*कम्तीमा एक दिनको पैदल यात्राको दूरीमा पर्नेगरी खोल्नुपर्ने, हाल चार दिनसम्मको यात्रा दूरीमा रहेकाछन्, जस्तैः रुकुम, हुम्ला, मुगुआदि जिल्ला*)। खाद्य संस्थानका डिपो भएका स्थानमा उनीहरुसँग समन्वय गरी तत् तत् स्थानमा नूनको डिपो अविलम्व खोल्नुपर्ने देखिन्छ ।

**६.७दीगोपनाको सुनिश्चित्ता गर्ने**

नून अत्यावश्यक आयातित बस्तु भएकोले यसको दिगो भण्डारण र वितरणको व्यबस्था हुनु उपयुक्त हुने देखिन्छ । आयोडिनयुक्त नून नियमित उपभोग गर्ने बस्तु भएकोले यसको दिगो व्यबस्थापन गर्न स्थायी संयन्त्रतर्फ पनि ध्यान दिनुपर्ने देखिन्छ । यसका लागि नेपाल सरकारको साल्ट ट्रेडिङ्ग अलावा आफ्नो छुट्टै स्थानीय संयन्त्र बनाउनुपर्ने वा भैरहेको संयन्त्रलाई नून वितरणमा समेत प्रयोग गर्न सकिन्छ । नून वितरण प्रक्रियालाई सरल, सुलभ र प्रभावकारी बनाउन जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिको भूमिकालाई जिम्मेवारी सहित थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

# परिच्छेद १
# मूल्याङ्कनको परिचय

### १.१ पृष्ठभूमि
राष्ट्रिय योजना आयोगबाट प्रत्येक वर्ष केही छानिएका कार्यक्रम तथा आयोजनाहरुको स्वतन्त्र मूल्याङ्कनकर्ताहरुबाट र आ.व. २०७१।७२ देखि स्वयं आयोगबाटसमेत आन्तरिक मूल्याङ्कन गर्न शुरु गरिएको छ । चालू आ.व.मा आन्तरिक मूल्याङ्कन गर्न छनौट भएका आयोजना वा कार्यक्रममध्ये कण्ठरोग नियन्त्रण कार्यक्रम छनौटमा परेको छ । यो कार्यक्रम वि.सं. २०३२ देखि नेपाल सरकार तथा भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा १३ वटा दुर्गम तथा ९ आंशिक दुर्गम गरी २२ जिल्लामा सञ्चालन हुँदै आएको हो । बार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही आपूर्ति मन्त्रालयमा रहने संचालक समितिवाट प्राप्त कार्यादेशका आधारमा नून ढुवानी तथा वितरणको कार्य साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.मार्फत निरन्तर रुपमा हुँदै आइरहेको छ । यो कार्यक्रमको हालसम्म तेश्रो पक्ष तथा आन्तरिक रुपमा समेत मूल्याङ्कन हुन नसकेकोले आयोग स्वयंवाट यो आन्तरिक मूल्याङ्कन गरिएको हो ।

### १.२ मूल्याङ्कनको उद्देश्य
यस मूल्याङ्कनको मुख्य उद्देश्य कण्ठरोग नियन्त्रण कार्यक्रमको औचित्य, प्रभावकारिता, प्रभाव, कार्यदक्षता र दीगोपनाको लेखाजोखा गर्नु रहेको छ । साथै अन्य उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

क) कार्यक्रमको तर्जुमा, नून ढुवानी अनुदान र वितरण प्रक्रियाबारे मूल्याङ्कन गर्नु ।
ख) कार्यक्रमले स्थानीय जनतालाई आयोडिनयुक्त नूनको पहुँच बृद्धि गर्न पुऱ्याएको योगदान वारे मूल्याङ्कन गर्नु ।
ग) कार्यक्रमको कार्यान्वयन प्रक्रिया तथा कार्य सम्पादनस्तर मूल्याङ्कन गर्नु ।
घ) भविष्यमा अपनाउनु पर्ने नीति, योजना तथा कार्यक्रमलाई सहयोग पुग्ने सिकाईको खोजी गर्नु ।

### १.३ मूल्याङ्कनको कार्यक्षेत्र
यस मूल्याङ्कनले कार्यक्रमका निम्न पक्षहरुलाई समेट्ने प्रयास गरेको छ :

**क.सान्दर्भिकता:** राष्ट्रिय र स्थानीय स्तरमा कार्यक्रमको सान्दर्भिकता सम्बन्धमा निम्न विषयमा अध्ययन गर्ने:

- कार्यक्रमको कार्यान्वयन प्रक्रियाको उपयुक्तता र सान्दर्भिकता सम्बन्धी मूल्याङ्कन गर्ने ।
- कार्यक्रम सरकारी नीति तथा प्राथमिकतासंग मेल खान्छ कि खांदैन ?
- भौगोलिक क्षेत्र र जनसंख्याका आधारमा कार्यक्रमको उपयुक्ततासम्बन्धी अध्ययन गर्ने ।

**ख. प्रभावकारिता** : निम्न बुँदामा केन्द्रित रही कार्यक्रमको प्रभावकारिता अध्ययन गर्ने :

- कार्यक्रमले तय गरेका उद्देश्यहरु हासिलभए कि भएनन्?
- कार्यक्रमले निर्धारित लक्ष्य अनुसारको भौगालिक क्षेत्र र जनसंख्यालाई आयोडिनयुक्त नून उपलब्ध गराउन सक्यो कि सकेन ?
- कार्यक्रमले उपलब्ध गराउने आयोडिनयुक्त नून वितरणको निरन्तरता र आवश्यकता अनुसार उपलब्धताको अवस्था कस्तो छ ?

- उपलब्ध नूनको गुणस्तर कस्तो छ ?

**ग. कार्यदक्षता :** कार्यक्रमको कार्यदक्षता सम्बन्धमा निम्न कुराहरुको अध्ययन गर्ने :

- कार्यक्रम निर्धारित लागत र समयमा सम्पन्न भयो कि भएन ?
- कार्यक्रमको लागि बिनियोजित रकम निर्धारित समयमा निकासा भयो कि भएन ?
- कार्यक्रमको लागत प्रभावकारिताको बिश्लेषण गर्ने ।

**घ. प्रभाव :** कार्यक्रमका निम्न प्रभाबहरुको अध्ययन गर्ने :

- कार्यक्रमले कण्ठरोग नियन्त्रणमा पारेको प्रभाव कस्तो छ ?
- आयोडिनको कमीले हुने रोगहरुको अवस्था कस्तो छ ?
- आयोडिनयुक्त नूनको उपभोगले मानव स्वास्थ्यमा पारेको प्रभाव । (गलगाँड, सुस्त मनस्थिति, लाटो लठ्यौरो आदि) के छ ?

**ङ. दिगोपना:**कार्यक्रमको दिगोपनाका विषयमा निम्न पक्षको अध्ययन गर्ने :

- कार्यक्रमको आर्थिक दिगोपना कस्तो छ ?
- लक्षित भौगालिक क्षेत्र र जनतामा बितरणको दिगोपना कस्तो छ ?
- ढुवानी, भण्डारण र वितरण पक्षको दिगोपना कस्तो छ ?

### १.४ मूल्याङ्कन विधि

यस कार्यक्रमको मुल्याङ्कन विधि प्राथमिक सूचना संकलन विधि र द्वितीय सूचना संकलन विधिवाट गरिएको छ । जसलाई देहाय वमोजिम प्रस्तुत गरिएकोछ ।

### १.४.१ प्राथमिक सूचना संकलन विधि

प्राथमिक सूचना सङ्कलन विधि अन्तर्गत गुणात्मक सूचना संकलन गरिएको छ । यस अन्तर्गत लक्षित समूह छलफल, मुख्य जानिफकारहरुसंगको अन्तर्वार्ता, र स्थलगत अवलोकन मूल्याङ्कन विधिको अवलम्बन गरिएको छ ।

#### १.४.१.१ लक्षितसमूह छलफल

बिभिन्न क्षेत्र तथा वर्गको प्रतिनिधित्व हुनेगरी छनौट गरिएका १० देखि १२ जना संलग्न भएको स्थानीय वासिन्दाहरु (उपभोक्ता, राजनीतिक दलका प्रतिनिधिहरु, गा.वि.स.का सचिवहरु, स्वास्थ्यकर्मीहरु र पत्रकारहरु) सँग चेकलिष्टका आधारमा कार्यक्रमका विभिन्न पक्षहरुको बारेमा छलफल गरी गुणात्मक सूचनाहरु संकलन गरिएको छ ।

#### १.४.१.२ जानिफकारसंगको अन्तरवार्ता

चेकलिष्टका आधारमा कार्यक्रमसँग आवद्ध तथा जानिफकारहरु (जस्तैः राष्ट्रिय योजना आयोग, साविक वाणिज्य तथा आपूर्ति मन्त्रालय (हाल आपूर्ति मन्त्रालय), साल्ट ट्रेडिङ कर्पोरेशनका पदाधिकारीहरु, वितरण समितिका पदाधिकारीहरु, डिपो कार्यालयका कर्मचारीहरु, उपभोक्ता समूहका प्रतिनिधिहरु, स्थानीय राजनैतिक दलका प्रतिनिधिहरु आदि) संग अन्तरवार्ता गरी सूचना संकलन गरिएको छ।

#### १.४.१.३ स्थलगत अवलोकन

कार्यक्रमको मूल्याङ्कनका लागि हाल कार्यक्रम संचालन भएका १७ जिल्लामध्ये ७ जिल्लाहरुलाई नमूना छनौट गरी उक्त जिल्लाहरुको स्थलगत अवलोकन गरिएको छ । त्यस क्षेत्रको बस्तुस्थिति झल्कने

सूचना तथा तस्विरहरु समेत संकलन गरिएको छ । नूनको उपलब्धता, मूल्य, वितरण प्रणाली, सोको प्रयोग गर्ने तरिका आदि विषयमा आम उपभोक्ता, स्थानीय व्यबसायी, होटल तथा व्यापारीहरुसंग स्थलगत रुपमा समेत बुझी सूचना संकलन गरिएको छ ।

### १.४.२ द्वितीय सूचना सङ्कलन

द्वितीय सूचना संकलन विधि अन्तरगत कार्यक्रमसंग सम्बन्धित बिभिन्न दस्ताबेजहरुबाट आवश्यक सूचना, जानकारी र तथ्याङ्क संकलन गरिएको छ । कार्यक्रमसँग सम्वन्धित देहाय वमोजिमका दस्ताबेजहरु अध्ययन गरी कार्यक्रमको उद्देश्य अनुसार लगानीको अनुपातमा प्रतिफल प्राप्त भयो कि भएन भन्ने बिषयमा बिश्लेषण गरिएको छ :

#### १.४.२.१. दस्तावेज अध्ययन

कार्यक्रमको मूल्याङ्कन गर्ने क्रममा द्वितीय सूचनाको रुपमा कार्यक्रमसँग सम्वन्धित दस्ताबेजहरुको अध्ययन गरिएको छ । तीमध्येकण्ठरोग नियन्त्रण कार्यक्रमको दस्ताबेज, नेपाल सरकार (म.प.) को मिति २०५६/११/१९ को निर्णयानुसार कण्ठरोग नियन्त्रण कार्यक्रम सञ्चालन समितिको गठन सम्बन्धी आपूर्ति मन्त्रालयको मिति २०५६/११/२५ को पत्र, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०५८/१/१९ को कार्यक्रम सञ्चालन समिति हेरफेर गरेको पत्र, नेपाल राजपत्र भाग ३ मिति २०६३/१०/२८ खण्ड ५६ अतिरिक्तांक ६१क १ को राजपत्र, कार्यक्रम लागू भएका जिल्लाहरुको विगत ६ वर्षको भौतिक तथा वित्तीय प्रगति विवरण (अनुसूचीमा संलग्न छ), महालेखा परीक्षकको कार्यालयले कण्ठरोग नियन्त्रण कार्यक्रमको लेखा परीक्षण गरिदिएको प्रतिबेदन आदिको अध्ययन गरिएको छ ।

यसका अतिरिक्त नेपाल सरकार र भारत सरकारबीच भएको MOU , NMICS 2014, NDHS 2011 र National Survey and Impact Study for Iodine Deficiency Disorders (IDD) and Availability of Iodized Salt in Nepal 2007,आवधिक योजनाका दस्तावेजहरु, वार्षिक विकास कार्यक्रम तथा बजेट, तेहौं योजनाको नतिजा खाका, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.का आवधिक प्रगति प्रतिवेदनहरुको समेत अध्ययन गरिएको छ ।कार्यक्रमसंग सम्बन्धित उपलब्ध भएसम्मका उल्लेखित दस्ताबेजहरुको अध्ययनबाट प्राप्त केही प्रमुख तथ्यहरु देहाय अनुसार रहेका छन् :

नेपाल सरकार,आपूर्ति मन्त्रालयले साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. मार्फत तोकिएका जिल्लाहरुमा ढुवानी अनुदानमा नून वितरण गर्ने कार्य गर्दै आइरहेको छ । आम उपभोक्ताहरुको आवश्यकतानुसार आयोडिनयूक्त नूनको आपूर्ति व्यवस्था मिलाई आयोडिनको कमीबाट मानव स्वास्थ्यमा हुने खरावीहरुलाई निर्मूल पार्ने उद्देश्ययो कार्यक्रमले लिएकोदस्तावेजको अध्ययनवाट देखिन्छ ।

आ.ब. २०३१/३२ देखि सञ्चालित यस कार्यक्रममा सुरुवाती वर्षहरुमा भारत सरकारको सहयोग केही उल्लेख्य रहेको भए तापनि पछिल्लो समयमा सहयोग कम हुँदै गई नेपाल सरकारको आफ्नै स्रोतमा सञ्चालन हुँदै आएको छ । वि.सं.२०५१ सालसम्म पूर्ण रुपमा भारत सरकारको सहयोगमा सञ्चालन हुंदै आएको भए पनिपछिल्ला वर्षहरुमा नेपाल सरकारले संचालन गर्दै आएको।

आ.व. २०६७/६८ को महालेखा परीक्षकको प्रतिबेदन अनुसार छुट्टै आर्थिक कारोवार र लेखा नरहेकोले कार्यक्रमको यर्थाथ आम्दानी र खर्च स्पष्ट छैन । नून ढुवानीको प्रगतिलाई आवश्यकतासंग तुलना गर्दा ४८.५३ प्रतिशतमा मात्र यो सुबिधा उपलब्ध रहेको देखिन्छ । आ.व. २०६९/७० को प्रगति विवरण हेर्दा कार्यालयले तयार गरेको लागत अनुमान यथार्थ हुन सकेको पाइएन । साथै खरिद इकाईको गठन र खरिद योजना तयार नगरेको देखिन्छ । साथै कोटा पुनरावलोकन हुन नसकेको, बोलपत्र मूल्याङ्कन समिति गठन नभएको, ठेक्का पट्टामा मिलेमतो हुने गरेको समेत प्रतिबेदनमा औंलाएको पाइयो । आ.व.

२०६९/७० मा भारत सरकारबाट प्राप्त भएको अनुदान सहायता रु.२ करोड २५ लाख आर्थिक विवरणमा समाबेश गरेको नपाइएको । उक्त रकम स्वीकृत कार्यक्रम अनुसार खर्च भए नभएको सम्वन्धमा मन्त्रालयबाट सो कार्यको लेखा परीक्षण प्रतिबेदन लिई अनुगमन, निरिक्षण तथा मूल्याङ्कन समेत गरी प्रतिबेदन तयार गर्ने गरेको देखिएन ।

### १.४.३ सूचना प्रशोधन र विश्लेषण विधि

प्राथमिक तथा द्वितीय तथ्याङ्क सङ्कलन विधिवाट प्राप्त हुन आएका सूचना, जानकारी तथा तथ्याङ्कहरुको प्रशोधन र विश्लेषण गरी निम्नानुसारको नतिजामा प्रस्तुत गरिएको छ :

**तालिका १ः मूल्याङ्कनको विषय क्षेत्र तथा सूचकहरू**

| क्रस | निर्णयाधार | स्तरीकरण |
|---|---|---|
| १. | सान्दर्भिकता | (क) अति सान्दर्भिक (ख)सान्दर्भिक (ग)सामान्य सान्दर्भिक (घ) सान्दर्भिक नभएको |
| २. | प्रभावकारिता | (क)अति प्रभावकारी (ख)प्रभावकारी (ग)सामान्य प्रभावकारी (घ) प्रभावकारी नभएको |
| ३. | कार्यदक्षता | (क) अति कार्यदक्षतापूर्ण (ख) कार्यदक्षता (ग)सामान्य कार्यदक्षता (घ) कार्यदक्षता नभएको |
| ४. | प्रभाव | (क) अति प्रभावित (ख) प्रभावपूर्ण (ग) सामान्य प्रभाव (घ) कुनै पनि प्रभाव नपरेको |
| ५. | दीगोपना | (क) अति दिगोपना भएको (ख) दिगोपनापूर्ण(ग)सामान्य दिगोपन (घ) दिगोपन नभएको |

माथि कार्य तालिका १ मा प्रस्तुत भए बमोजिमका मूल्याङ्कनका पाँच मापदण्डमा सीमित रही यो मूल्याङ्कन सम्पन्न गरिएको छ । तलका सात जिल्लामासूचनाको संकलन गरी सोको विवरणात्मक र व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका नं २ः मूल्याङ्कन अध्ययनका लागि छनौट भएको जिल्लाहरू**

| सि.नं. | प्रदेश नं. | जिल्ला | जिल्ला संख्या |
|---|---|---|---|
| १ | एक (१) | सोलुखुम्बु | १ |
| २ | पाँच (५) | रुकुम र रोल्पा | २ |
| ३ | छ (६) | मुगु र हुम्ला | २ |
| ४ | सात (७) | अछाम, बाजुरा | २ |
| | | **कुल जम्मा** | **७** |

यो कार्यक्रम दुर्गम क्षेत्रका २२ जिल्ला (हाल १७ जिल्ला) मा सञ्चालित कार्यक्रम भएकोले उक्त जिल्लामध्ये तालिका नं. २ मा उल्लेखित प्रदेश नं. १, ५, ६ र ७ बाट क्रमश: १, २, २ र २ गरी जम्मा ७ वटा जिल्लाहरुलाई नमूना छनौट गरी उपभोक्तासँगको छलफल, मुख्य जानिफकारसंगको अन्तरवार्ता, स्थलगत अवलोकन र दस्तावेजहरुकोअध्ययन गरिएको छ ।प्रदेश नं. २ र ३ मा कार्यक्रम सञ्चालन भएका दुर्गम जिल्लाहरु नरहेकाले ती प्रदेशहरु मूल्याङ्कन अध्ययनमा समेटिएको छैन ।

### १.५सूचना तथा तथ्याङ्क विश्लेषण

सङ्कलन गरिएका सूचना तथा तथ्याङ्कहरु सही रहे/नरहेको कुरा द्वितीय स्रोतबाट प्राप्त सूचना तथा तथ्याङ्कहरु एवंसरोकारवालासंगको छलफल र स्थलगत अवलोकनबाट प्राप्त सूचनाको त्रिकोणात्मक विधिबाट विश्लेषण गरिएको छ । प्राप्त विश्लेषणका आधारमा मूल्याङ्कन नतिजा निकालिएको छ ।

### १.६ मूल्याङ्कनको सीमा

मूल्याङ्कनका सीमाहरु निम्न अनुसार रहेका छन् :

- यो मूल्याङ्कन गुणात्मक सूचना संकलन र दस्तावेजहरुको अध्ययनबाट मात्र गरिएकोले उपभोक्ताहरुको सन्तुष्टिको स्तर मापन गर्न सकिएको छैन ।
- कार्यक्रम सम्बद्ध छुट्टै लेखा राखेको नपाइएकोले लागत बिश्लेषण लगायतका कार्यदक्षताका सम्बन्धमा ठोस अध्ययन तथा विश्लेषण गर्न सकिएको छैन ।

### १.७ मूल्याङ्कनकर्ताको विवरण

कार्यक्रमको मूल्याङ्कनका लागि २०७२ मंसिरमा आधारभूत तालिम तथा २०७२ पुषदेखि फागुनसम्म स्थलगत सर्वेक्षण, सूचना तथा तथ्याङ्क संकलन गरिएको थियो । साथैतथ्याङ्क प्रशोधन र विश्लेषण तथा प्रतिवेदन लेखनसम्वन्धी तालिम पनि दिइएको थियो । मूल्याङ्कन कार्यमा राष्ट्रिय योजना आयोगको सचिवालयमा कार्यरत कर्मचारीहरुमध्ये कार्यक्रम निर्देशकहरुरामप्रसाद आचार्य, श्यामप्रसाद भण्डारी,गोकुल खड्का र अर्जुन निरौला, योजना अधिकृतहरुमध्ये राजुप्रसाद पौडेल, अनुप के.सी., निरञ्जन ज्ञवाली, केशव श्रेष्ठ, जमुना मिश्र, मीनादेवी श्रेष्ठ, राजन भट्टराई, टा.ना.सु. केदार तण्डुकार रसाल्ट ट्रेडिङ्ग कर्पोरेशनमा कार्यरत कर्मचारीहरुमध्ये प्रवन्धकरामचन्द्र महतो, सहायक प्रवन्धक कृष्ण कुमार शाक्य, र अधिकृत शर्मिला शाक्यसहभागी भईमूल्याङ्कनगरिएको छ ।

# परिच्छेद २
# कण्ठरोग नियन्त्रण कार्यक्रमको परिचय

**२.१ पृष्ठभूमि**

नेपाल सरकारद्वारा तोकिएका २२ जिल्लाहरुमा साविक वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत कण्ठरोग नियन्त्रण कार्यक्रम अन्तर्गत आयोडिनयुक्त नून ढुवानीमा अनुदान दिईसाल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.बाट नून ढुवानी तथा वितरण हुँदै आइरहेको छ । आम उपभोक्ताहरुको आवश्यकतानुसारको आयोडिनयूक्त नून ढुवानीको आपूर्ति ब्यवस्था मिलाई आयोडिनको कमीबाट हुने कण्ठरोग, लाटो, लठ्येब्रो, सुस्त मनस्थिति, पढाईमा कमजोरी, गर्भ तुहिने, वामपुड्के, बहिरा, लुलो आदि मानव स्वास्थ्यमा देखिने खरावी तथा समस्याहरुलाई निर्मूल पार्ने उद्देश्यले कण्ठरोग नियन्त्रण कार्यक्रम निरन्तर रुपमा संचालन हुंदै आइरहेको छ ।

आ.ब. २०३१/३२ देखि सञ्चालित यस कार्यक्रममा सुरुवाती वर्षहरुमा भारत सरकारको सहयोग केही उल्लेख्य रहेको भएता पनि पछिल्लो समयमा भारत सरकारको सहयोग कम हुँदै गई नेपाल सरकारको उलेख्य सहयोगमा कार्यक्रम सञ्चालन हुँदै आएको देखिन्छ । वि.सं.२०५१ सालसम्म भारत सरकारको सहयोगमा सञ्चालन हुँदै आएको यस कार्यक्रम त्यसपछि पनि समय समयमा भारत सरकारको सहयोग प्राप्त भई नेपाल सरकारले संचालन गर्दै आएकोछ ।

**२.२ उद्देश्यहरू**

यस कार्यक्रमको उद्देश्य निम्न बमोजिम रहेका छन् :

- देशका २२ दुर्गम जिल्लाहरुमा कण्ठरोग नियन्त्रणको लागि आयोडिनयुक्त नूनको ढुवानी र बितरणको ब्यबस्था गर्ने ।
- देशका २२ दुर्गम जिल्लाहरुमा सहज, सरल र सुपथ मूल्यमा आयोडिनयुक्त नूनको बिकी बितरणको ब्यबस्था गर्ने ।

**२.३ कार्यक्षेत्र**

नेपाल सरकार, साविक वाणिज्य तथा आपूर्ति मन्त्रालयले साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.मार्फत उल्लेखित २२ दुर्गम जिल्लाहरु (हाल १७ जिल्ला) मा कण्ठरोग नियन्त्रण कार्यक्रम अन्तर्गत नून ढुवानी र वितरणको कार्य निरन्तर रुपमा गर्दै आइरहेको छ । जिल्लाहरुको नाम अनुसूचिमा संलग्न छ । वि.सं.२०६८को जनगणनानुसारउल्लेखित जिल्लाका करीव २२,६८,६९१ जनसंख्यालाई आयोडिनयुक्त नून ढुवानी र वितरण गर्ने गरी साल्ट ट्रेडिङ्ग कर्पोरेशनले कार्य गरिरहेको छ ।

**२.४ संस्थागत व्यवस्था**

कण्ठरोग नियन्त्रण कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गर्नका लागि देहायको संस्थागत व्यवस्था रहेको पाईयो ।

**क) संचालक समिति**

केन्द्रीय तहमा तत्कालिन श्री ५ को सरकार (म.प.)कोमिति २०५६/११/१९तथा मिति २०५८/१/१३ को निर्णय अनुसार निम्न अनुसारको कण्ठरोग नियन्त्रण कार्यक्रम संचालन समिति रहेको छ :

| | | |
|---|---|---|
| १. | उद्योग, बाणिज्य तथा आपूर्ति सचिव वा निजको अनुपस्थितिमा मन्त्रालयको योजना तथा सूचना व्यवस्थापन महाशाखाका सह-सचिव | अध्यक्ष |
| २. | साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड, महाप्रबन्धक | सदस्य |
| ३. | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयको आर्थिक प्रशासन शाखाका प्रमुख | सदस्य |
| ४. | कण्ठरोग नियन्त्रण कार्यक्रम हेर्ने साल्ट ट्रेडिङ्ग कर्पोरेशनका व्यवस्थापक | सदस्य |
| ५. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका बजार अनुगमन, आपूर्ति व्यबस्थापन तथा उपभोक्ता हित शाखाका उप-सचिव | सदस्य सचिव |

समितिका कार्यहरु निम्नानुसार रहेका छन् :
१.कार्यक्रमको वार्षिक कार्यक्रम तयार गरी राष्ट्रिय योजना आयोगमा पेश गर्ने ।
२. स्वीकृत कार्यक्रमको मूल्याङ्कन तथा अनुगमन गर्ने ।
३. आर्थिक कारोवार सम्बन्धी स्वीकृति दिने ।
४. कार्यान्वयन गर्ने निकायबाट खर्चको फाँटवारी तयार गराइ म.ले.प.को विभागबाट ले.प. गराउने र
५. प्रगति समिक्षा लागि ब्ववस्थापन समेत मिलाउने ।

उल्लेखित समितिले नेपाल राज्यभर कम्तीमा ६ महिनालाई पुग्ने नूनको मौज्दात राख्न लगाउने, नेपाल सरकारले तोकेका दुर्गम जिल्लाहरुमा ढुवानी अनुदानमा वितरण गरिएको नूनको मूल्यमा बराबर निगरानी कायम राख्ने, यस कार्यक्रमको लागि मित्र राष्ट्रले दिएको सहयोग अद्यावधिक गरिराख्ने, नूनको अवाञ्छित मूल्य बृद्धि रोक्ने एवं गुणस्तरीय नूनको आपूर्ति गर्ने, नूनको लागतको आधारमा बिक्री मूल्य सिफारिस गर्ने तथा अनुदानमा ढुवानी भएको नूनहरु लक्षित वर्गहरुमा पुऱ्याउने जस्ता कार्यभार रहेका छन् ।

**ख)अनुगमन समितिहरू**

**१. केन्द्रीय स्तरमाः**
नेपाल सरकारले आयोडिनयुक्त नूनको सहज आपूर्तिका लागि ढुवानी, भण्डारण, वितरण प्रणाली लगायतका कार्यमा अनुगमन तथा मूल्याङ्कन गर्न केन्द्रीय स्तरमा एक उच्चस्तरीय अनुगमन समिति गठन गरेको छ । यस समितिमाबाणिज्य तथा आपूर्ति मन्त्रालय (हाल आपूर्ति मन्त्रालय) का आपूर्ति हेर्ने सह-सचिवसंयोजक रहने व्यवस्था छ । साथै सदस्यहरुमाअर्थ मन्त्रालय सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सहसचिव, राष्ट्रिय योजना आयोगको सह-सचिव, बाणिज्य तथा आपूर्ति ब्यबस्थापन बिभागका महानिर्देशक, खाद्य प्रबिधि तथा गुण नियन्त्रण बिभागका महानिर्देशक, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडका महाप्रबन्धक र सदस्य सचिवमा बाणिज्य तथा आपूर्ति मन्त्रालयका आपूर्ति हेर्ने उपसचिव रहने व्यवस्था रहेकोछ ।

**२. जिल्ला स्तरमाः**
त्यसैगरी जिल्ला स्तरमा नूनको भण्डारण तथा वितरण सम्वन्धी कार्यलाई व्यवस्थित गर्न एक अनुगमन तथा वितरण समिति रहने व्यवस्था गरिएको छ, जसमा प्रमुख जिल्ला अधिकारी अध्यक्ष, स्थानीय विकास अधिकारी, प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय र साल्ट ट्रेडिङ्गका डिपो प्रमुख सदस्य रहने व्यवस्था देखिन्छ ।साथै कार्यक्रमका तोकिए वमोजिमका उद्देश्य हासिल भए नभएका सम्वन्धमा नेपाल सरकारबाट गठित समितिहरु, कर्पोरेशनको केन्द्रिय तथा अंचल कार्यालय र सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुबाट समेत समय समयमा अनुगमन गर्ने व्यवस्था रहेको छ ।

**ग)साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.**

यस कण्ठरोग नियन्त्रण कार्यक्रमको संचालन साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.बाट भैरहेको छ । मुलुकभित्रको आयोडिनयुक्त नूनको कारोबार यहि संस्थाबाट हुँदै आएको छ । कर्पोरेसनले नूनको आपूर्ति व्यवस्थालाई हालसम्म अभाव हुन दिएको छैन । नेपाल सरकारले कम्तीमा छ महिनासम्मका लागि नूनको मौज्दात राख्नुपर्ने निर्देशनलाई कर्पोरेशनले पूरा गर्दै आइरहेको छ । अनुदानको रकम र कार्यक्रमको स्वीकृतीरा.यो.आ.बाट गराई कार्यक्रम सञ्चालन हुँदै आएको छ । कार्यक्रमको ढुवानी खर्च र मूल्य अनुसारको रकमको हिसाव साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.ले अध्यावधिक राखी म.ले.प.बाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ ।

**२.५ कार्यक्रम अन्तर्गतका क्रियाकलाप तथा प्रक्रियाहरू**

**२.५.१ नून ढुवानीटेण्डर प्रक्रिया**

सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावलीलाई मुख्य आधार मानी कर्पोरेशनको आर्थिक विनियमको परिधिभित्र रही नून ढुवानीका लागि बोलपत्र आव्हान गर्ने र प्राप्त बोलपत्रहरुलाई देहाय बमोजिमकाप्रक्रियावमोजिम कार्यान्वयन गर्ने गरिन्छः

- सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम नून ढुवानी बोलपत्र सूचना प्रकाशित गरिने ।
- केन्द्रीय कार्यालयमा वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रतिनिधि र साल्ट ट्रेडिङ्ग कर्पोरेशनको अंचल कार्यालय, शाखा कार्यालयहरुमा जिल्ला प्रशासन कार्यालयका प्रतिनिधिको रोहवरमा नियमानुसार बोलपत्र खोलिने प्रक्रिया रहेको ।
- अंचल कार्यालय र शाखा कार्यालयहरुमा खोलिएको बोलपत्रका सम्पूर्ण सक्कल कागजात केन्द्रीय कार्यालयमा मगाउने प्रक्रिया रहेको ।
- प्राप्त बोलपत्र अनुसार ढुवानीकर्ताहरुको तुलनात्मक विवरण तयार गरी स्वीकृत बजेटको परिधिभित्र रहेका न्यूनतम दर भएका ढुवानीकर्ताको बोलपत्र कर्पोरेशनको प्रमुखबाट स्वीकृत गराइने ।
- कुनै कुनै वर्ष स्वीकृत दरभन्दा १०% सम्मको बढी दररेट भएका ढुवानीकर्ताको हकमा मन्त्रिपरिषदको मिति २०५६।११।१९को निर्णय अनुसार गठित कण्ठरोग नियन्त्रण कार्यक्रम संचालन समितिबाट सहमति र कानूनी प्रक्रिया पुऱ्याई कर्पोरेशनको अर्थ समितिमा पेश गरी स्वीकृत गर्ने गरिएको छ ।
- बोलपत्र स्वीकृत भएपछि नियमानुसार कर्पोरेशन र ढुवानीकर्ताबीच आयोडिनयुक्त भानु नून ढुवानी कार्य गर्न मासिक तालिका छुट्याई ढुवानी सम्झौता गर्ने गरिएको ।
- जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति र कर्पोरेशनको जिल्लास्थित डिपोका कर्मचारी प्रतिनिधिको रोहवरमा ढुवानी भएको नून बुझ्ने र सो नून बुझेको प्रमाणित कागजात प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित गरेपछि ढुवानीकर्तालाई ढुवानी भाडा उपलव्ध गराइनें।

**२.५.२ नून वितरण**

**क) डिपोः**

कार्यक्रमलाई प्रभावकारी वनाउन आपूर्ति मन्त्रालय अन्तर्गत रहेको संचालक समितिले गरेका निर्णयलाई कार्यान्वयन गर्न साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडलाई जिम्मेवारी तोकिएको देखिन्छ ।

कर्पोरेशनले आफूलाई तोकिएको जिम्मेवारी पूरा गर्न आफ्ना अञ्चल कार्यालय मार्फत जिल्लास्थित डिपो कार्यालयहरुवाट नून वितरणका कार्यहरु हुंदै आएका छन् । कार्यक्रम लागू भएका केही जिल्लाभित्र उप–डिपो कार्यालय स्थापना भए पनि ढुवानी अनुदानको नून प्रायः सदरमुकाम केन्द्रित नै देखिन्छ ।

**ख) वितरण प्रक्रियाः**

वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही संचालक समितिबाट आफूलाई प्राप्त कार्यादेश बमोजिम कर्पोरेशनले कार्यक्रम लागू भएका जिल्लामा नून ढुवानी गर्न सार्वजनिक सूचनामार्फत् बोलपत्र आव्हान गरी छनौट भएका ठेकेदारवाट जिल्लास्थित डिपो कार्यालयमा नून ढुवानी गराइन्छ । यसरी ढुवानी भई आएको नूनको भण्डारण तथा वितरण जिल्लास्थित अनुगमन तथा वितरण समितिको निर्णय बमोजिम डिपो कार्यालयहरुले गर्ने गरेको देखिन्छ । अधिकांश डिपोबाट हप्ताको दुई दिन अनुदानको नून विक्री वितरण हुँदै आएको छ । कुनै जिल्लामा गा.वि.स. को सिफारिसलाई आधारमानी समेत नून वितरण गर्ने गरिएको छ । संचालक समितिले निर्धारण गरेको कोटा बमोजिम वार्षिक प्रतिव्यक्ति ६ के.जी. का दरले डिपो कार्यालयहरुवाट नून वितरण हुने व्यवस्था रहेको देखिन्छ ।

**ग) जनसहभागिताः**

खास गरी वितरण प्रणालीमा जिल्लास्थित अनुगमन तथा वितरण समितिबाट हुने निर्णयमा केही जिल्लाहरुमा स्थानीय राजनीतिक दलका प्रतिनिधिहरुलाई कार्यक्रम सम्बन्धी छलफलहरुमा सहभागी गराइएको देखिन्छ भने केही जिल्लाहरुमा स्थानीय सहकारी संस्था, आमा समूह आदि मार्फत सदरमुकाममा रहेको नून दुर्गम गा.वि.स. मा पुर्‍याई विक्री वितरण हुने गरेको देखिन्छ ।

**घ) नूनको किसिमः**

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.ले दुई वालवालिका अंकित आयो नून, न्यू शक्ति र भानु नूनलाई आयोडाइज्ड गरी विक्री वितरण गर्ने गरेको छ । उपरोक्त नूनहरुमध्ये आयो नून र न्यू शक्ति व्यापारिक प्रयोजनका लागि प्रयोग गरिएको र कार्यक्रम लागू भएका जिल्लामा (रोल्पामा वाहेक) भानु नून मात्र विक्री वितरण हुंदै आएको देखिन्छ । जसको डिपो मूल्य रु. ९।- कायम गरिएको छ भनेडिपोसम्म पुर्‍याउन सरकारले ढुवानी अनुदान उपलब्ध गराएको छ ।साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडले नेपालभरी देहाय बमोजिमका प्याकेट नून उत्पादन गरी बिक्री बितरण गरिरहेको पाईन्छ ।

**तालिका नं. ३ नूनको किसिम**

| नूनको प्रकार | प्रयोजन | बिक्री मूल्य (खुद्रा) |
|---|---|---|
| आयो | सुगम स्थानमा | रु. १८।- |
| न्यू शक्ति | सुगम स्थानमा | रु. १३।- |
| भानु | दुर्गम स्थानमा | रु. ९।- |

उल्लेखित नूनका किसिममध्ये न्यू शक्ति नून मूलतः तराईका जिल्लाहरुका लागिआयो नून शहरी क्षेत्रमा खुला विक्रिको लागि र भानु नून अनुदानमा ढुवानीका लागि मात्र प्रयोग गर्ने गरिएको छ ।

**२.५.३ जनचेतनामूलक कार्यक्रम**

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशन बमोजिम प्रत्येक वर्ष फेब्रुअरी महिनालाई मानव जीवनमा आयोडिनको महत्वलाई जानकारी तथा सुसूचित गराउन प्रचार प्रसार गर्दै मनाउँदै

आएको छ । कर्पोरेशनले नेपाल सरकारका विभिन्न स्वास्थ्य संस्था, विद्यालय, गैरसरकारी संस्थाहरु तथा विभिन्न क्लबहरुसंग समन्वय गरी प्रचार प्रसार कार्यक्रम गर्दै आएको र प्रचार प्रसारको लागि टिसर्ट, झोला, स्कूल झोला, पम्प्लेट समेत बितरण गर्दै आएको छ । त्यस्तैगरी एफ.एम.रेडियो तथा टेलिभिजनबाट पनि जानकारीमूलक विज्ञापनहरु प्रसारण हुँदै आएको छ ।

**२.५.४नूनको गुणस्तर निर्धारण र मापन**

नेपाल सरकार, साविक कृषि तथा सहकारी मन्त्रालय (हाल कृषि विकास मन्त्रालय), खाद्य प्रविधि तथा गुण नियन्त्रण बिभागले निर्धारण गरेको आयोडिनयुक्त नूनको गुणस्तरलाई नै साल्ट ट्रेडिङ कर्पोरेशनले गुणस्तर निर्धारण र मापनको मापदण्डको आधार बनाएको छ । खाद्य ऐन २०२३ बमोजिम मिति२०५७/१०/२३ मा नेपाल राजपत्र भाग ३ मा प्रकाशित आयोडिनयुक्त नूनको गुणस्तर तपसिल बमोजिम रहेको छ :

| | | |
|---|---|---|
| क) जलांस | : | ६ प्रतिशतमा नबढेको । |
| ख) सोडियम क्लोराईडको मात्रा | : | ९६ प्रतिशतमा  नघटेको । (सुख्खातौलको आधारमा) |
| ग) पानीमा नघुल्ने पदार्थ | : | ३ प्रतिशतमा नबढेको । (सुख्खातौलको आधारमा) |
| घ) सोडियम क्लोराईड वाहेक पानीमा घुलनशील अन्यपदार्थ | : | ३ प्रतिशतमा नबढेको । (सुख्खातौलको आधारमा) |
| ङ) आयोडिनको मात्रा | : | उत्पादन स्तरमा५० मिलिग्राम प्रति किलोमा नघटेको तर खुद्रा बिक्री स्तरमा ३० मिलिग्राममा नघटेको, घरमा खाने समयमा १५ मिलिग्राममा नघटेको । (जलांस रहित आधारमा गणना गर्दा) |

**२.५.५नूनको गुणस्तर परीक्षण प्रक्रिया**

साल्ट ट्रेडिङ्ग कर्पोरेशनले नून आयात गर्न भारत सरकारको साल्ट कमिश्नर अफिस, जयपुरमा नूनको लागि रेल्वे रैक उपलब्ध गराईदिन पत्र पठाए पश्चात्भारत सरकार, साल्ट कमीश्नर अफिसबाट नून भर्ती हुने समयमा प्रयोगशालामा परीक्षण गरी तोकिएको मात्रामा आयोडिन भएको नूनमात्र रेल्वेमालोडिङ्ग गर्ने गरिएकोछ । नून उत्पादन तथा चलान गर्ने समयमा श्रोतमा कर्पोरेशनका प्राविधिक कर्मचारीबाट नियमित परीक्षण एंव अनुगमन गर्ने गरिएको छ । नेपालमा नून भित्राउने क्रममा कर्पोरेशनबाट निर्धारण गरिएको LQAS पद्धतिबाट नूनपरीक्षण गरिसके पछि मात्र गोदाममा भण्डारणप्याकेजिङ्ग एंव बिक्री वितरण गर्ने गरिएकोछ । LQAS बिधि अनुसार नून प्राप्त हुंदा (फर्म A), नून बिक्री गर्न पूर्व (फर्म D) रनून प्याकेजिङ्ग गर्नु पूर्व (फर्म G) को प्रयोग गरी निर्धारण गरिएको लटलाई परीक्षण पश्चात मात्र बिक्री,चलान तथा प्याकेजिङ्ग गर्ने गरिएको छ । साथै आवश्यक परेको वेला नूनलाई रिआयोडाईजेशन (फर्म C1) समेत गरी सही मात्रामा आयोडिन भएपछि मात्र बिक्री बितरण गर्ने गरिएको छ ।यसरी कर्पोरेशनबाट परीक्षण गरिएको रिपोर्टहरु प्रत्येक महिना नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाइने गरिएको छ । कर्पोरेशनसंग बिभिन्न कार्यालयहरुमा आफ्नो सुविधायुक्त प्रयोगशालाहरु रहेको र आफ्नो तथा नेपाल सरकार, खाद्य प्रबिधि तथा गुण नियन्त्रण बिभागबाट नियमित रुपमा गुणस्तर परीक्षण गर्ने, गराउने गरिएको छ । साथै खाद्य प्रबिधि तथा गुणनियन्त्रण बिभागले केन्द्र तथा मातहतका क्षेत्रीय कार्यालयहरुबाट वार्षिक क्यालेण्डर बमोजिम स्वयं वजार तथा कर्पोरेशनका कार्यालयहरुबाट नूनको नमूना संकलन गरी गुणस्तर परीक्षण गर्ने गरेकोछ ।

**२.६.डिपो संख्या, गोदाम विवरण र कर्मचारी दरबन्दी**

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.द्वारा तोकिएका दुर्गम जिल्लाहरुमा आयोडिनयुक्त नून ढुवानी गर्न डिपोहरुको ब्यवस्था गरेको छ । जसमध्ये मनाङ्ग, मुस्ताङ्ग, कालिकोट, ताप्लेजुङ्ग, रुकुम र रोल्पा जिल्लामा सदरमुकाममा मात्रै एक डिपो रहेका छन् । यसैगरी सदरमुकाम लगायत अन्य ठाउँमा डिपो रहेका जिल्लाहरु सोलुखुम्बुको सोताङ, जाजरकोटको डल्लीबजार र थलहबजार, डोल्पाको तिन्जे, जुम्लाको नराकोट, मुगुको श्रीकोट र सोरुकोट, बझाङ्गको तल्कोट र बागथला, बाजुराको कोल्टी, मौरे र कवाडी, हुम्लाको श्रीनगर र सर्केगाड, दार्चुलाको गोकुलेश्वरर अछामको कमलबजार रहेका छन् । उल्लेखित डिपोहरुमध्ये जुम्ला जिल्ला बाहेक अन्य स्थानका डिपोहरुसंग आफ्नै गोदाम नभएकोले भाडामा लिइएर संचालन गरिएको छ र गोदामको कूल भण्डारण क्षमता २५,१०० क्वीन्टल रहेको छ भने कुल कर्मचारी दरबन्दी ४६ रहेको छ । ११ जिल्लामा रहेका १६ वटा उप डिपोहरुमा कर्मचारी तथा गोदामको व्यवस्था रहेको पाइएन । यसको विस्तृत विवरण अनुसूचिमा उल्लेख गरिएको छ ।

# परिच्छेद ३
# अध्ययनबाट प्राप्त विषयबस्तु


### ३.१ कार्यक्रमको कार्यसम्पादन स्थिति

कार्यक्रमको कार्यसम्पादन मूल्याङ्कन विगत ६ वर्षको भौतिक तथा वित्तीय लक्ष्य प्रगति र प्राविधिक तथा अन्य लगानीलाई आधार लिईदेहायवमोजिम गरिएको छ ।

### ३.१.१ भौतिक लक्ष्य तथा प्रगति विवरण

कार्यक्रमको भौतिक लक्ष्यमा सरकारी अनुदानमा दुर्गम १७ जिल्लामा ढुवानी गर्नुपर्ने नूनको परिमाण र प्रगतिमा ढुवानी भएको नूनको परिमाणलाई आधार लिइएको छ । आ.व. २०६७/६८मा ४७२९२ क्वी नून ढुवानी गर्ने लक्ष्य लिइएकोमा ४५६२६ क्वी. अर्थात् ९६.६९ प्रतिशत प्रगति भएको पाइयो । आ.व. २०६८/६९ मा ४९८६० क्वी. नून ढुवानी गर्ने लक्ष्य भएकोमा लक्ष्यको ९२.७५ प्रतिशत अर्थात ४६२४४ क्वी. नून ढुवानी भएको पाईएको छ । यसैगरी आ.व.२०६९/७० मा ३८४७७ क्वी. नून ढुवानी गर्ने लक्ष्य रहेकोमा ३७७३८ क्वी. नून ढुवानी अर्थात लक्ष्यको ९७.०४ प्रतिशत प्रगति भएको पाइयो । आ.व.२०७०/७१ मा ५९५७३ क्वी. नून ढुवानी गर्ने लक्ष्य रहेकोमा ५९३४१ क्वी. अर्थात लक्ष्यको ९९.६१ प्रतिशत नून ढुवानी भएको पाईयो । आ.व.२०७१/७२ मा ६६७८३ क्वी. नून ढुवानी गर्ने लक्ष्य रहेकोमा ६३३६२ क्वी. अर्थात ९६.३७ प्रतिशत नून ढुवानी भएको पाईयो । आ.व.२०७२/७३ मा ७०९२३ क्वी. नून ढुवानी गर्ने लक्ष्य रहेकोमा २०७३ असार २० सम्ममा ६९०३० क्वी. नून अर्थात लक्ष्यको ८७.६९ प्रतिशत मात्र नून ढुवानी भएको पाइएको छ । यसरी लक्ष्य अनुसारको प्रगति हासिल हुन नसके पनि लक्ष्यको नजिक नजिक रहेको भने पाईन्छ । यस सम्बन्धी विवरणलाई लेखाचित्र नं.१ मा प्रस्तुत गरिएको छ ।

**लेखा चित्र नं.१कष्ठरोग नियन्त्रण कार्यक्रमको नून ढुवानी लक्ष्य र प्रगति**




*श्रोत : साल्ट ट्रेडिग कर्पोरेशन ।*


नूनको ढुवानी ठेक्का सम्झौता अनुसार चैत मसान्त भित्रैमा सबै लक्ष्य अनुसारको परिमाण ढुवानी गरी सक्नु पर्ने भए पनि दक्षिण सीमामा भएको नाका अवरोधले आपूर्ति व्यवस्थामा देखिएको असहज अवस्थाले गर्दा आ.व.२०७२।७३ को असार २० गतेसम्ममा ८७.६९ प्रतिशत मात्रै प्रगति भएको देखिएकोले यस आ.व.मा लक्ष्य अनुसारको ढुवानी हुन कठिन हुने देखिन्छ ।

यो कार्यक्रमबाट २०६८ को जनगणना अनुसार१७ जिल्लाका २२,६८,६९१जना व्यक्तिहरुका लागि प्रतिव्यक्ति प्रतिबर्ष ६ के जी का दरले करीव १,३६,१२१ क्वीण्टल आयोडिनयुक्त नून आवश्यक पर्नेमाहाल वितरण गर्दै आइएको परिमाणले करिव आधा जनसंख्यालाई मात्र पुग्ने देखिन्छ । लक्षित जिल्लाका जनसंख्यासंग भौतिक प्रगति (७०९२३ क्वी.)को अनुपातलाई विश्लेषण गरी हेर्दा प्रतिव्यक्ति वार्षिक नून खपत ३.१३ केजी मात्र पर्न आउछ । जुन लक्ष्य (प्रतिव्यक्ति प्रति वर्ष ६ केजी) को तुलनामा आधा मात्र हुन आउछ ।तथापी नूनको कोटा परिमाण क्रमशः प्रत्येक वर्ष वृद्धि हुँदै गएको पाईन्छ ।

**३.१.२वित्तीय लक्ष्य तथा प्रगति**

वित्तीय लक्ष्य तथा प्रगतिका सम्बन्धमा कार्यक्रममा विगत छ वर्षमा गरिएको विनियोजित बजेट र भएको खर्चलाई आधार लिइएको छ । आ.व.२०६७/६८ देखि २०७२/७३ सम्मको वजेट तथा खर्च सम्बन्धी विवरणलाई तल लेखाचित्र नं. २ मा प्रस्तुत गरिएको छ ।

**लेखा चित्र नं. २कष्ठरोग नियन्त्रण कार्यक्रमको वित्तीय लक्ष्य तथा प्रगति**




** २०७३ असार २० सम्मको खर्च*
*श्रोत : साल्ट ट्रेडिग कर्पोरेशन ।*

लेखाचित्र नं. २ मा उल्लेखित विगत छ वर्षमा नून ढुवानीका लागि नेपाल सरकारबाट जम्मा रु. ६६ करोड १७ लाख विनियोजन भएकोमा रु. ५६ करोड ३० लाख खर्च भई औषतमा ८८ प्रतिशत वित्तीय प्रगति हासिल भएको देखिन्छ । लक्षित १७जिल्लाका २२,६८,६९१ लाख जनसंख्यामा उक्त विनियोजित रकममा बाँडफाड गर्दा प्रतिव्यक्ति छ वर्षमा रु २४० र प्रतिवर्षरु.४१.३६ का दरले पर्न आउने देखिन्छ ।

यो रकममानून ढुवानीमा नेपाल सरकारले उपलब्ध गराएको अनुदान रकम मात्र हो यसमा नूनको मूल्य समावेश छ ।

**३.१.३ अन्य**

नूनको गुणस्तर परीक्षण गर्न मुख्य नून भित्रिने नाकाहरुमा अत्याधुनिक प्रयोगशाला, नूनको गुणस्तर नियन्त्रण एवं परीक्षणको लागि साल्ट ट्रेडिगं कर्पोरेशनसंग दक्ष जनशक्ति र Re-Iodizationको लागि राज्य भरीमा ८ वटा Iodization plantसमेत रहेका छन् । जसमध्ये हुम्लाको तिव्वत क्षेत्रसंग जोडिने हिल्सामा समेत उक्त प्लान्ट जडान गरिएको छ । नेपाल सरकारले १ लाख ६० हजार मे.टन वार्षिक नून खपतको कोटा निर्धारण गरेको छ । सोलाई आधार मान्दा ६ महिनासम्मको लागि नूनको मौज्दात ९० हजार मे.टन राख्नुपर्ने हुन्छ । सोसम्बन्धी व्यबस्था हेर्दा कर्पोरेशनसंग ५ विकास क्षेत्रमा रहेको १९ वटा गोदाम, प्लेटफर्ममा १,७८,१०० मे.टन नून भण्डारण गर्न सक्ने क्षमता रहेको छ । हाल कर्पोरेशनसंग १,१४,४८९ मे.टन नून मौज्दात (असार २६, ०७३ सम्मको) रहेको पाइयो ।यस सम्बन्धि विस्तृत विवरण अनुसूचिमा उल्लेख गरिएको छ ।

**३.२ गुणात्मक सूचना संकलन**

मूल्याङ्कन प्रयोजनका लागि नमुना छनौटमा परेका ७ वटा जिल्लामा सो कार्यक्रम वारे जानकारी लिने सन्दर्भमा मुख्य जानिफकार व्यक्तिहरुमध्ये केन्द्रमा ७ जना, विभिन्न जिल्लामा २४ जना गरी जम्मा ३१ जनासँग अन्तर्वार्ता गरिएको थियो । समूह केन्द्रित छलफल अन्तर्गत सोलुखुम्बुमा ४ वटा, अछाम र मुगुमा ३/३ वटा, हुम्लामा २ वटा र रुकुम, रोल्पा र वाजुरामा १/१ गरी जम्मा १५ वटा समूहगत छलफल गरिएको थियो । केन्द्रीय तहमा रहेका नीति निर्माता, कर्पोरेशनका कर्मचारीहरु, क्षेत्रीयस्तरका कार्यालय, स्थानीय तहमा जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, स्थानीय राजनैतिक दलका प्रतिनिधि, स्थानीय पत्रकार, नागरिक मञ्चका प्रतिनिधि, समाजसेवी, सम्बन्धित गाविस सचिव, लक्षित समूह लगायत सम्बद्ध व्यक्तिहरुसँग छलफल तथा अन्तरवार्ता गरियो ।

चेकलिष्टमा उल्लेखित  प्रश्नहरुको आधारमा गुणात्मक सूचना संकलन गरिएको छ । कार्यक्रम संचालन भएका जिल्ला तथा केन्द्रमा यस कार्यक्रमका सम्बन्धमा बढी जानकारी राख्ने व्यक्ति एवम् समूहहरुसंग गरिएको अन्तर्वार्ता तथा छलफलबाट प्राप्त सूचना, तथ्याङ्क एवम् जानकारीहरु निम्न बमोजिमरहेको छ ।अन्तर्वार्ता र समूह केन्द्रित छलफलको बिस्तृत विवरण अनुसूचीमा संलग्न गरिएको छ ।

**३.२.१ लक्षित वर्गसंगको समूह केन्द्रित छलफल**

नमूना छनौटमा परेका सात जिल्लाहरुमा बिभिन्न सरोकारवालाहरुसंग गरिएको समूहगत छलफलबाट निम्नानुसारको सूचना तथा जानकारीहरु प्राप्त हुन आयो :

| क्र. सं. | समूह केन्द्रित छलफल (FGD) | जिल्ला | छलफलमा उठेका सवालहरु |
|---|---|---|---|
| १. | राजनैतिक दलका स्थानीय प्रतिनिधिहरुसंग | मुगु | • यो कार्यक्रम अत्यन्तै सान्दर्भिक र प्रभावकारी रहेको ।<br>• अनुदानको नून वितरणमा सदरमुकाम र आसपासका वासिन्दाको मात्र पहुंच देखिएको, दुर्गम गाविसकाकरान र खत्याड भेगमा डिपोहरु स्थापना गरी पहुँच बढाउनु पर्ने ।<br>• जनसंख्याको अनुपातका आधारमा नूनको कोटा बढाउनु  पर्ने ।<br>• सोरुकोट र श्रीकोट डिपोमा स्थायी रुपमा कर्मचारी खटाई |

| | | | |
|---|---|---|---|
| | | | वर्षभरी नून वितरण गर्ने । |
| | | सोलुखुम्वु | • आयोडिनयुक्त नूनको प्रयोग गर्ने विधि र तरिकाका वारेमा जनचेतनाको अभाव रहेको ।<br>• खुम्वुक्षेत्रका वासिन्दाले भानु नूनलाई वस्तुभाउलाई ख्वाउने नूनका रुपमा बुझेको ।<br>• भानु नूनका वोराका टुक्रा, अन्य फोहोर समेत भेटिने गरेको र रंगपनि धुरमैलो देखिएको हुंदा गुणस्तरमा सुधार गर्नुपर्ने । |
| २. | गा.वि.स.का सचिवहरुसंग | सोलुखुम्वु | • प्रत्येक घरधुरीलाई छुट्याइएको कोटा कम भएको ।<br>• भानु नूनको प्रयोगबारे जनचेतनाको अभाव देखिएको ।<br>• वितरण प्रणालीमा खासै गुनासो नरहेको । |
| ३. | संचार माध्यमका प्रतिनिधिहरुसंग | रोल्पा,रुकुम, मुगु र सोलुखुम्वु | • गाउंमा ढिके नूनको खासै प्रयोग हुने नगरेको ।<br>• उपभोक्ताको माग वमोजिम पर्याप्त नून नपाइएको ।<br>• नयाँ पुस्तामा आयोडिनकमीवाट हुने गलगांड देखा नपरेको ।<br>• सदरमुकामसम्म दिइने ढुवानी अनुदानका कारण सदरमुकाममा रु. ९।- मा प्रति के.जी.पाइने नून दुर्गम गाउंमा महंगो मूल्यमा विक्री हुने गरेको ।<br>• जिल्लामा अनुगमनको पक्ष फितलो देखिएको।<br>• वितरण समितिमा स्थानीय मिडियालाई समावेश गर्नुपर्ने ।<br>• जिल्लाका दुर्गम गाउंमा डिपोहरुको संख्या वढाउनुपर्ने ।<br>• नूनको प्रयोग विधि तथा भण्डारणका सम्बन्धमा जनचेतना वढाउनु पर्ने ।<br>• जनसंख्याका आधारमा नून वितरणको कोटा पुनरावलोकन गर्नुपर्ने । कोटा निर्धारण गर्दा पशुपंक्षीलाई समेत विचार गर्नुपर्ने । |
| ४. | नूनउपभोक्ताहरुसंग | रोल्पा,रुकुम, मुगु,सोलुखुम्वु, अछाम, बाजुरा र हुम्ला | • हाल छुट्याइएको नूनको कोटा वढाउनुपर्ने ।<br>• ढिके नूनगाउंघरमा छिटफुट मात्र प्रयोग हुने गरेको ।<br>• पुराना पुस्तामा कही कतै २/४ जनामा गलगाड देखिए पनि नयां पुस्तामा नदेखिएको ।<br>• २-४ के.जी.नून लिन दुर्गम गाउं-वस्तीवाट सदरमुकाममा आउनु पर्ने अवस्था रहेकोले नून प्राप्तीमा सहजतानरहेको ।<br>• अनुदानको नून सहज नपाइने हुंदा महंगोमा आयोनून बजारवाट किन्नुपर्ने वाध्यता रहेको ।<br>• कतिपय व्यक्तिलाई साल्ट ट्रेडिङ्गको डिपो तथा ढुवानी अनुदानको नूनका वारेमा थाहा समेत नभएको । जानकारी भएका व्यक्तिले पनि डिपोमा गएर नून किन्ने नगरेको ।<br>• २-३ दिनको वाटो धाएर सदरमुकाम आई २-४ के.जी.नून किनेर लैजादा समय र मूल्यका हिसावले सहज र सुलभ हुन नसकेको । |

| | | | |
|---|---|---|---|
| | | | • जिल्लाका सदरमुकाम र गाविसहरुमा सडक संजाल र यातायातका साधनहरुको सहज पहुंच पुगेकाले अन्य आयो नून सजिलै पाइने हुंदा अनुदानको नून प्रति वास्ता नहुने गरेको ।<br>• हुम्लामा हवाई मार्गवाट ढुवानी गरिएको नूनले सदरमुकामलाई मात्र पुग्ने गरेको ।<br>• उत्तरीनाका हिल्सावाट पनि नूनलाई आयोडाइज्ड गरी वितरण हुने गरेको ।<br>• नून विक्री वितरणका लागि डिपो हप्तामा २ दिन मात्र खुल्ने हुंदा टाढाका उपभोक्ताहरुलाई मर्का पर्ने गरेको । नून लिन २-४ दिन सदरमुकाममा वस्नुपर्ने वाध्यता रहेको ।<br>• सदरमुकाममा ९ रुपैयामा पाइने भानु नून दुर्गम गाउंमा महंगोमा खरिद गर्नुपर्ने वाध्यता रहेको ।<br>• गाविससम्म ढुवानीमा अनुदान दिनुपर्ने ।<br>• नूनको प्रयोगका सम्बन्धमा जनचेतना वढाउनु पर्ने ।<br>• ढुवानी अनुदानको भानु नून वस्तुभाउलाई खुवाएर आफू चीनको मानसरोवर तिरवाट आउने नून, जुन पवित्र हुन्छ भनी प्रयोग गर्ने वासिन्दाहरु पनि गाउंतिर भेटिने । |
| ५. | गैर सरकारी संस्था सुआहाराका प्रतिनिधिसंग | सोलुखुम्वु | • जिल्लामा सुत्केरीहरुका लागि सुनौला हजार दिन कार्यक्रम संचालन गरिएको । गर्भवती भएदेखि बच्चा कम्तीमा २ वर्षको नपुगुन्जेलसम्म आयोडिनयुक्त नून तथा पौष्टिक आहाराको महत्व सिकाउने गरेको ।<br>• दुई वालवालिकाको चिन्ह भएको आयोडिनयुक्त नून खान गर्भवती र सुत्केरी महिलाहरुलाई प्रोत्साहन गर्ने गरिएको । |
| ६. | स्वास्थ्यकर्मी तथा सामाजिक परिचालकहरुसंग | मुगु र रुकुम | • जिल्लामा आयोडिनयुक्त नूनको पहुंच राम्रो रहेको ।<br>• उत्तरीभेगका मान्छे, जोसंग वढी अन्न हुन्छ उनीहरु अन्नसंग ढिके नून साटेर प्रयोग गर्ने गरेको ।<br>• केही व्यापारीहरुले सस्तोमा ढुवानी अनुदानको नून खरिद गरी महंगोमा दुर्गम गाउंमा वेच्ने गरेको ।<br>• जिल्लामा आयोडिनयुक्त नूनको प्रभाव अत्यन्त राम्रो देखिएको।<br>• सदरमुकाम वाहेकका डिपोमा कर्मचारी नवस्ने कारण सीमित व्यक्ति वा व्यापारीलाई मात्र नून विक्री गरिने व्यवस्थामा सुधार हुनुपर्ने । |
| ७. | स्थानीय व्यापारीहरुसंग | रुकुम | • दुर्गम गाउंका वासिन्दाले वर्षायामका लागि समेत एकै पटक नून खरिद गर्ने गरेको हुंदा मंसिर, पुष र माघ महिनामा नूनको विक्री वढी हुने गरेको छ । |

### ३.२.२ मुख्य जानिफकारसँगको अन्तरवार्ता

मूल्याङ्कनको क्रममा चेकलिष्टमा उल्लेखित प्रश्नहरु (*अनुसूचिमा संलग्न*) मा आधारित भई केन्द्र र स्थानीय स्तरमा देहायका पदाधिकारीहरुसँग अन्तर्वार्ता गरिएको छ ।

(क) नीति निर्माण वा केन्द्रीय स्तरमा कार्यरत जानिफकार व्यक्तिहरु:

| क्र.सं. | जानिफकार व्यक्तिहरू | अन्तर्वार्ताका क्रममा उठेका सवालहरू |
|---|---|---|
| १. | मन्त्रालय तथा अन्य केन्द्रीय निकायका नीति निर्माण तहका पदाधिकारीहरुसंगको अन्तर्वार्ता | • कार्यक्रमले राम्रो-नराम्रो के गरेको छ, मूल्याङ्कन गर्नुपर्ने ।<br>• नूनको कारोवार साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.ले भन्दा निजी क्षेत्रले राम्रो गर्छौं भन्छन् तर निजी क्षेत्रबाट बेलाबेलामा अभाव गर्ने गरेको ।<br>• नाका अवरोधको समयमा नून र ग्यांसको व्यवस्थापनसाल्ट टेडिङ्ग कर्पोरेशन लि.ले राम्रो गरेको ।<br>• साल्ट टेडिङ्ग कर्पोरेशन लि.को अनुभव राम्रो रहेको र सीमान्तकृत समुदायलाई सेवा दिएको ।<br>• जिल्ला घटाउन सकिएला तर कार्यक्रम हटाउन नहुने ।<br>• यो कार्यक्रम सदरमुकाम केन्द्रित रहेको र यसलाई गाविससम्म पुऱ्याउनु पर्ने । |
| | | • यो कार्यक्रम अन्तर्गत वितरण गरिने नून गुणस्तरीय रहेको ।<br>• मुगु र कालिकोटमा भानु नूनको वितरण ठिक रहेको । मुगुमा खाद्य संस्थानको र नूनको विक्रीकक्ष एकै ठाउँमा खोल्नुपर्नेदेखि निर्देशन दिएको । मुगुमा नूनको जिम्मा लिने कर्मचारीको अभाव रहेको ।<br>• १२ देखि १४ करोड नूनमा घाटा रहेको । नूनको गोदाम मर्मत गर्नु पर्ने अवस्था रहेको छ । Overhead खर्च बढी भएकोले साल्ट ट्रेडिङ्गले कर्मचारी व्यवस्थापन गर्न नसकेको । यसको लागि राज्यले केहीगर्नुपर्ने । जस्तैः कर्मचारी खटाउने कि ?<br>• नून ढुवानी कार्यक्रमलाई Review गर्नुपर्ने । भौगोलिक क्षेत्रको साथसाथै गरिवीको पहिचानको आधारमा पनि नून ढुवानी र आपूर्ति वितरणमा पुनरावलोकन हुनुपर्ने । गरिवी पहिचान गरी परिचय पत्र प्राप्त वर्गलाई पनि नूनमा पहुँच योग्य वनाउनु पर्ने ।<br>• नूनको प्रत्येक दिन बिक्री गर्ने गरी Salescounter खुल्नुपर्ने । डिपोबाट वितरण गर्नु भन्दा ठेकदारहरुले गाउँ गाउँमा गएर वितरण गर्नु राम्रो हुने । |
| | | • अनगमन गर्न फिल्डमा जान नसकिएको छैन ।<br>• ढुवानी अनुदान केही जिल्लामा घटाउन मोटरवाटोको कभरेज हेर्नुपर्छ ।<br>• अध्ययन गरेर जिल्ला च्भ(मभाष्लभगर्नुपर्ने । सदरमुकामलाई मात्र हेरेर नपुग्ने । गाउंको भित्र भागसम्म नून पुऱ्याउनु पर्ने ।<br>• काठमाडौंमा ग्यांसमा अनुदान रहेको र दुर्गम क्षेत्रमा दिइएको नून ढुवानीमा अनुदान हटाउनु नहुने ।<br>• ढुवानी अनुदान सदरमुकाम भन्दा गाउँ केन्द्रित हुनुपर्ने ।<br>• यो कार्यक्रम एकदमै प्रभावकारी रहेको र कर्पोरेशन लि.एक व्यावसायिक संस्था पनि भएकाले यस मार्फत प्रदान गरिने सेवा प्रभावकारी रहेको । |

| | | |
|---|---|---|
| | | • ५ विकास क्षेत्रमा१९ वटा गोदाम रहेको । नूनको आपूर्तिमा समस्या रहेको । तर खानालाई नून पुगेको र सर्टेज पनि नरहेको । ६ महिनालाई नूनको स्टक रहेको ।<br>• सरकारले ढुवानी अनुदान जिल्ला सदरमुकाम र डिपोसम्म मात्र दिएको । नूनमा व्यापारिले पाउने कमीशन रु १.५० मात्र हुने । नूनको मूल्य सस्तो भएको र मूल्य बढाउनु पर्ने आवश्यक रहेको भनि मिटीङ्गमा छलफल भएको ।<br>• हामीले प्रयोग गरेको नूनWHO Standard को रहेको । |
| | | • उच्चस्तरीय नून अनुगमन समितिको वैठक नवसेकोले यस विषयमा जानकारी हुन नसकेको । |
| | | • बैठकमा हुने वा भएका कागजातहरु कर्पोरेशनमा नै रहने गरेका छन् ।<br>• नूनको मूल्यमा घाटा छ, यसको मूल्य वढाउनु पर्ने । |
| (ख) साल्ट टेडिङ्ग कर्पोरेशन लि. मा कार्यरत जानिफकार व्यक्तिहरु | | |
| १. | प्रमुख कार्यकारी अधिकृत, साल्ट टेडिङ्ग कर्पोरेशन लि. | • गत आ.व. ०७१/७२ मा नून ढुवानी अनुदानका लागि नेपाल सरकारवाट रु. १३ करोड ६५ लाख विनियोजन भएकोमा यस आ.व. मा रु. १५ करोड ४० लाख वजेट विनियोजन भएको । जसमध्ये प्रशासनिक खर्चमा १०% खर्च हुने गरेको ।<br>• कार्यक्रम संचालन भएका (हाल १७) जिल्लाका कुल जनसंख्याको ५२% लाई यो कार्यक्रमले समेटेको छ ।<br>• प्रतिव्यक्ति प्रतिवर्ष ४ देखि ६ के.जीसम्म नून आवश्यक पर्ने हुंदा जनसंख्यालाई आधारमानी कोटा निर्धारण गरिएको ।<br>• विशेष गरी कर्णाली अंचलका सबै र सुदूर पश्चिमका पहाडी जिल्लामा यसको प्रभाव राम्रो रहेको ।<br>• चौमासिकलक्ष्य अनुसार चैत्र मसान्तसम्ममा कोटा अनुसार ढुवानी सम्पन्न गर्ने लक्ष्य रहेको । विगत ३ वर्षदेखि समयमै नून ढुवानी कार्य हुंदै आएको छ ।<br>• नाकावन्दी पश्चात ढुवानी यातायातमा अवरोध सिर्जना भए पनिमौज्दात पर्याप्त भएकोले समस्या नपरेको ।<br>• आयोडिनयुक्त नूनको सुरक्षित भण्डारणका लागि डव्वा वितरण गर्ने प्रयास भैरहेको ।<br>• ढुवानी अनुदान नदिएको खण्डमा यो कार्यक्रम दिगो नहुने ।<br>• जनचेतनाका लागि कार्यहरु गरिरहेको ।<br>• बेलाबेलामा क्षेत्रीय तथाअंचल कार्यालयहरुवाट अनुगमन समेत भैरहेको । |
| २. | जिल्लास्थित नूनडिपो प्रमुखहरु | • भानु नून प्रति प्याकेट रु.९।- मा विक्री गर्ने गरिएको ।<br>• डिपोहरुमा थप कर्मचारहिरुको व्यवस्था गर्नुपर्ने ।<br>• डिपोहरुको भण्डारण क्षमता र कोटा बढाउनु पर्ने ।<br>• केही जिल्लामा हप्तामा ६ दिन र केही जिल्लामा हप्तामा २ दिन मात्र नून वितरण गर्ने गरिएको । |

| | | |
|---|---|---|
| | | • जिल्लामा नून वितरण गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित नून वितरण समिति सक्रीय रहेको । |
| (ख) स्थानीय स्तरमा कार्यरत जानिफकार व्यक्तिहरु | | |
| १. | मेडिकल अधिकृतहरु, जिल्ला अस्पतालहरु | • आयोडिनको कमीवाट हुने रोग अत्यन्त न्यून रहेको । कण्ठरोग त लगभग देखिन छोडेको ।<br>• आयोडिनयुक्त नूनको प्रयोग गर्ने विधिको सम्बन्धमा महिला स्वयं सेविकाहरुलाई तालिम दिइने गरेको भएपनि उक्त तालिम अपुग रहेको ।<br>• जिल्लामा यदाकदा देखिने सुस्त मनस्थिति, लाटा लठ्यौरा, होचा पुड्का भएका व्यक्तिहरुमा आयोडिनयुक्त नूनकै कमी हो भन्ने वारेमा यकिन हुन नसकेको ।<br>• यो कार्यक्रमजनस्वास्थ्यका दुष्टिमा अत्यन्तै सान्दर्भिक रहेको । यसलाई दुर्गम गाविससम्म विस्तार गरिनु पर्ने । |
| २. | प्रमुख जिल्ला अधिकारीहरुसंग | • नूनको ढुवानी तथा वितरण प्रक्रिया पारदर्शी रहेको हुंदा खासै समस्या सामना गर्नु नपरेको ।<br>• जिल्लास्तरीय अनुगमन समितिको वैठक आवश्यकता अनुसार वस्ने गरेको ।<br>• गाविसको सिफारिसलाई आधारमानी डिपो प्रमुख र राजनीतिक दलहरुका प्रतिनिधिहरुको संलग्नतामा कोटा निर्धारण गर्ने गरिएको ।<br>• कोटा निर्धारण गर्दा पशुपंक्षिलाई खुवाइने नूनको परिमाण समेतलाई ध्यान दिनुपर्ने ।<br>• दुर्गम गाउंमा ढिके नूनको प्रयोग घट्दै गएपनि अन्त्य भने हुन नसकेको ।<br>• नूनको प्रयोग र भण्डारणका सम्बन्धमा स्थानीय जनतामा जनचेतनाको कमी नै देखिन्छ ।<br>• दुर्गम गाउंहरुमा अनुदान को नून पुर्‍याउन स्थानीय सहकारी, आमासमूह तथा क्लवहरुलाई परिचालन गरिए पनि ढुवानी खर्चका कारण महंगोमा विक्री वितरण हुने गरेको ।<br>• बाजुरा लगायतका जिल्लामा ढुवानी अनुदानको भानु नूनको विकल्पमा व्यापारीहरुवाट अन्य नून ल्याउने नगरको ।<br>• डिपोहरुमा थप कर्मचारीहरुको व्यवस्था गरी हप्ताभरी नै डिपो खुला गरी सर्वसाधारणको पहुंचलाई वढाउनु पर्ने । |
| ३. | स्थानीय विकास अधिकारीहरुसंग | • सदरमुकाममा ढुवानी अनुदानको नून सहजैप्राप्त हुने भएपनि दुर्गम गाउंमा नूनको पहुंच कमजोर रहेको ।<br>• गाविसको माग, सिफारिस तथा घरधुरी अनुसार नून वितरण हुने गरेको ।<br>• नूनको ढुवानीमा कुनै समस्या नरहेको, नूनको मौज्दात समेत पर्याप्त नै देखिएको । |

| | | |
|---|---|---|
| | | • सदरमुकाम वाहिरका दुर्गम गांउमा डिपो स्थापना गर्नुपर्ने देखिएको । |

### ३.२.३ स्थलगत अवलोकन

यस कार्यक्रमको मूल्याङ्कन गर्न नमूना छनौटमा परेका ७ वटा जिल्लाहरुबाट सूचना तथा जानकारी संकलन गर्न ५ वटा मूल्याङ्कनकर्ताको टोली बनाई सूचनाहरु संकलन गरिएको थियो । पहिलो टोलीबाट सोलुखुम्बु, दोश्रो टोलीबाट रुकुम रोल्पा, तेश्रो टोलीबाट बाजुरा र अछाम, चौथो टोलीबाट मुगु र पाँचौ टोलीबाट हुम्ला जिल्लाको स्थलगत अवलोकन समेत गरी सूचना तथा जानकारी संकलन गरिएको थियो । स्थलगत अवलोकनका क्रममा पाइएका तथ्यहरु निम्नानुसार छन् :

| क्र.सं. | जिल्ला | स्थलगत अवलोकन भ्रमणमा देखिएका सवालहरू |
|---|---|---|
| १. | सोलुखुम्वु | • सल्लेरी डिपोको आफ्नै कार्यालय भवन तथा गोदाम नभएको । व्यक्तिगत घर भाडामा लिई कार्यालय तथा गोदाम संचालन गरिएको ।<br>• कोशीपारीका गाविसहरु (सोताङ, पावे, बुङ, छेस्काङ, गुदेल) मा साल्ट टेडिङ्ग कर्पोरेशन लि.को अंचल कार्यालय विराटनगरवाट सोझै नून ढुवानी गरी लालीगुरांस बचत तथा ऋण सहकारी मार्फत नून वितरण गर्ने गरिएको ।<br>• प्रति घरघुरीलाई ८ के.जी.का दरले कोटा निर्धारण गरिकोमा उक्त कोटाअपुग रहेको ।<br>• लुक्ला र खुम्बु क्षेत्रका बासिन्दाले ढुवानी अनुदानको नूनमा पहुंच नहुँदा काठमाडौंवाट सिधै प्लेन मार्फत लगी प्रयोग गर्ने गरेको । |
| २. | अछाम | • डिपोको आफ्नै कार्यालय तथा गोदाम नभएकोले भाडामा लिएर संचालन गरिरहेको ।<br>• डिपोमा नूनको मौज्दात पर्याप्त देखिएको ।<br>• डिपो हप्तामा २ दिनमात्र खुल्ने गरेको ।<br>• अस्पतालको रेकर्डमा आयोडिनयुक्त नूनको कमीवाट हुने विरामीहरु नदेखिएका । |
| ३. | वाजुरा | • डिपोको आफ्नै कार्यालय तथा गोदाम नभएकोले भाडामा लिई संचालन गरिरहेको ।<br>• मौज्दात पर्याप्त नै देखिएको ।<br>• प्रत्येक दिन डिपोवाट नून प्रति के.जी.रु. ९।- माविक्री वितरण हुंदै आएको ।<br>• कतिपयले भानु नूनलाई वस्तुभाउलाई खुवाउने नूनका रुपमा बुझेको । |
| ४. | मुगु | • डिपोको आफ्नै कार्यालय तथा गोदाम नभएकोले भाडामा लिएर संचालन गरिरहेको ।<br>• जिल्लाका अन्य २ डिपो वर्षमा एकपटक मात्र खुला रहने र नून वितरण हुने हुंदा वहुसंख्यक जनताको नूनमा पहुंच पुग्न नसकेकोले सीमित व्यक्तिले महंगोमा नून विक्री वितरण गर्दै आएको ।<br>• जिल्लालाई छुट्याइएको नूनको कोटा पुरै खपत हुने गरेको ।<br>• अस्पतालको रेकर्डमा आयोडिनको कमीवाट हुने विरामीहरुको अभिलेख |

| | | |
|---|---|---|
| | | नभेटिएको । |
| ५. | हुम्ला | ● डिपोको आफ्नै कार्यालय तथा गोदाम नभएकोले भाडामा लिएर संचालन गरिरहेको । भण्डारण गर्ने गोदामको कमी देखियो ।<br>● हवाई मार्गवाट नून ढुवानी गर्ने गरिएकोले पर्याप्त मौज्दात राख्नुपर्ने ।<br>● लक्ष्य वमोजिमको ढुवानी समयमा भएको पाइयो। |
| ६. | रोल्पा | ● डिपोको आफ्नै कार्यालय तथा गोदाम नभएकोले भाडामा लिएर संचालन गरिरहेको ।<br>● दुर्गम गाविसमा अनुदानको नून विक्री वितरण प्रभावकारी नदेखिएको ।<br>● आयो नूनको मूल्य कम हुंदा व्यापारीहरुसंग मिलोमतो गरी वढी मूल्यमा विक्री वितरण हुन सक्ने देखिएको ।<br>● एउटै व्यक्तिलाई धेरै परिणाम विक्री भएको रेकर्डवाट देखिएको ।<br>● अन्य आयोनून बजारमा प्रशस्त पाइने गरेकोले अनुदानको नूनको औचित्य खासै नभएको । मौज्दात रजिष्टारमा उल्लेखित परिणाम भौतिक रुपमा नभेटिएको । |
| ७. | रुकुम | ● डिपोको आफ्नै कार्यालय तथा गोदाम नभएकोले भाडामा लिएर संचालन गरिरहेको ।<br>● आपूर्ति असहज भएका बेलामा पनि नूनको मौज्दात पर्याप्त नै देखिएको ।<br>● अनुदानको नून सदरमुकाम वरिपरी मात्र सीमित रहेको, दुर्गम गाविसमा नूनको पहुंच अझै नपुगेको ।<br>● १-२ प्याकेट नून लिन दुर्गमबाट सदरमुकामसम्म आउन सहज नदेखिएको । |

**३.२.३.१ स्थलगत अवलोकनमामौज्दातको अवस्था**

नमुना छनौट गरिएका जिल्लामा स्थलगत अवलोकनको क्रममा अनुदानको नूनको कोटा तथा दोश्रो चौमासिक सम्मको मौज्दातको अवस्था देहायानुसार रहेको पाईयो ।

**तालिका नं.४स्थलगत मौज्दातको अवस्था**

| सि.नं. | जिल्ला | कोटा (क्वी.) | मौज्दात (क्वी.) |
|---|---|---|---|
| १ | सोलुखुम्बु | ५००१ | ४६८ |
| २ | रोल्पा (आयो नून) | ७०० | २० |
| ३ | रुकुम | ५१०० | १२०० |
| ४ | मुगु | ५३०० | ५५८ |
| ५ | हुम्ला | ६६७८ | २७०० |
| ६ | बाजुरा | १२०० | ३४९ |
| ७ | बाजुरा कोल्टी | ४५०० | ८९५ |
| ८ | अछाम | ४००० | ३४० |
| | | | |

*श्रोत : सम्वन्धित डिपोहरुवाट प्राप्त विवरण*

माथिको तालिका हेर्दा डिपोमा मौज्दात रहेको नूनको परिमाण कोटाको अनुपातमा फरक फरक देखिन्छ ।स्थलगत अवलोकन भ्रमणका वेला दोश्रो चौमासिकमा सबैभन्दा न्यून मौज्दात रोल्पामा २० क्वी. मात्र देखिन्छ । सो डिपोको मौज्दात रजिष्टरमा २०९३.८४ क्वी. परिमाण मौज्दात देखिएकोले फरक मौज्दात २०७३ क्वी. आयो नूनको विक्री मूल्य रु १५ ले हुने मूल्य बराबरको नून विक्रि गरी विक्री नदेखाएको हुँदा यस सम्बन्धमा कर्पोरेशनबाट छानविन हुन जरुरी देखिन्छ । हुम्लामा छुट्याइएको कोटा ६६७८ क्वी. रहेकोमा दोश्रो चौमासिकको मौज्दात २७०० क्वी. देखिन्छ भने अछाममा छुट्याइएको कोटा ४००० क्वी. रहेकोमा दोश्रो चौमासिकको मौज्दात३४० क्वी. मात्र देखिन्छ । समग्रतामा हेर्दा १ महिना देखि ६ महिनासम्मको मागलाई धान्न सक्ने नून मौज्दातको रुपमा रहेको देखिन्छ ।

### ३.२.३.२ जिल्लागत जनसंख्या र कोटा निर्धारण

हाल कार्यक्रमलागू भएका १७ वटा जिल्लाहरुको जिल्लागत जनसंख्या र कोटा निर्धारण तालिका नं. मा उल्लेख भए अनुसारको रहेको पाइयो । यसरी हेर्दा कोटा निर्धारण जनसंख्यालाई आधार मानेको पाइएन । कतिपय जिल्लामा नूनको परिमाण उल्लेख्य रुपमा कमी देखियो भने कतिपय जिल्लामा आवश्यकता भन्दा पनि बढी रहेको पाइयो ।

**तालिका नं. ५जिल्लागत जनसंख्या र कोटा निर्धारण**

| सि.नं. | जिल्ला | गा.वि.स.संख्या | घरधुरी | जनसंख्या २०६८ | जिल्लागत कोटा निर्धारण (क्वी.)०७२/७३ | प्रति व्यक्ति ६ के.जी.का दरले हुने परिमाण( क्वी.) | नपुग परिमाण (क्वी.) |
|---|---|---|---|---|---|---|---|
| १. | अछाम | ७५ | ३६४५७ | २५७४७७ | ४००० | १५४४९ | (११४४९) |
| २. | बाजुरा | २७ | १८८५४ | १३४९१२ | ७९०० | ८०९५ | (१९५) |
| ३. | रोल्पा | ५१ | ४१३०६ | २२४५०६ | ७०० | १३४७१ | (१२७७१) |
| ४. | रुकुम | ४३ | ३८००१ | २०८५६७ | ५००० | १२५१४ | (७५१४) |
| ५. | सोलुखुम्बु | ३४ | २२६३७ | १०५८८६ | ४९५८ | ६३५३ | (१३९५) |
| ६. | हुम्ला | २७ | ८३७३ | ५०८५८ | ६६७८ | ३०५१ | ३६२७ |
| ७. | मुगु | २४ | ९१९७ | ५५२८६ | ५३०० | ३३१७ | १९८३ |
| ८. | डोल्पा | २३ | ६३७४ | ३६७०० | ५३०० | २२०२ | ३०९८ |
| ९. | जुम्ला | ३० | १७९३७ | १०८९२१ | ८००० | ६५३५ | १४६५ |
| १०. | कालिकोट | ३० | १७९९२ | १३६०४८ | ४००० | ८१६३ | (४१६३) |
| ११. | संखुवासभा | ३४ | ३२१२० | १५८७४२ | ३५०० | ९५२५ | (६०२५) |
| १२. | बझाङ्ग | ४७ | २८०१२ | १९५१५९ | ६२०० | ११७१० | (५५१०) |
| १३. | दार्चुला | ४१ | २१६६७ | १३३२७४ | ३५०० | ७९९६ | (४४९६) |
| १४. | जाजरकोट | ३० | २७२७५ | १७१३०४ | ३९८७ | १०२७८ | (६२९१) |
| १५. | मनाङ्ग | १३ | १३२५ | ६५३८ | ४०० | ३९२ | ८ |
| १६. | गोरखा, सिर्दीवास | ६७ | ५९८७१ | २७१०६१ | ५०० | १६२६४ | (१५७६४) |
| १७. | मुस्ताङ्ग | १६ | २९८३ | १३४५२ | १००० | ८०७ | १९३ |
| १८. | **जम्मा** | | | **२२६८६९१** | **७०९२३** | **१३६१२२** | **(६५१९९)** |

श्रोत : राष्ट्रिय जनगणना २०६८ तथा साल्ट ट्रेडिङ्ग क.लि.

माथि उल्लेखित जिल्लागत जनसंख्या, घरधुरी तथा नूनको जिल्लागत कोटा निर्धारणको तालिका अनुसार साल्ट ट्रेडिङ्ग लि. द्वारा निर्धारण गरिएको आयोडिनयुक्त नूनको जिल्लागत कोटा निर्धारण उक्त जिल्लाको जनसंख्या र घरधुरी अनुरुप रहेको देखिदैन । धेरैजसो जिल्लामा तोकिएको नूनको कोट अपुग देखिएको छ ।

तोकिएका २२ जिल्लाका कूल २२,६८,६९१ जनसंख्याको लागि जम्मा ७०९२३ क्वी. नूनको कोटा निर्धारण गरिएको तर प्रति व्यक्ति प्रति वर्ष ६ के.जी.नूनको खपतदरलाई आधारमान्दा जम्मा आवश्यक कोटा १,३६,१२२ क्वी. हुनआउँछ । यसरी हेर्दा वार्षिक रुपमा निर्धारण गरिएको नूनको कोटानै ६५,१९९ क्वी.ले अपुग देखिन्छ । प्रस्तुत तालिका वमोजिम बिशेषतः कर्णाली अञ्चलका हुम्ला, मुगु, जुम्ला तथा डोल्पा र मनाङ्ग तथा मुस्ताङ्ग जिल्लामा आयोडिनयुक्त नूनको कोटा तहाँको जनसंख्याको अनुपातमा बढी देखिन्छ भने अन्य जिल्लामा कोटा अपुग देखिन्छ । खासगरी हवाई मार्गबाट महङ्गोमा ढुवानी गर्नु पर्ने जिल्लामा आवश्यकताको दोब्बर भन्दा बढी नून ढुवानी भएको पाईयो । यसले गर्दा भण्डारणमा समेत समस्या रहेको पाईयो । अछाम, रोल्पा, रुकुम, कालिकोट, ताप्लेजुङ, जाजरकोट, बझाङ, दार्चुला तथा संखुवासभा जिल्लामा तहांको जनसंख्याको अनुपातमा निर्धारण गरिएको कोटा अपुग देखिएको छ । यसबाट साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.बाट निर्धारण गरिएको जिल्लागत कोटा निर्धारणमा पुनरावलोकन गर्नुपर्ने देखिएको छ ।

**३.३नूनको गुणस्तर परीक्षण**

स्थलगत अवलोकनका क्रममा नमुनाका रुपमा ल्याइएका ६ प्याकेट भानु नूनगुणस्तर परीक्षणका लागि यस आयोगको मिति २०७२।१२।०४, च.नं. १४३९ को पत्रवाट खाद्य तथा गुण नियन्त्रण विभाग, बबरमहलमा लेखी पठाइएकोमा उक्त विभागको मिति २०७२।१२।१९, च.नं.१५२२ को पत्रवाट उक्त नूनको परीक्षण गरी प्रतिवेदन प्राप्त हुन आएको ।

**तालिका नं.६नूनगुणस्तर परीक्षणको नतिजा**

**(प्रतिशतमा)**

| परीक्षण पारामिटर | तोकिएको मापदण्ड | नतिजा | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बाजुरा | रुकुम | रोल्पा | अछाम | सोलु | मुगु |
| जलांश | ६.० मा नवढेको | १.६ | २.३ | ०.५ | १.७ | २.१ | १.९ |
| सोडियम क्लोराइडको मात्रा (सुख्खा तौलको आधारमा) | ९६.० मा नघटेको | ९८.३ | ९६.६ | ९८.१ | ९८.७ | ९७.१ | ९६.९ |
| पानीमा नघुल्ने पदार्थ (सुख्खा तौलको आधारमा) | १.० मा नवढेको | ०.९ | ०.४ | ०.६ | ०.४ | ०.३ | ०.४ |
| सोडियम क्लोराइड वाहेक पानीमा घुलनशील अन्य पदार्थ (सुख्खा तौलको आधारमा) | ३.० मा नवढेको | ०.९ | २.९ | १.३ | ०.९ | २.६ | २.७ |
| आयोडिनको मात्रा (सुख्खा तौलको आधारमा) | ३०.० मा नघटेको | ६३.४ | ८२.७ | १०६.३ | ७४.२ | १२५.१ | ८०.३९ |

*श्रोत : खाद्य प्रविधि तथा गुणस्तर विभाग*

नेपाल सरकारले राजपत्रमा तोकिदिएको मापदण्ड अनुसारको नूनको गुणस्तर भए नभएको सन्दर्भमा विभिन्न ६ जिल्लाबाटसंकलन गरिएका नमुना नूनहरुको परीक्षणको लागि खाद्य प्रविधि तथा गुणस्तर विभागमा पठाएको थियो । विभागले CFL Manualविधिबाट नमूना परिक्षण गरी सोको प्रतिबेदन पठाइएको थियो । सो विभागवाट प्राप्त प्रतिवेदनलाई आधार मान्दा नूनको तोकिएको परीक्षण पारामिटर, विधि र मापदण्डको आधारमा प्राप्त नतिजालाई अध्ययन गर्दा परीक्षण गरिएका चारित्रिक गुणहरुको मान नेपाल सरकारले आयोडिनयुक्त नूनको लागि तोकेको गुणस्तरभित्रै रहेकोले सरकारले ढुवानीअनुदानमा वितरण गर्दै आएको नून गुणस्तरयुक्त नै रहेको पाईयो ।

**३.४कार्यक्रमको सकारात्मक प्रभावः**

कार्यक्रम सञ्चालन हुनुभन्दा अगाडि र पछाडिको अवस्थाको विश्लेषण गर्ने हो भने कण्ठरोग नियन्त्रणमा उल्लेख्य सुधार भएको पाइएको छ । आयोडिनको कमीबाट उत्पन्न विभिन्न विकृतिहरुमध्ये गलगांड सन् १९६५ मा ५५% रहेकोमा २००७ मा ०.४% झरेको पाइयो । यसको साथै आयोडिनयुक्त नूनको प्रयोगकर्ता घरपरिवारमा पनि उल्लेख्य वृद्धि भएको पाइएको छ । सन १९९८ मा पर्याप्त मात्रामा आयोडिनयुक्त नून खाने घरपरिवार ५५.२ प्रतिशत रहेकोमा २०१४ मा ८१.५ प्रतिशत पुगेको पाइयो । केही मात्रामा आयोडिनयुक्त नून खाने घरपरिवार झण्डै सतप्रतिशत पुगेको पाइयो । यसलाई कार्यकमको सफलता र जनस्वास्थ्यमापरेकोसकारात्मक प्रभाव मान्न सकिन्छ ।यससम्बन्धी तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.७कार्यक्रमको सकरात्मकप्रभावः**

| वर्ष | कुल गलगाँड दर | | पिसाबमा आयोडिनको मात्रा मि.ग्रा. ⁄लि.( मेडीएन भ्यालु) | घरदैलोमा पाकेट नून खाने % | घर दैलोमा ढिके नून खाने % | केही मात्रामा आयोडिनयूक्त नून खाने घरपरिवार % | प्रयाप्त मात्रामा आयोडिनयूक्त नून खाने घरपरिवार % |
|---|---|---|---|---|---|---|---|
| | प्रतिशत | सर्वे जनसंख्या | | | | | |
| १९६५ | ५५.० | १३ वर्ष माथी | – | – | – | – | – |
| १९७९ / ८२ | ५७.६ | सबै उमेरका | – | – | – | – | – |
| १९८५/ ८६ | ३९.७ | सबै उमेरका | – | – | – | – | – |
| | ४४.२ | स्कुल उमेरका | – | – | – | – | – |
| १९९८ | ४०.०# | स्कुल उमेरका | १४३.८ | ९.८ | ६२.७ | ८३.० | ५५.२ |
| २००५ | –* | स्कुल उमेरका | १८८.० | ३७.७ | ४१.५ | ९५.० | ५७.७ |
| २००७ | ०.४ | स्कुल उमेरका | २०२.८ | ५२.९ | ४०.८ | ९९.८ | ७७.० |
| २०११ | | | | | | | ८०.० |
| २०१४ | | | | | | | ८१.५ |

*श्रोत :साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.*

# पल्पेवल गलगाँड समावेश गरिएको (देखिने गलगाँड ६ वटा पाईएको) ।

* सर्वेमा कुल गलगाँड दर नराखिएको ।

- Alliance 2007, NDHS 2011, NMICS 2014

उल्लेखित विभिन्न निकायहरुले गरेका सन १९६५ देखि २०१४ सम्मकासर्वेक्षणहरुबाट प्राप्त तथ्याङ्कको अध्ययन रविश्लेषण गर्दा आयोडिनको कमीबाट हुने विकृति र आयोडिनयूक्त नूनको उपलब्धतामा उल्लेख्य सुधार भएको देखिन्छ। माथि तालिकामा उल्लेख भए अनुसार सन १९६५ मा भन्दा १९७९-८२ मा गलगाँड दर प्रतिशत बढी रहेको छ भने त्यस पछिका वर्षहरुमा क्रमश गलगाँड दर घटेको पाइन्छ। सन् १९९८ मा पर्याप्त मात्रामा आयोडिनयुक्त नुन प्रयोग गर्ने घर परिवारहरु ५५.२ प्रतिशत रहेकोमा २००७ सम्म आइपुग्दा ७७ प्रतिशत पुगेको देखिन्छ।सन् २०११ र २०१४ मा पर्याप्त मात्रामा आयोडिनयूक्त नून खाने घरपरिवार क्रमशः ८० र ८१.५ प्रतिशत रहेकोदेखिन्छ। जसले आयोडिनयुक्त नून खानेघरपरिवार क्रमशः वृद्धि हुँदै गएको देखिन्छ। सन् २००७ मा स्कुल उमेरका केटाकेटीमा गरिएको सर्वेमा कुल गलगाँडको दर ०.४ प्रतिशत रहेको देखिन्छ। यसवाट नेपालमा आयोडिनयुक्त नूनको उपयोग र यसको उपलब्धताको महत्व बढदै गएको र आयोडिनयुक्त नूनको प्रयोगले जनताको स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पारेको देखिन्छ।

### ३.५प्राप्त सूचना, तथ्याङ्क तथा जानकारीको त्रिभुजीकरण तथा बिश्लेषण

प्रस्तुत समूहगत छलफल, मूख्य जानिफकारसंगको अन्तरवार्ता, स्थलगत अवलोकन र दस्तावेज अध्ययनवाट प्राप्त हुन आएका सूचना, तथ्याङ्क तथा जानकारीको त्रिभुजीकरण तथा बिश्लेषणबाट आयोडिनयुक्त नूनको वितरण प्रक्रिया, कोटा निर्धारण, ढुवानी व्यवस्था, विद्यमान डिपोहरुको अवस्था, नून भण्डारण तथा गोदाम सम्बन्धी व्यवस्था, नूनको प्रयोग, अनुदानको पुनरावलोकन, अनुगमन तथा मूल्याङ्कन र दिगोपनाका सम्बन्धमा निम्न तथ्य निकालिएको छ।

### ३.५.१कोटा निर्धारणका आधार

कोटा निर्धारणका सम्बन्धमा अधिकांश उपभोक्ता, राजनीतिक दलका प्रतिनिधिहरु र स्वयं डिपो प्रमुखहरुले समेत जिल्लाका लागि छुट्याएको नूनको कोटा न्यून भएको बताएका थिए। दस्ताबेजको अध्ययनबाट पनि प्रति व्यक्ति वार्षिक ६ के.जी. खपतको मापदण्डलाई आधार मान्दा समग्रमा ४८.५३ प्रतिशत जनसंख्यामा मात्र यो सुबिधा उपलब्ध भई बाँकी ५१.४७ प्रतिशतमा यो सुबिधा अपुग रहेको देखिन्छ।हाल अनुदानमा भएकोनूनढुवानीको परिमाण जनसंख्यालाई आधार मानेर कोटा निर्धारण गरिएको पाईएन। कार्यक्रम सञ्चालन भएका १७ जिल्लामध्ये ६ जिल्लामा बढी कोटा निर्धारण भएको पाइयो भने बाँकी ११ जिल्लामा कोटा निर्धारण न्यून रहेको पाइयो। त्यसमा पनि हवाई मार्गबाट ढुवानी गर्नु पर्ने जिल्ला हुम्ला र डोल्पामा आवश्यकताको दोब्बरभन्दा बढी कोटा निर्धारण भएको पाईयो। यसरी कोटा निर्धारण आवश्यकता र उपलब्धताका वीचमा तालमेल मिलेको देखिदैन। यस तथ्यलाई म.ले.प.को वार्षिक प्रतिबेदन ०६८/६९ ले पनि औंल्याएको देखिन्छ।स्थलगत अवलोकनको क्रममा पनि यो उपलब्धता र अभाव रहेको पाइयो।जिल्लामा नून वितरणको कोटा र कर्मचारीहरुको अनुपातलाई दाँजेर हेर्दा पनि समानता नरहेको पाइयो।

### ३.५.२डिपोसम्बन्धी व्यवस्था

ढुवानी अनुदानको नून वितरणका लागि खोलिएका प्रायः डिपोहरु भाडामा र सदरमुकाममा रहेछन्। डिपोहरु प्राय हप्ताको दुई दिन (आइतवार र विहीवार) मात्र खुल्ने गरेको पाइयो। सो सम्बन्धमा केन्द्रिय स्तरमा बुझ्दा अनभिज्ञता प्रकट भएको छ। डिपोमा रहेका सीमित कर्मचारीले बाँकी दिन जिल्ला प्रशासनको काममा सहयोग गर्ने गरेको स्थलगत अवलोकनको क्रममा पनि देखियो। १७ मध्ये ११ जिल्लामा मात्र उप–डिपोहरु स्थापना गरिएको भए पनि ती उप–डिपोहरुमा नियमित कर्मचारीको व्यवस्था हुन नसकेको र नून भण्डारका लागि गोदामको पनि अभाव रहेको पाईयो। कर्मचारी तथा अन्य

पूर्वाधार समेतकोअभावमा जिल्ला सदरमुकामभन्दा बाहिर रहेका उप–डिपोहरु नियमित रुपमा संचालनमा आउन सकेको पाइएन। नमूना छनौटमा परेका जिल्लाहरुमध्ये हुम्ला, मुगु, बाजुरा, अछाम र सोलुमा मात्र उप-डिपोहरु रहेका छन् । रोल्पा र रुकुममा उप–डिपोहरु खोलिएको छैन जहाँ सदरमुकामबाट ४ दिनसम्मको पैदल दूरीमा गा.वि.स.हरु रहेका छन । दुर्गम क्षेत्रका उपभोक्ताहरुले कम्तीमा गा.वि.स.स्तरमा नूनको डिपोहरु हुनुपर्ने माग गरेको देखिन्छ ।

### ३.५.३ ढुवानी व्यवस्था

आयोडिनयुक्त भानु नून ढुवानीका लागि तोकिएका दुर्गम क्षेत्रका लागि खुला टेण्डर मार्फत ढुवानीको व्यवस्था गरिएको रहेछ । टेण्डर प्रक्रिया केन्द्रबाट नै गरी सम्झौता लगायतका प्रक्रियाहरु अञ्चलस्तरमा रहेका कार्यालयबाट हुने गरेको जानकारी प्राप्त भएको छ ।ठेक्का प्रक्रिया मार्फत ठेकेदारवाट समय मै नूनढुवानीको व्यवस्था गरिएको भए पनि केही स्थानमा ढिला गरी आ.व.को अन्त्यमा पुग्ने गरेको व्यहोरा छलफलका क्रममा उठेको थियो । साथै बाटोमा पर्ने स्थानमा नून अनलोड गर्ने संस्थागत व्यबस्था नहुदां सदरमुकाम वा डिपोमा पुगी फेरी फर्किएर आउँदा दोहोरो लागत पर्न गएको देखिएकोभन्ने व्यहोरा समेत छलफलमा आएको थियो । जस्तैः रुकुम सदरमुकाम पुग्नु भन्दा अगाडि आउने सोला भागमा नून सदरमुकाम पुगेर पुन फर्केर आउने गरेको पाइयो । दुर्गम २२ जिल्लाका सम्बन्धमा राजपत्रमा १३ वटा जिल्लाहरुलाई दुर्गम भनिएको र बाँकी ९ जिल्लाका तोकिएका गा.वि.स. हरुलाई दुर्गम पनि सूचिवद्ध गरिएको भए पनि यी जिल्लाहरुमानून ढुवानी सदरमुकाम केन्द्रित रहेको पाईयो । यातायात तथा सडक संजालसंग नजोडिएको जिल्ला हुम्लामा ढुवानी अनुदानको भानु नून बाहेक अन्य नूनहरु प्रयोगमा आएको देखिएन । हवाई साधनबाट ढुवानी गरिएको आयोडिनयुक्त नूनको आपूर्ति व्यबस्था पर्याप्त रहेको पाइयो । तरदुर्गम गा.वि.स.हरुमा वितरणको सहज पहुँच पुऱ्याउन सकेको पाईएन । यातायात संजाल नपुगेका जिल्लाहरुमा भने उपभोक्ताहरु ढुवानी अनुदानकै भानुनूनमा निर्भर रहेको पाइयो ।

### ३.५.४नून भण्डारण तथा गोदामसम्बन्धी व्यवस्था

दस्तावेजको अध्ययन र स्थलगत अवलोकनको क्रममा अधिकांश डिपोहरुको नून भण्डारण गर्ने गोदामहरु भाडामा रहेको पाइयो ।गोदामहरु अपुग देखिएको र खुल्ला ठाउँमा समेत त्रिपाल ओडाएर नूनराखिएको पाइएको छ । नूनभण्डारणको दिगो व्यबस्थापन अझै हुन सकेको देखिएन ।यस्तो व्यवस्थाले आयोडिनको गुणस्तर कायम राख्न जोखिम रहेको देखिन्छ । स्थानीय तहमा नूनको भण्डारण तथा गोदामका लागि दिगो व्यवस्थापन आवश्यक रहेको देखिएको छ ।

### ३.५.५ वितरण प्रक्रिया

वितरण प्रक्रियाका सम्बन्धमा नमुना छनौटमा परेका सात वटै जिल्लाका नून उपभोक्ताहरुसंग गरिएको छलफलबाट नून वितरण प्रणालीसदरमुकाम केन्द्रित भएको र लक्षित वर्गको पहुँच स्थापित हुन नसकेकोपाइयो । दुर्गम गा.वि.स.मा अझैपनि आम उपभोक्ताले नून किन्नका लागि २ दिनसम्मको पैदल यात्रा गर्नुपर्ने अवस्था रहेको छ । यस तथ्यलाई केन्द्रिय स्तरमा गरिएको मुख्य जानिफकारसंगको अन्तर्वार्ताबाट पनि स्वीकार गरिएको अवस्था देखिन्छ । हाल सरकारी अनुदानमा आयोडिनयुक्त नून ढुवानी भैरहेका जिल्ला मध्ये ७ जिल्लाको स्थलगत अवलोकन गर्दा पनि रुकुम र रोल्पा जिल्लामा सदरमुकाममा मात्र डिपो रहेको पाईयो । अन्य पाँच जिल्लामा उप डिपो भनी छुट्टै कोटा निर्धारण गरिएको भएपनि भण्डारण र वितरणको कुनै संयन्त्र रहेको पाइएन । यसले गर्दा लक्षित क्षेत्रमाभन्दा सदरमुकाममा मात्र नून ढुवानी हुने गरेको देखिन्छ ।

हालको सरकारी ढुवानी अनुदान पनि जिल्ला सदरमुकाम र केही उप डिपोसम्म मात्र रहेको छ । त्यसभन्दा अन्य क्षेत्रसम्म पुऱ्याउने सम्बन्धमा अध्ययन हुन नसकेको जानकारी मुख्य जानिफकारसंगको अन्तरवार्ताको क्रममा प्राप्त भएको छ । यसले दुर्गम गा.वि.स.हरुमा आयोडिनयुक्त नून वितरण तथा आपूर्ति सहज हुन सकेको पाईएन । नमूना छनौटमा परेका अधिकांश डिपोहरुबाट हप्ताको २ दिन मात्र नून वितरण गर्ने गरिएको पाइयो। स्थानीय स्तरमा रहेको वितरण समिति प्रभावकारी देखिएन । खजनसंख्याको अनुपातमा नूनको वितरण हुन सकेको पाइएन ।वितरण प्रणालीमा एकरुपता देखिएन ।सोलुखुम्बु र अछाममा स्थानीय सहकारीलाई वितरणमा प्रयोग गरिएको भएपनि अन्य जिल्लामा त्यस्तो देखिएन । दुर्गमका २२ जिल्लामध्ये १३ दुर्गम र बाँकी ९ जिल्लालाई आंशिक दुर्गम मानि ती जिल्लाका गा.वि.स.हरुलाई दुर्गम भनी राजपत्रमा तोकिएकोमा सो अनुसार नून वितरण हुन सकेको देखिएन । उल्लेखित अवस्थाका बावजुद दुर्गम गा.वि.स.मा समेत आयोडिनयुक्त नूनको कमीबाट हुने नकारात्मक असर देखिएन ।

### ३.५.६ नूनको प्रयोग

नूनको प्रयोग सम्बन्धमा गरिएको उपभोक्तासंगको छलफल र स्थलगत अवलोकनको क्रममा जनचेतनाको स्तर कमजोर रहेको पाइएको छ ।नूनलाई विर्को बन्द गरेर राख्ने डब्बामा नराखी खुला रुपमा प्रयोग गर्ने गरेको पाइयो ।नूनलाई अगेनाको छेउमा खुलै राखेर समेत प्रयोग भइरहेको देखियो ।कतिपय सदरमुकामका उपभोक्ताहरुले आयो नूनलाई मात्र आयोडिनयुक्त नूनको रुपमा बुझेका र भानु नूनलाई गाई वस्तुलाई खुवाउने नूनका रुपमा लिने गरेको समेत पाइएको छ । दुर्गम गाँउमा भानु नूनलाई भानु नूनका रुपमा नबुझी नेपाल भारत सहयोगको नूनको रुपमा बुझेको पनि स्थलगत अवलोकनको क्रममा पाईएकोछ ।नूनको प्याकिङ्गमा नेपाल भारत सरकार सहयोग लेखेको प्याकेट प्रयोग भएकोले पनि यस्तो भएको भन्ने जवाफदेखिन्छ । साल्ट ट्रेडिङ्गसंग बुझ्दा मौज्दातमा रहेका प्याकेटका खोलहरु प्रयोग भएको हो हाल भारत सरकारको त्यस्तो सहयोग नरहेको जानकारी प्राप्त भएको थियो । विभिन्न सञ्चार माध्यमबाट नून सम्बन्धी प्रचार प्रसार गरिएको भएता पनि नूनको प्रयोग गर्ने तरिकाका सम्बन्धमा अझै पनि जनचेतनाको अभाव रहेको पाइयो ।

### ३.५.७अनुदानको पुनरावलोकन

केन्द्रमा गरिएको मुख्य जानिफकारसंगको अन्तरवार्तामा हाल कायम रहेका दुर्गम क्षेत्रका जिल्लाहरु र अनुदानको रकम र कोटा निर्धारणका सम्बन्धमा पुनरावलोकन गर्ने विषयलाई आगामी सञ्चालक समितिमा छलफल गरी निर्णय गरिने जानकारी प्राप्त भएको छ । तर अनुदान नै हटाई हाल्ने अवस्था भने छैन किनभनेनेपाल सरकारले कृषि, सहकारीका क्षेत्रमा पनि अनुदान वितरण गरिरहेको, सहरी क्षेत्रका जनतालाई लक्षित गरी ग्याँसमा समेत अनुदान दिइरहेको अवस्थामा नून जस्तो अत्यावश्यक बस्तुको ढुवानीमा दुर्गम क्षेत्रका उपभोक्तालाई लक्षित गरी दिएको ढुवानी अनुदान हटाउनु पूर्व पुनः विचार हुनु जरुरी छ ।

यसलाई ब्यबस्थित गरी लक्षित वर्गको सहज पहुँच सुनिश्चित गर्न वितरण प्रक्रियामा भने सुधार गर्नुपर्छ ।यो विषय स्थलगत अवलोकनको क्रममा समेत देखिएकोथियो ।नेपाल सरकारले ढुवानी अनुदान नदिएमा कार्यक्रम सञ्चालन हुनसक्ने अवस्था रहदैंन । साथै हालको नूनको मूल्य वृद्धि नगरेमा घाटा बढदै गइ धान्न नसकिने अवस्थामा पुग्ने समेत जानकारी गराइएको थियो । सम्बन्धित जिल्लाका प्र.जि.अ. हरुले पनि अनुदान रोक्ने, कम गर्ने होइन बरु बढाउनु पर्छ भन्ने कुरालाई जोड दिएका थिए

।यातायातको सहजता, बजारमा अन्य नूनको उपलब्धता र अनुदानको नूनको कोटा समेतका पक्षमा समीक्षा गरी विद्यमान व्यवस्थामा पुनरावलोकन गरी सुधार गर्नुपर्ने स्थिति छ ।

**३.५.८ अनुगमन तथा मूल्याङ्कन**

नेपाल सरकारले उपलब्ध गराएको अनुदानको रकममा ढुवानी अनुदान, प्रशासनिक खर्च र अनुगमन तथा मूल्याङ्कन कार्यका लागि रकम विनियोजन भएको देखिन्छ । तर कण्ठरोग नियन्त्रण कार्यक्रम अन्तर्गतको आयोडिनयुक्त नून ढुवानी तथा वितरणको नियमित अनुगमन तथा मूल्याङ्कन हुने गरेको पाइएन । केन्द्र तथा क्षेत्रीय कार्यालयहरुमा बुझ्दा पनि अनुगमनको कार्य नियमित हुन नसकेको जानकारी प्राप्त भएको छ ।केन्द्रबाट हुने अनुगमन न्यून रहेको पाइयो । उच्चस्तरीय अनुगमन समितिको बैठकसमेत नियमित हुन सकेको छैन । २०७१ चैत्रपछि २०७३ जेष्ठमा मात्र उच्च स्तरीय अनुगमन समितिको बैठक बस्न सकेको जानकारी प्राप्त भयो । जिल्लास्थित अनुगमन समिति पनि सक्रीय देखिएन ।समग्रमा अनुगमन प्रभावकारी हुन नसक्दानून वितरण, कोटा निर्धारण तथा उप–डिपोहरुको व्यवस्थाजस्ता विषयहरु तथ्यपरक हुन नसकी परिमार्जन र सुधार हुन सकेको पाइएन । यसले गर्दा जनसंख्याको अनुपातमा गर्नु पर्ने कोटा निर्धारण, दुर्गम जिल्ला पुनरावलोकन तथा वितरण प्रक्रियालाई दुर्गम उपभोक्तामुखी बनाउन सकिएको पाइदैंन।

**३.५.९ दिगोपना**

दिगोपनाका सम्बन्धमा अधिकांश डिपो तथा गोदामहरु भाडामा रहनुका साथै गोदामघरहरु मापदण्ड वमोजिम रहेका छैनन ।अझै पनि खुला आकाशमुनि त्रिपाल ओढाएर नूनको भण्डारण गर्ने गरिएकोछ । दुर्गम गा.वि.स.हरुमा राखिएको उप-डिपोहरुमा गोदाम र कर्मचारीको व्यबस्था हुन सकेको छैन ।२०३२ सालदेखि सञ्चालित यस कार्यक्रमलाई लक्षित वर्गको सहज पहुँचमा अझै पुऱ्याउन सकिएको छैन । यसका लागि नेपाल सरकारको आफ्नै छुट्टै स्थानीय संयन्त्र रहेको छैन । भएका स्थानीय संयन्त्र ( जि.प्र.का. र जि.बि.स.) ले नून ढुवानीको कार्यलाई अपनत्व र स्वामित्व लिन सकेको पाइदैंन ।नूनको ढुवानी र वितरणमा साल्ट ट्रेडिगंको एक्लो भूमिका महत्वपूर्ण रहँदै आएको देखिन्छ ।

**३.६कार्यक्रम मूल्याङ्कनको नतिजा**

यस खण्डमा उल्लेखित सूचना, जानकारी तथा तथ्याङ्कका आधारमा कण्ठरोग नियन्त्रण कार्यक्रमको आन्तरिक मूल्याङ्कनबाट देहायको नतिजा प्राप्त हुने देखिन्छ :

**३.६.१ कार्यक्रमको सान्दर्भिकता**

यो कार्यक्रम नेपाल सरकारको नीति, योजना, कार्यक्रम तथा लक्षित वर्गका आवश्यकता र प्राथमिकतासंग के-कति मेल खान्छन् भन्ने आधारमा निर्क्यौल गर्दा कार्यक्रमले दुर्गम क्षेत्रमा आयोडिनयुक्त नूनको आपूर्ति र वितरण प्रक्रियालाई सहज बनाई कण्ठरोग नियन्त्रण गर्ने कार्यमा उल्लेख्य सुधार आएको देखिएको छ । लक्षित वर्गहरुलाई नून जस्तो आधारभूत बस्तुको वितरणमा समय, दूरी र लागत घटाउन योगदान पुऱ्याएकोछ । ८२ प्रतिशत घरधुरीहरुमा आयोडिनयुक्त नूनको पहुंचमा बृद्धि भएको र दुर्गम क्षेत्रमा समेत नूनको आपूर्तिलाई सुनिश्चित गरेको छ । सरकारको सामाजिक न्याय तथा लोककल्याणकारी अवधारणालाई समेत प्रभावकारी वनाउन यो कार्यक्रम अति सान्दर्भिक(क)[1]देखिएको छ ।

**३.६.२ कार्यक्रमको प्रभावकारिता**

[1]पेज १६ मा उल्लेख भएको सूचकहरुको स्तरीयकरण बमोजिम मूल्याङ्कन गरिएको ।

कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्दा कार्यक्रमका निर्धारित उद्देश्हरू के कति प्राप्त भए वा प्राप्त हुने सम्भावना छ भन्ने आधारमा मूल्याङ्कन गरिएको छ । कार्यक्रमको बिश्लेषण गर्दा दुर्गम जिल्लाहरुमा कण्ठरोग नियन्त्रणको लागि आयोडिनयुक्त नूनको ढुवानी र बितरणको ब्यवस्था गर्ने र ती दुर्गम जिल्लाहरुमा सहज, सरल र सुपथमूल्यमा आयोडिनयुक्त नूनको बिक्री बितरणको ब्यवस्थागर्ने उद्देश्य लिएको देखिन्छ । आयोडिनयुक्त नूनको ढुवानी र वितरणको व्यबस्था सदरमुकामसम्म मिलाएको ।सुपथ मुल्यमा नून वितरण गरिएको, तर दुर्गम क्षेत्रका गा.वि.स.हरुमा नूनको पहुँच अझै स्थापित हुन नसकेबाट वितरण प्रक्रिया सहज र सरल हुन नसकेको हुँदा कार्यक्रम प्रभावकारी (ख) देखिन्छ ।

### ३.६.३ कार्यक्रमको कार्यदक्षता

कार्यक्रमको कार्यदक्षताका लागि लगानीको अनुपातमा प्रतिफल प्राप्त भए वा नभएको, निर्धारित परिणाम प्राप्त गर्न कार्यक्रमको आर्थिक पक्ष केको मितव्ययी र कुशल रह्यो भन्ने सम्बन्धमा आवश्यक तथ्याङ्कहरु उपलब्ध हुन सकेन । कार्यक्रमको लागि उपलब्ध गराइएको अनुदान रकमको छुट्टै आम्दानी तथा खर्चको लेखा राख्ने गरिएको पाइएन । म.ले.प.को प्रतिबेदनले पनि सो विषयलाई औंल्याएको छ । लगानीको तुलनामा वितरण व्यबस्था प्रभावकारी देखिएन । अधिकांश स्थानका डिपोहरुमा हप्ताको २ दिनमात्र वितरणको व्यबस्था गरिएकोले लगानीको पूर्ण उपयोग हुनसकेकोदेखिएन । वितरण व्यबस्था लक्षित उपभोक्ता केन्द्रित देखिएन । दुर्गम गाविसवाट २-३ दिन लगाएर सदरमुकाममा आई नून खरिद गरी लैजाँदा खरिद तथा बितरण लागत कुशल नदेखिएको र ढुवानी अनुदानकोनूनको प्रति के.जी. लागत उपलब्ध हुन सकेन । साथै अनुगमनको रकम समेत नतिजामूलक भएको नदेखिएकोले कार्यक्रम सामान्य कार्यदक्षता (ग) देखिन्छ ।

### ३.६.४ कार्यक्रमको प्रभाव

कार्यक्रमले ल्याएका सकारात्मक तथा नकारात्मक परिवर्तनका आधारमा मूल्याङ्कन गर्दा नकारात्मक असर तथा प्रभाव पाइएन । आयोडिनको कमीबाट उत्पन्न विकृतिहरु मध्ये गलगाँड सन् १९६५ मा ५५ प्रतिशत रहेकोमा सन् २००७ सम्ममा ०.४ प्रतिशतमा झरेको अध्ययन सर्बेक्षणबाट देखाएको छ । स्थलगत अवलोकनको क्रममा पनि अस्पताल तथा जनस्वास्य कार्यालयमा छलफल तथा अर्न्तवार्ता गर्दा आयोडिनको कमीले हुने रोगहरु जस्तैः कण्ठरोग, लाटो, लठेब्रो, सुस्त मनस्थिती लगायतका रोगहरु कार्यालयको रेकडर्मा नरहेको जानकारी प्राप्त भएको थियो । उपभोक्ताहरुसंग गरिएको समूहगत छलफलको क्रममा पनि गलगाँड भएका व्यक्तिहरु देखिएका छैनन भन्ने जानकारी गराएका थिए । कण्ठरोग साथै लाटो, लठेब्रो, सुस्त मनस्थिती आदिमा समेत कमी आएको भन्ने जानकारी अध्ययनका क्रममा प्राप्त हुन आएको देखिंदा यो कार्यक्रमले जनस्वास्थ्यमा सकारात्मक प्रभाव परेको देखिएकोले कार्यक्रम अति प्रभावित (क) देखिन्छ ।

### ३.६.५ कार्यक्रमको दिगोपना

कार्यक्रम र त्यसबाट भएका उपलब्धी एवम् प्रतिफलले कति निरन्तरता पाउँछन् भन्ने आधारमा मूल्याङ्कन गर्दा २०३२ सालमा सञ्चालित यो कार्यक्रमले हालसम्म निरन्तरता पाएको देखिन्छ । तर कार्यक्रम सञ्चालनको श्रोतको सुनिश्चितता हुनसकेको देखिदैन । कहिले भारत सरकारको सहयोग र नेपाल सरकारको स्रोतमा र कहिले नेपाल सरकारको आफ्नै स्रोतमा मात्र सञ्चालन भएको देखिन्छ । नेपाल सरकारले अनुदान नदिएको खण्डमा कार्यत्रम सञ्चालन हुन सक्तैन । शुरुका २० वर्षमा भारत सरकारको पूर्ण सहयोगमा सञ्चालन भएको, बीचमा नेपाल सरकार र भारत सरकारको सहयोगमा सञ्चालन भएको र हाल नेपाल सरकारको सहयोगमा कार्यक्रम सञ्चालन हुँद आएको छ । वितरण

प्रणालीमा साल्ट ट्रेडिङ्ग कं.लि. बाहेक अर्को छुट्टै संयन्त्र नभएको र अधिकाशं डिपो कार्यालयहरु भाडामा रहेकोले संस्थागत दिगोपनाको कमी देखिंदा कार्यक्रम दिगोपनापूर्ण (ख)देखिन्छ ।

### ३.६.६ कार्यक्रममूल्याङ्कननतिजाको सारांश

कार्यक्रमकोमूल्याङ्कनगर्ने क्रममालक्षित समूहछलफल, जानिफकारसँगको अन्तरवार्ता र स्थलगतअवलोकनलगायत सहायक स्रोतबाटप्राप्त सूचनाहरुको आधारमागरिएकोअध्ययन र विश्लेषणबाटमूल्याङ्कनसारांश निकालिएको छ ।

कण्ठरोग नियन्त्रण कार्यक्रमको समग्र निचोड तथा मूल्याङ्कनका लागि अति सन्तोषजनक (क), सन्तोषजनक (ख), सामान्य सन्तोषजनक (ग) र असन्तुष्टी (घ) लाई आधार मानि समग्र निचोड तथा मूल्याङ्कन गरिएको छ । कार्यक्रमकोसान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव र दिगोपनाका आधारमा मूल्याङ्कन गर्दा यो कार्यक्रम सान्दर्भिकताको सवालमा अति सान्दर्भिक (क), प्रभावकारिताको सवालमा प्रभावकारी (ख), कार्यदक्षताका सवालमा सामान्य कार्यदक्षता (ग), प्रभावका सवालमा अति प्रभावित (क), र दिगोपनाको सवालमा दिगोपनापूर्ण (ख) भएको अनुमान गर्न सकिन्छ । उक्त नतिजालाई समग्र कार्यक्रमको मूल्याङ्कन गर्दा सन्तोषजनक (ख) रहेको पाइन्छ ।

# खण्ड ४
# निष्कर्ष एवम् सुझावहरू

## ४.१ निश्कर्ष

यस कार्यक्रमको मूल्याङ्कनको क्रममा गरिएको स्थलगत अवलोकन, मुख्य जानिफकार व्यक्तिसँगको अन्तर्वार्ता, लक्षित समूहसंगको छलफल, कार्याक्रमका दस्तावेज अध्ययन र कार्यक्रमका कर्मचारीसँगको छलफल लगायतका आधारमा गरिएको अध्ययनवाटदेहायकोनिष्कर्ष निकाल्न सकिन्छ ।

१) कण्ठरोग नियन्त्रण कार्यक्रमको समग्र प्रभाव सकारात्मक रहेको पाइएको छ ।सञ्चालक समितिले निर्धारण गरेको प्रति व्यक्ति ६ के.जी. नून खपतको मापदण्ड र जनसंख्याको अनुपात बीच तालमेल नभएतापनि जिल्लास्थित जनस्वास्थ्य कार्यलय, अस्पताल र स्वास्थ्य चौकीहरुमा कण्ठरोगका विरामीहरु नदेखिएकोले यसलाई कण्ठरोग नियन्त्रण कार्यक्रमको सफलता मान्न सकिन्छ ।

२) कण्ठरोगका विरामीहरु नदेखिनुले दुर्गम क्षेत्रका स्थानीय उपभोक्तालाई आयोडिनयुक्त नूनको पहुँच बृद्धि गर्न कार्यक्रमले सकारात्मक योगदान पुऱ्याएको पाईन्छ । तर,नेपाल सरकारले लक्षित गरेको क्षेत्र, वर्ग र समुदायलाई सहज, सुलभ र सुपथ मूल्यमा आयोडिनयुक्त नूनको वितरण गर्ने लक्ष्यमा भने आंशिक प्रगति भएको पाइन्छ । दुर्गमका २२ जिल्लामध्ये १३ दुर्गम र बाँकी ९ जिल्लालाई आंशिक दुर्गम जिल्ला मानी सो भित्रका गा.वि.स.हरुलाई दुर्गम भनी राजपत्रमा तोकिएको भए पनि सो अनुसार नून वितरणको व्यवस्था हुन सकेको पाइदैंन ।नून वितरण सदरमुकाम केन्द्रित रहेकोलेयसलाई कार्यक्रमको उद्देश्य अनुरुप सहज र सुलभ बनाउन सकेको भने पाइएन ।

३) केहीदुर्गम जिल्लाहरुमा उप–डिपोको व्यवस्था गरी कोटा निर्धारण गरिएको भए पनि गोदाम र कर्मचारीको नियमित व्यवस्था हुन नसक्दा वितरण प्रक्रिया प्रभावकारी हुन सकेको छैन । अझै पनि दुर्गम क्षेत्रका गा.वि.स.सम्म नूनको पहुंच पुऱ्याउन सकिएको छैन । तथापि समग्र जिल्लामा आयोडिनयुक्त नूनको अभाव रहेको भने पाइएन ।

४) कार्यक्रम लागू भएका सबै दुर्गम जिल्लामानूनवितरण प्रणालीमा एकरुपता भएको पनि पाइएन । रुकुम, हुम्ला र अछाम जिल्लाका डिपोहरुबाट हप्ताको २ दिन मात्र नून वितरण गर्ने गरिएको पाइयो । सोलुखुम्बु र अछाममा स्थानीय सहकारीलाई पनि नून वितरणमा प्रयोग गरिएको पाइयो । तर अन्य जिल्लामा त्यस्तो नदेखिएको हुँदादुर्गम गा.वि.स.मा नून वितरण प्रक्रियालाई प्रभावकारी बनाउन स्थानीय सहकारी तथा सामुदायिक संस्था (संभव भएसम्म महिलाद्वारा सञ्चालित संस्था) लाई न्यूनतम लागतमा नून वितरण प्रक्रियामा प्रयोग गर्नु उपयुक्त हुने देखिन्छ । साथैनून वितरण प्रणालीलाई सहज र सुलभ बनाउन कम्तीमा दुर्गम क्षेत्रका गा.वि.स.स्तरमा हप्ताको ६ दिन पाउने सक्ने व्यबस्था गर्न सके लक्षित वर्गहरु लाभान्वित हुने देखिन्छ ।

५) दुर्गम जिल्लाका लागि आयोडिनयुक्त नून कोटा निर्धारण गर्दा जनसंख्याको अनुपातलाई आधार लिईएको देखिएन । जस्तै हवाई मार्गबाट ढुवानी गर्नु पर्ने हुम्ला र डोल्पामा आवश्यकता भन्दा दोब्बर परिमाणमा कोटा निर्धारण गरेको पाइयो भने अछाम, रोल्पा र गोरखा जिल्लामा जनसंख्याको अनुपातमा अत्यन्तै न्यून परिमाणमा कोटा निर्धारण गरिएको पाइयो ।

६) नूनको प्रयोग सम्बन्धमा जन चेतनाको स्तर पनि अत्यन्तै न्यून रहेको पाइयो । जस्तैःनूनलाई डब्बामा नराखी खुला रुपमा प्रयोग गर्ने गरिएको, नूनलाई अगेनाको छेउमा खुलै राखेर समेत प्रयोग गरिएको, कतिपय दुर्गम स्थानका उपभोक्ताहरुले आयो ब्राण्डको व्यापारिक प्रयोजनको नूनलाई मात्र आयोडिनयुक्त नूनको रुपमा बुझेका र भानु नूनलाई गाई वस्तुलाई खुवाउने र भारत सरकारको सहयोगकोनूनका रुपमा बुझ्ने गरेको समेत पाइयो ।

७) उच्चस्तरीय केन्द्रीय अनुगमन समिति, साल्ट ट्रेडिङ्गका अञ्चल कार्यालय र स्थानीय अनुगमन समितिबाट हुनुपर्ने अनुगमन नियमित हुन सकेको पाइएन । अनुगमनलाई छुट्याइएको बजेट नतिजामूलक हुन नसकेको तथा समग्र अनुगमन प्रभावकारी हुन नसक्दा वितरण प्रणाली, कोटा निर्धारण, दुर्गम जिल्लाको पुनरावलोकन लगायतका कार्यहरु तथ्यपरक हुन सकेको पाइएन ।

### ४.३. सुझाव

कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने क्रममा गरिएको स्थलगत अवलोकन, समूहगत छलफल, जानिफकार व्यक्तिहरुसंग गरिएको अन्तरवार्ता र दस्तावेजको अध्ययनबाट देखिएको मूल्याङ्कन नतिजा, सवाल र निष्कर्षको आधारमा देहायका सुझावहरु प्रस्तुत गरिएको छ :

#### ४.३.१ जनसंख्याको आधारमा कोटा निर्धारण र एकीकृत भण्डारणको व्यवस्था गर्ने

१) जनसंख्याको अनुपातलाई आधार मानेर कोटा निर्धारण गर्नु उपयुक्त हुने देखिन्छ । यसो गर्न सकेको खण्डमा नूनको भण्डारणमा पनि सहजता आउने देखिन्छ ।

२) आयोडिनयुक्त नून जनस्वास्थ्यको आधारभूत आवश्यकताभित्र पर्ने भएकोले यसको दीगो भण्डारणको व्यबस्था गर्नुपर्ने देखिन्छ । सोको लागि खाद्य संस्थानका खाली गोदामहरुलाई प्रयोग गर्ने वा खाद्य, नून तथा कृषि सामग्री (मल विउ) का लागि एकीकृत गोदाम भण्डारणको व्यबस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

३) सदरमुकाम केन्द्रित भण्डारण व्यवस्थालाई गा.वि.स.स्तरसम्म विस्तार गर्नुपर्ने देखिन्छ । यसका लागि गा.वि.स.को परिसर भित्र वा अन्य उपयुक्त सरकारी जग्गाहरुमा एकीकृत गोदाम निर्माण गर्नुपर्ने देखिन्छ ।

४) एकीकृत गोदाम निर्माण गर्दा ढुवानी लागत कम हुने गरी यातायातको सहज पहुँच भएका स्थानमा निर्माण गर्न उपयुक्त देखिन्छ ।

#### ४.३.२ डिपोहरूलाई पहुँच योग्य बनाउने

आयोडिनयुक्त नून वितरणमा लक्षित समूहको पहुँचलाई सुनिश्चित गरी सहज र सरल बनाउन दुर्गम गा.वि.स.हरुमा उप-डिपोहरु खोल्नुपर्ने देखिन्छ । यसका लागि माथि सुझाए अनुसार गा.वि.स., सामुदायिक तथा सहकारी संस्थाहरुलाई प्रयोग गर्न सकिन्छ । वितरण प्रणालीलाई सहज बनाउन हाल केही जिल्लाहरुमा मात्र रहेका उप–डिपोहरुलाई दुर्गम क्षेत्रको आधारमा विस्तार गर्नुपर्ने देखिन्छ ।( *कम्तीमा एक दिनको पैदल यात्राको दूरीमा पर्नेगरी खोल्नुपर्ने, हाल चार दिनसम्मको यात्रा दूरीमा रहेकाछन्, जस्तैः रुकुम, हुम्ला, मुगुआदि जिल्ला*) खाद्य संस्थानका डिपो भएका स्थानमा उनीहरुसँग समन्वय गरी तत् तत् स्थानमा नूनको डिपो अविलम्व खोल्नुपर्ने देखिन्छ ।

#### ४.३.३ समयमै ढुवानी गर्ने

नूनको ढुवानी गर्दा स्थान बिशेषका आधारमा उपयुक्त समयमा सबै परिमाणहरु ढुवानी गरिसक्नुपर्ने देखिन्छ (*हिमाली जिल्लामा वर्षा र हिउँपर्ने समय अगावै र पहाडी जिल्लामा बर्षाको समय अगावै ढुवानी हुनुपर्ने*)। ढुवानी लागत न्यून गर्न सदरमुकाम पुग्नु अगावैका वाटोमा पर्ने उप–डिपो क्षेत्रहरुमा वितरण गर्नुपर्ने

नूनको परिमाण अनलोड हुने व्यबस्था मिलाउनुपर्ने । यसले ढुवानीको दोहोरो लागतलाई समेत न्यून गर्दछ ।

### ४.३.४वितरण प्रणालीलाई सुलभ बनाउने

१) नूनको वितरण प्रणाली सदरमुकाम केन्द्रित भएको देखिएकोले हालको वितरण प्रणालीमा पुनरावलोकन गर्नुपर्ने देखिन्छ । सडक सञ्जालको विकास, यातायात सुविधा पुगेका जिल्ला सदरमुकामहरु तथा गा.वि.स.हरुको संख्यामा भएको बृद्धि समेतलाई आधार मानी नून वितरण प्रक्रियामा निजी क्षेत्र समेतलाई सहभागी गराउने र सदरमुकाम भन्दा टाढा रहेका अति दुर्गम गाविसहरु जहाँ अन्य विकल्पहरु समेत उपलव्ध नभएका गाविसहरुको पुनरावलोकन गरी लक्षित वर्गमा सहज वितरणको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

२) वितरण प्रणालीलाई सहज र सुलभ बनाउन प्रत्येक गा.वि.स.स्तरमा गा.वि.स.लाई वा स्थानीय सहकारी वा सामुदायिक संस्थाहरुलाई सहभागी गराउन उपयुक्त देखिन्छ । अछाम र सोलुखुम्बुमा जस्तै अन्य जिल्लाहरुमा पनि सहकारीलाई प्रयोग गर्न उपयुक्त हुने देखिन्छ ।

३) नून वितरण प्रणालीलाई हप्ताको ६ दिन बनाउँदा दुर्गम क्षेत्रबाट आउने उपभोक्ताहरुलाई सजीलो हुने देखिन्छ । अतः कम्तीमा सरकारी समय वमोजिम हप्ताको ६ दिन डिपो खुला गरी नून बिक्री वितरण गर्नु उपयुक्त देखिन्छ ।

४) नून वितरण प्रक्रियामा संलग्न स्थानीय बितरण समिति (प्र.जि.अ.को संयोजकत्वमा रहने समिति) हरुलाई सक्रीय बनाउनुपर्ने । समितिले समय समयमा नूनको मौज्दात परीक्षण, कुन कुन क्षेत्रका उपभोक्ताहरुले नून खरिद गरेको, नूनको आवश्यकता अनुसारको कोटा निर्धारण, थप डिपोको सिफारिस र दुर्गम क्षेत्रमा सहज आपूर्ति गर्ने बैकल्पिक उपायहरुको व्यबस्था गर्नुपर्ने । यस कार्यमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वदायी र अन्य निकायहरुको सहजीकरण भूमिका जरुरी हुने देखिन्छ ।

### ४.३.५नूनको प्रयोगसम्बन्धी चेतना अभिवृद्धि गर्ने

१) मानव स्वास्थ्यलाई ख्याल गरी आयोडिनयुक्त नूनको सही प्रयोगको लागि जनचेतनाका कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ । यसका लागि स्कुलका शिक्षक तथा विद्यार्थीहरु, सामाजिक परिचालकहरु र सहकारी तथा सामुदायिक संस्थाका सदस्यहरुलाई प्रयोग गर्दा प्रभावकारी हुने देखिन्छ ।

२) सार्वजनिक संचार माधयमवाट पनि जनचेतना वढाउने कार्यक्रम तय गरी प्रशारण गर्नु गराउनु उपयुक्त हुन्छ ।

३) नूनमा भएको आयोडिनलाई प्रयोग अवधिभर संरक्षण गर्न लक्षित समूहका प्रत्येक परिवारलाई २ के.जी.को प्लास्टिकको वट्टा वितरण गरेको खण्डमा आयोडिनको सही सदुपयोग हुने देखिन्छ ।

### ४.३.६ अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने

कण्ठरोग नियन्त्रण कार्यक्रमको केन्द्र र स्थानीय स्तरमा नियमित अनुगमन गरी प्राप्त हुन आएका सुचना, जानकारी तथा सुझावको प्रयोग गरी कार्यक्रमलाई निरन्तर परिमार्जन तथा सुधार गर्नुपर्ने देखिन्छ । नेपाल सरकारले कण्ठरोग नियन्त्रण कार्यक्रमको अनुगमनका लागि छुट्टाइएको बजेटबाट नियमित अनुगमन गरी प्राप्त प्रतिबेदन र अभिलेखनलाई व्यबस्थित गर्नुपर्ने देखिन्छ । यसका लागि केन्द्रीय स्तरमा रहेको अनुगमन समिति र स्थानीय स्तरमा रहेको अनुगमन समितिलाई सक्रीय र प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

### ४.३.७ दीगोपनाको सुनिश्चित्ता गर्ने

नून अत्यावश्यक आयातित बस्तु भएकोले यसको दिगो भण्डारण र वितरणको व्यबस्था हुनु उपयुक्त हुने देखिन्छ । आयोडिनयुक्त नून नियमित उपभोग गर्ने बस्तु भएकोले यसको दिगो व्यवस्थापन गर्न स्थायी संयन्त्रतर्फ पनि ध्यान दिनुपर्ने देखिन्छ । यसका लागि नेपाल सरकारको साल्ट ट्रेडिङ्ग अलावा आफ्नो छुट्टै स्थानीय संयन्त्र बनाउनुपर्ने वा भैरहेको संयन्त्रलाई नून वितरणमा समेत प्रयोग गर्नुपर्ने देखिन्छ । नून वितरण प्रक्रियालाई सरल, सुलभ र प्रभावकारी बनाउन जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिको भूमिकालाई जिम्मेवारी सहित थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

## ४.४ सुझाव कार्यान्वयनमा बिषयगत निकायको भूमिका

मूल्याङ्कनवाट प्राप्त सुझावहरुलाई बार्षिक कार्य तालिका वनाई सम्वद्ध निकायहरुवाट समयवद्ध कायान्वयन गरी लागू गर्नुपर्ने देखिन्छ । अतः कार्यक्रमलाई प्रभावकारी वनाउन सिफारिस गरिएका सुझावहरु कार्यान्वयन गर्न निम्नानुसारका निकायहरुलाई जिम्मेवार वनाउनु उपयुक्त हुने देखिन्छ :

| मुख्य सुझावहरू | सम्वद्ध अन्य सुझावहरू | जिम्मेवार निकायहरू |
|---|---|---|
| ढुवानी अनुदान दिइएका जिल्लाहरुको पुनरावलोकन गर्ने | दुर्गम जिल्ला वा स्थानहरुको पुनरावलोकन गरी हाल यातायात सुविधा पुगिसकेका र नून आपूर्तिको वैकल्पिक व्यवस्था उपलब्ध भएका स्थानमा दिइएको ढुवानी अनुदान हटाई अन्य दुर्गम स्थानमा केन्द्रित हुनु पर्ने । | संचालक समिति (आपूर्ति मन्त्रालय) र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. |
| | ढुवानी अनुदानलाई दुर्गम गाविस स्तरमा पुर्याउनु पर्ने । | |
| वितरण प्रणालीमा सुधार | डिपोहरुलाई हप्ताको ६ दिन खोल्ने व्यवस्था मिलाउने । | जिल्ला स्थित डिपो कार्यालयहरु, जिल्ला अनुगमन तथा वितरण समिति |
| | दुर्गम स्थानको पहिचान गरी तत् तत् क्षेत्रमा थप डिपोहरु स्थापना गर्ने । साथै खाद्य संस्थानका डिपो भएका स्थानमा उनीहरुसँग समन्वय गरी तत् तत् स्थानमा नूनको डिपो अविलम्व खोल्नु पर्ने। | संचालक समिति (आपूर्ति मन्त्रालय) र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. |
| | अन्य संघ संस्थाहरु (आमा समूह, सहकारी, क्लवहरु आदि) लाई समेत वितरणका लागि परिचालन गर्ने । | जिल्लास्थित नून अनुगमन तथा वितरण समिति र डिपो कार्यालयहरु |
| | स्थानीय नून बितरण समितिलाई प्रभावकारी वनउने । | संचालक समिति (आपूर्ति मन्त्रालय), साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. तथा उच्चस्तरीय केन्द्रिय अनुगमन समिति |
| नून वितरणको कोटाको पुनरावलोकन गर्ने | पछिल्लो जनगणनाको विवरणलाई आधार मानी कोटा निर्धारण गर्ने । | संचालक समिति (आपूर्ति मन्त्रालय) र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. |
| | कोटा निर्धारण तथा वितरण प्रणालीलाई प्रभावकारी वनाउन उपयुक्त मापदण्ड वनाइ लागू गर्ने । | संचालक समिति (आपूर्ति मन्त्रालय), साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि., जिल्लास्थित नून अनुगमन तथा वितरण समिति र डिपो कार्यालयहरु |
| | अघिल्लो वर्षको खपत समेतको विवरणलाई पछिल्लो वर्षको कोटा निर्धारणको आधार बनाउने । | जिल्ला स्थित नून अनुगमन तथा वितरण समिति र डिपो कार्यालयहरु |

| | | |
|---|---|---|
| गुणस्तर कायम राख्ने | साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.वाट खरिद हुने नूनको गुणस्तर तोकिएको मापदण्ड वमोजिम भए नभएको सम्बन्धमा समय समयमा परीक्षण गरी सार्वजनिक गर्ने । | साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. |
| | नूनमा हुने आयोडिन पानीमा वग्ने र घाममा उड्न सक्ने हुदा भण्डारण गर्दा उचित प्रवन्ध मिलाउने । | संचालक समिति (आपूर्ति मन्त्रालय), साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि., जिल्ला स्थित नून अनुगमन तथा वितरण समिति र डिपो कार्यालयहरु |
| भण्डारण व्यवस्थामा सुधार | अन्य निकायका खाली गोदाम प्रयोग गर्ने प्रवन्ध मिलाउने । | संचालक समिति (आपूर्ति मन्त्रालय) र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.,जिल्ला अनुगमन तथा वितरण समिति |
| | खाद्य संस्थान, कृषि सामाग्री संस्थान आदिसँग उपयुक्त स्थानको पहिचान गरी एकीकृत भण्डारण व्यवस्था मिलाउने । | संचालक समिति (आपूर्ति मन्त्रालय) र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि., |
| | आपूर्ति प्रक्रियामा आउन सक्ने अवरोधलाई मध्य नजर राखी पर्याप्त मौजदातको व्यवस्था मिलाउने । | |
| नूनको प्रयोग सम्वन्धी सुझावहरु | मानव स्वास्थ्यलाई ख्याल गरी आयोडिनयुक्त नूनको सही प्रयोगको लागि स्थानीय स्कुलका शिक्षक तथा विद्यार्थीहरु, सामाजिक परिचालकहरु, सहकारी तथा सामुदायिक संस्थाका सदस्यहरु, रेडियो, टिभी, पत्रपत्रिका आदिका माध्यमवाट जनचेतनाका कार्यक्रमहरु संचालन गर्ने । | संचालक समिति (आपूर्ति मन्त्रालय), साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि., जिल्ला स्थित नून अनुगमन तथा वितरण समिति र डिपो कार्यालयहरु |
| | नूनमा भएको आयोडिनको संरक्षण गर्न प्रत्येक घर परिवारलाई प्लाष्टिकको बट्टा वितरण गर्न प्रवन्ध मिलाउने । | साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. |
| ढुवानी सम्वद्ध सुभावहरु | नूनको ढुवानीलाई समयमै सम्पन्न गर्नेगरी ठेक्का ब्यबस्था मिलाउने । दुर्गम तथा हिमाली भेगमा वर्षात तथा हिमपात पर्नु भन्दा अगावै ठेकेदार मार्फत गराउने व्यवस्था मिलाउने । | ,, ,, |
| | | ,, ,, |
| | नून ढुवानीको ठेक्का प्रक्रीयासँग सम्वन्धित विवरणहरु उच्चस्तरीय अनुगमन समिति र स्थानीय अनुगमन समितिलाई नियमित रुपमा उपलव्ध गराउने प्रवन्ध मिलाउने । | ,, ,, |
| अनुगमन तथा मूल्याङ्कन सम्बद्ध सुझाव | कार्यक्रमलाई प्रभावकारी वनाउन र अनुगमनका लागि छुट्याइएको बजेटलाई नतिजामूलक वनाउन केन्द्रीय स्तरर स्थानीय स्तरमा रहेका अनुगमन समितिलाई सक्रीय र प्रभावकारी बनाउन वार्षिक कार्य तालिका वनाई अनुगमन गर्ने । | उच्चस्तरीय केन्द्रिय अनुगमन समिति तथा जिल्ला स्थित नून अनुगमन तथा वितरण समिति |
| | अनुगमनवाट प्राप्त हुन आएका सुचना, जानकारी तथा सुझावको प्रयोग गरी कार्यक्रमलाई निरन्तर परिमार्जन तथा सुधार गर्नुपर्ने । | संचालक समिति (आपूर्ति मन्त्रालय) र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. |
| | कार्यक्रमको बार्षिक विकास कार्यक्रम स्वीकृत गर्दा अनुगमन तथा मूल्याङ्कनको प्रतिबेदनबाट प्राप्त पृष्ठपोषणको आधारमा कार्यक्रम परिमार्जन गर्न | राष्ट्रिय योजना आयोग र संचालक समिति (आपूर्ति मन्त्रालय) |

| | | |
|---|---|---|
| | सम्बन्धित निकायहरुलाई निर्देशन दिने । | |
| | जिल्ला स्तरीय अनुगमन समितिवाट केन्द्रीय स्तरको अनुगमन समितिले नियमित प्रतिवेदन प्राप्त गर्ने । | उच्चस्तरीय केन्द्रिय अनुगमन समिति तथा जिल्ला स्थित नून अनुगमन र वितरण समिति |
| दीगोपना सम्बद्ध सुझावहरु | अनुगमनका प्रतिबेदन तथा अभिलेखलाई व्यबस्थित गरी पृष्ठपोषणका रुपमा उपयोग गर्ने । दिगो भण्डारण र वितरणको व्यबस्थाका लागि छुट्टै स्थानीय संयन्त्र (उपभोक्ता तथा अन्य संघसंस्थाहरु समेतको संलग्नतामा) बनाउनुपर्ने । | संचालक समिति (आपूर्ति मन्त्रालय), साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि., जिल्ला स्थित नून अनुगमन तथा वितरण समिति र डिपो कार्यालयहरु |
| | नून वितरण प्रक्रियालाई सरल, सुलभ र प्रभावकारी बनाउन जिल्ला प्रशासन कार्यालय र सम्वद्ध निकायहरुको भूमिकालाई जिम्मेवारी सहित थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ । | संचालक समिति (आपूर्ति मन्त्रालय) र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. |
| | दातृ निकायसँग सहयोगका लागि समन्वय तथा प्रयास गर्ने । | राष्ट्रिय योजना आयोग र संचालक समिति (आपूर्ति मन्त्रालय) |
| लेखासम्बद्ध सुझावहरु | कार्यक्रमको छुट्टै आय व्ययको लेखा राखी नून वितरणको स्पष्ट लागत खुल्ले अभिलेखहरु तयार गर्ने । | साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. |
| | नूनको प्राप्ती, बिक्री बितरण र बाँकी मौज्दातको स्पष्ट विवरण देखिने गरी अभिलेखहरु तयार गरी राख्ने । | जिल्लास्थित नून अनुगमन तथा वितरण समिति र डिपो कार्यालयहरु |
| कार्यक्रम स्वीकृत सम्बद्ध सुझावहरु | कार्यक्रम स्वीकृत गर्दा अनुगमन तथा मूल्याङ्कनको प्रतिबेदनबाट प्राप्त पृष्ठपोषणको आधारमा कार्यक्रम परिमार्जन गर्न सम्बन्धित निकायहरुलाई निर्देशन दिने । | राष्ट्रिय योजना आयोग र संचालक समिति (आपूर्ति मन्त्रालय) |
| | सरोकारवालाहरुसँग छलफल गरी बार्षिक कार्यक्रम तर्जुमा गर्ने, सोको समय भित्र स्वीकृति गर्ने गराउने, सम्वन्धित निकायलाई समयमा अख्तियारी तथा निकासा प्रदान गर्ने, | संचालक समिति (आपूर्ति मन्त्रालय) र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. |
| अनियमितता माथि कारवाही गर्ने | अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनका आधारमा अनियमित वा नियम विपरित कार्य गरेको पाइएमा त्यस्ता पदाधिकारीहरुलाई कानून वमोजिम कारवाही गर्ने । | |

# अनुसूची १

## कण्ठरोग नियन्त्रण कार्यक्रमका आन्तरिक मूल्याङ्कनकर्ताहरू

यस कार्यक्रमको आन्तरिकमूल्याङ्कन कार्यमा राष्ट्रिय योजना आयोगको सचिवालयमा कार्यरत कर्मचारीहरुमध्ये कार्यक्रम निर्देशकहरुरामप्रसाद आचार्य, श्यामप्रसाद भण्डारी,गोकुल खड्का र अर्जुन निरौला, योजना अधिकृतहरुमध्ये राजुप्रसाद पौडेल, अनुप के.सी., निरञ्जन ज्ञवाली, केशव श्रेष्ठ, जमुना मिश्र, मीनादेवी श्रेष्ठ, राजन भट्टराई, टा.ना.सु. केदार तण्डुकार रसाल्ट ट्रेडिङ्ग कर्पोरेशनमा कार्यरत कर्मचारीहरुमध्ये प्रवन्धक रामचन्द्र महतो, सहायक प्रवन्धक कृष्ण कुमार शाक्य, र अधिकृत शर्मिला शाक्य सहभागी भई मूल्याङ्कन गरिएको छ । सहभागीहरुको फोटो तलको चित्रमा रहेको छ ।



**कण्ठरोग नियन्त्रण कार्यक्रमका आन्तरिक मुल्याङ्कनकर्ताहरू**

# अनुसूची २
## कण्ठरोग नियन्त्रण कार्यक्रमको मूल्याङ्कन योजना(Matrix)

| मूल्याङ्कन परिसूचकहरू | मूल्याङ्कनका मूख्य प्रश्नहरू | मूल्याङ्कनका उप प्रश्नहरू | निर्णयका आधारहरू | आवश्यक तथ्याङ्कका श्रोतहरू | तथ्याङ्क संकलन बिधि | तथ्याङ्कबिश्लेषण बिधि | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| सान्दर्भिकता | कण्ठरोग नियन्त्रण कार्यक्रमको कार्यान्वयन प्रक्रिया कति उपर्युक्त र औचित्यपूर्ण छ? | • कण्ठरोग नियन्त्रण कार्यक्रमको कार्यान्वयन नेपाल सरकारले दिएको कार्य**बिधि** अनुसार भएको छ/छैन ?<br>• नून ढुवानी प्रक्रिया ठेक्का मार्फत भएको भए ठेक्का लगाउने प्रक्रिया कस्तो छ ?<br>• कण्ठरोग नियन्त्रण कार्यक्रम बिभिन्न चरणमा कार्यान्वयन भएको थियो कि एकै चरणमा कार्यान्वयन भएको हो ? | अवलम्बन गरिएका विभिन्न प्रकियाको तुलना अनुभूति बिश्लेषण | कार्यक्रम संचालन सम्बन्धी कार्य**बिधि**, संचालक समितिका बैठकका निर्णयहरु, आवधिक योजना तथावार्षिक विकास कार्यक्रम | प्राथामिक तथा द्वितीय सूचना संकलन बिधि | तालिकीकरण, त्रिभूजीकरण, विश्लेषणात्मक, व्याख्यात्मक विश्लेषण विधि | मूल्याङ्कनका टोलीका सदस्यहरु |
| | कण्ठरोग नियन्त्रण कार्यक्रमसरकारी नीति र राष्ट्रिय प्राथमिकतामा सँग मेल खान्छ कि खादैन ? | • यस कार्यक्रमको उद्धेश्य राष्ट्रिय लक्ष्यसँग मेल खान्छ / खांदैन ?<br>• यो कार्यक्रम कार्यन्वयनको चरणमा कुन प्राथमिकतामा छ ?($P_1$,$P_2$, $P_3$)<br>• यस कार्यक्रमलाई केन्द्रीय निकायहरुले कतिको स्वामित्व लिएको/महत्व दिएको पाउनुभएको छ ? | तुलनात्मक बिश्लेषण अनुभुति बिश्लेषण | राष्ट्रिय योजना आयोगको बार्षिक बिकास कार्यकम | द्वितीय सूचना संकलन बिधि | विश्लेषणात्मक, व्याख्यात्मक विश्लेषण विधि | मूल्याङ्कनका टोलीका सदस्यहरु |
| | कण्ठरोग नियन्त्रण कार्यक्रमकार्यान्वयन पक्षको उपर्युक्तता कस्तो छ? | • कार्यक्रम कार्यान्वयनको नमुना कस्तो थियो ? (केन्द्रदेखि तल वा तलबाट माथि)<br>• कार्यक्रम कार्यान्वयनको सन्दर्भमा केन्द्रबाट कतिको हस्तक्षेप वा सहयोग भएको छ ? | तुलनात्मक बिश्लेषण अनुभुति बिश्लेषण | कार्यक्रम कार्यान्वयनका विवरण, मुख्य सुचनादातासंग अन्तरबार्ता, समूह छलफल | प्राथामिक तथा द्वितीय सूचना संकलन बिधि | तालिकीकरण, त्रिभूजीकरण, विश्लेषणात्मक, व्याख्यात्मक विश्लेषण विधि | मूल्याङ्कनका टोलीका सदस्यहरु |
| | कण्ठरोग नियन्त्रण कार्यक्रम लक्षित भौगोलिक क्षेत्र र जनसंख्या आकार अनुरुप उपयुक्तता थिए कि थिएनन् ? | • कार्यक्रमले समेटने लक्ष्य राखेको भौगोलिक क्षेत्रफल र जनसंख्याको आकार कति हो ?<br>• लक्ष्य अनुसार भौगोलिक क्षेत्र र जनसंख्यालाई कार्यक्रमले समेटेको छ कि छैन ? | तुलनात्मक बिश्लेषण अनुभुति बिश्लेषण | कार्यक्रम कार्यान्वयनका विवरण, जनसंख्याको प्रतिवेदन, मुख्य सुचनादातासंग अन्तरवार्ता, समूह छलफल आदि । | प्राथामिक तथा द्वितीय सूचना संकलन बिधि | तालिकीकरण, त्रिभूजीकरण, विश्लेषणात्मक, व्याख्यात्मक विश्लेषण विधि | मूल्याङ्कनका टोलीका सदस्यहरु |

| मूल्याङ्कन परिसूचकहरू | मूल्याङ्कनका मूख्य प्रश्नहरू | मूल्याङ्कनका उप प्रश्नहरू | निर्णयका आधारहरू | आवश्यक तथ्याङ्कका श्रोतहरू | तथ्याङ्क संकलन बिधि | तथ्याङ्कबिश्लेषण बिधि | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| प्रभावकारिता | कण्ठरोग नियन्त्रण कार्यक्रम निर्धारित लागत र समयमा सम्पन्न हुने गरेको छ/छैन ? | • कण्ठरोग नियन्त्रण कार्यक्रमकोलागि निर्धारित कुल र जिल्लागत वार्षिक रकम कति थियो ?<br>• यस कार्यक्रमको वार्षिक/चौमासिक समयमा निकासा हुने गरेको छ/छैन ?<br>• नून ढुवानी कार्य वार्षिक कति पटक गर्ने गरिएको छ ? | तुलनात्मक बिश्लेषण<br>अनुभुति बिश्लेषण | कार्यक्रम कार्यान्वयनका विवरण, स्वीकृत बजेट, प्रगति विवरणहरु | प्राथामिक तथा द्वितीय सूचना संकलन बिधि | तालिकीकरण, त्रिभूजीकरण, विश्लेषणात्मक, व्याख्यात्मक विश्लेषण विधि | मूल्याङ्कनका टोलीका सदस्यहरु |
| | लागत र समय फेरवदल भएको भए त्यसका कारणहरु के के थिए? | • ढुवानी गर्ने काम निर्धारित समय र लागतमा सम्पन हुने गरेको छ/छैन ?<br>• यदि समय र लागत फरक परेको भए कति समय र लागत फरक परेको थियो ? | तुलनात्मक बिश्लेषण<br>अनुभुति बिश्लेषण | स्वीकृत बजेट, प्रगति विवरणहरु, डिपो कार्यालयका अभिलेखहरु आदि । | द्वितीय सूचना संकलन बिधि | तालिकीकरण, त्रिभूजीकरण, विश्लेषणात्मक, व्याख्यात्मक विश्लेषण विधि | मूल्याङ्कनका टोलीका सदस्यहरु |
| | लागत र समयमा फेरवदल भएकोभए कारणहरु ब्यबस्थित रुपमा अभिलेखीकरण भएका छन कि छैनन् ? | • ढुवानी समय र लागतमा परक पर्नाका कारण के थिए?<br>• ति कारणहरु अभिलेखिकरण भएका छन कि छैनन् ?<br>• अभिलेखिकरण भएका कारणहरु कत्तिको ब्यबस्थित र सहि छन् ? | तुलनात्मक बिश्लेषण<br>अनुभुति बिश्लेषण | प्रगति विवरणहरु, डिपो कार्यालयका अभिलेखहरु आदि । | द्वितीय सूचना संकलन बिधि | तालिकीकरण, त्रिभूजीकरण, विश्लेषणात्मक, व्याख्यात्मक विश्लेषण विधि | मूल्याङ्कनका टोलीका सदस्यहरु |
| | यदि लागत र समय अभिलेखीकरण भएका छैनन् भने यसका मूलभूत कारणहरु के हुन सक्दछन् ? | • अभिलेखिकरण नभएका भए के कारणले अभिलेखिकरण नभएका हुन् ?<br>• अभिलेखिकरण कार्यका लागि जिम्मेवार ब्यक्ति/निकाय कुन कुन हुन् ? | तुलनात्मक बिश्लेषण | प्रगति विवरणहरु, डिपो कार्यालयका अभिलेखहरु आदि | द्वितीय सूचना संकलन बिधि | तालिकीकरण, त्रिभूजीकरण, विश्लेषणात्मक, व्याख्यात्मक विश्लेषण विधि | मूल्याङ्कनका टोलीका सदस्यहरु |
| | कण्ठरोग नियन्त्रण कार्यक्रमले निर्धारित लक्ष्य अनुसारको भौगोलिक क्षेत्र र जनसंख्यालाई आयोडिनयूक्त नून उपलब्ध गराउन सकेको छ कि छैन ? | • कार्यक्रमले कति भौगोलिक क्षेत्र र जनसंख्यालाइ आयोडिनयूक्त नून उपलब्ध गराएको छ ?<br>• लक्ष्य अनुसार घटि वा बढि के हो ?<br>• ढुवानी लागतको आधारमा कार्यक्रमले पुयाएको सेवा कम, ठिक्क वा बढि के हो? | तुलनात्मक बिश्लेषण<br>अनुभुति बिस्लेषण | तोकिएको लक्ष्य र प्रगति प्रतिवेदनहरु, मुख्य सुचनादातासंग अन्तरबार्ता, समूह छलफल | प्राथामिक तथा द्वितीय सूचना संकलन बिधि | तालिकीकरण, त्रिभूजीकरण, विश्लेषणात्मक, व्याख्यात्मक विश्लेषण विधि | मूल्याङ्कनका टोलीका सदस्यहरु |
| | यदि कार्यक्रमले लक्ष्य अनुसारका सेवा प्रदान गर्न नसकेको भए त्यसका कारणहरु के के होलान् ? | • लक्ष्य र प्रगति बिचको अन्तर के कस्तो रहेको छ ?<br>• लक्ष्य र प्रगति बिचको अन्तर भएको भए त्यसका कारणहरु के के हुन सक्छन् ? | तुलनात्मक बिश्लेषण<br>अनुभुति बिश्लेषण | तोकिएको लक्ष्य र प्रगति प्रतिवेदनहरु, मुख्य सुचनादातासंग अन्तरबार्ता, | प्राथामिक तथा द्वितीय सूचना संकलन बिधि | तालिकीकरण, त्रिभूजीकरण, विश्लेषणात्मक, व्याख्यात्मक विश्लेषण विधि | मूल्याङ्कनका टोलीका सदस्यहरु |

| मूल्याङ्कन परिसूचकहरू | मूल्याङ्कनका मूख्य प्रश्नहरू | मूल्याङ्कनका उप प्रश्नहरू | निर्णयका आधारहरू | आवश्यक तथ्याङ्कका श्रोतहरू | तथ्याङ्क संकलन बिधि | तथ्याङ्कबिश्लेषण बिधि | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| | | | | समूह छलफल | | | |
| | कार्यक्रमबाट उपलब्ध आयोडिनयुक्त नूनको गुणस्तर कस्तो छ ? | • कार्यक्रमले आपूर्ति गरेको आयोडिनयूक्त नूनको गुणस्तर कस्तो छ ?<br>• निर्धारित मापदण्ड र आपूर्ति भएको नूनको गुणस्तरमा फरक छ कि छैन ? | तुलनात्मक बिश्लेषण<br>अनुभुति बिश्लेषण | साल्ट ट्रेडिङ्गका केन्द्रिय तथा क्षेत्रीय कार्यालयहरुमा गरिने परिक्षण, खाद्य तथा गुणस्तर नियन्त्रण विभागका प्रतिवेदनहरु | द्वितीय सूचना संकलन बिधि | तालिकीकरण, त्रिभूजीकरण, विश्लेषणात्मक, व्याख्यात्मक विश्लेषण विधि | मूल्याङ्कनका टोलीका सदस्यहरु |
| कार्यदक्षता | कण्ठरोग नियन्त्रण कार्यक्रमको लागि बिनियोजित रकम निर्धारित समयमा केन्द्रबाट निकासा हुने गरेको छ कि छैन ? | • कार्यक्रमको लागि जिल्लागत बिनियोजित वार्षिक रकम कति हो ?<br>• रकम निकासा समयमा हुने गरेको छ कि छैन ?<br>• कार्यक्रम र अख्तियारी समयमा प्राप्त हुने गरेको छ कि छैन ? | तुलनात्मक बिश्लेषण | साल्ट ट्रेडिङ्ग कर्पोरेसनको आर्थिक प्रतिवेदन, लक्ष्य र प्रगति प्रतिवेदनहरु, मुख्य सुचनादातासंग अन्तरबार्ता | प्राथामिक तथा द्वितीय सूचना संकलन बिधि | ” | ” |
| | यदि बिनियोजित रकम समयमा निकासा नभएको भए त्यसका प्रमुखकारणहरु के थिए? | • कार्यक्रमबाट समयमै निकासाका लागि अनुरोध नभएर ।<br>• अनुरोध भएपनी केन्द्रबाट निकासा नभएर । | तुलनात्मक बिश्लेषण | साल्ट ट्रेडिङ्ग कर्पोरेसनको आर्थिक प्रतिवेदन, लक्ष्य र प्रगति प्रतिवेदनहरु, मुख्य सुचनादातासंग अन्तरबार्ता | प्राथामिक तथा द्वितीय सूचना संकलन बिधि | ” | ” |
| | यदि समयमा बजेट निकासा नभएको भए आयोडिनयूक्त नून ढुवानीमा त्यसको असर कस्तो पर्ने गरेको छ ? | • बजेट समयमा निकासा नहुनाका असर जस्तै: ढुवानी लातगमा बृद्धि, ढुवानी समयमा बृद्धि, र आयोडिनयूक्त नूनको गुणस्तरमा ह्रास । | तुलनात्मक बिश्लेषण | ” | ” | ” | ” |
| | कार्यक्रमले उपलब्ध गराउने आयोडिनयूक्त नूनको निरन्तरता र आवश्यकता अनुसारको उपलब्धता कस्तो छ ? | • आयोडिनयूक्त नूनको आपूर्ति नियमित छ कि छैन ?<br>• आयोडिनयूक्त नूनको आपूर्तिले माग पूर्ति गर्न सकेको छ कि छैन ? | तुलनात्मक बिश्लेषण<br>अनुभुति बिश्लेषण | तोकिएको लक्ष्य र प्रगति प्रतिवेदनहरु, मुख्य सुचनादातासंग अन्तरबार्ता, समूह छलफल | ” | ” | ” |
| | यस कार्यक्रमको लागतको प्रभावकारीता कस्तो छ? | • कार्यक्रमको ढुवानी चरणमा अपेक्षा गरेको लागत र बास्तबिक लागतको फरक कस्तो छ | तुलनात्मक बिश्लेषण | साल्ट ट्रेडिङ्ग कर्पोरेसनको | ” | ” | ” |

| मूल्याङ्कन परिसूचकहरू | मूल्याङ्कनका मूख्य प्रश्नहरू | मूल्याङ्कनका उप प्रश्नहरू | निर्णयका आधारहरू | आवश्यक तथ्याङ्कका श्रोतहरू | तथ्याङ्क संकलन बिधि | तथ्याङ्कबिश्लेषण बिधि | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| | | ?<br>● लागत अनुसार आपूर्ति भएको आयोडिनयूक्त नूनको परिणाम बढि, घटि वा कम के हो ? | अनुभुति बिश्लेषण | आर्थिक प्रतिवेदन, लक्ष्य र प्रगति प्रतिवेदनहरु, मुख्य सुचनादातासंग अन्तरबार्ता | | | |
| | प्रति किलोग्राम आयोडिनयूक्त नून उपलब्ध गराउदा लागेको लागत कति हो ? | ● स्थानीय स्तरमा प्रति किलोग्रामनून उपल्ब्ध गराउँदा लाग्ने लागत खर्च कति हो ?<br>● प्रति किलोग्रामनून उपल्ब्ध गराउँदा कति रकम ढुवानी अनुदान दिने गरिएको छ ? | तुलनात्मक बिश्लेषण | साल्ट ट्रेडिङ्ग कर्पोरेसनको आर्थिक प्रतिवेदन, लक्ष्य र प्रगति प्रतिवेदनहरु, मुख्य सुचनादातासंग अन्तरबार्ता | „ | „ | „ |
| | उपलब्ध आयोडिनयूक्त नून बितरण प्रणालीको कार्यदक्षता कस्तो छ? | ● आयोडिनयूक्त नून बितरण प्रणाली कस्तो छ ? जस्तै मासिक, चौमासिक, वार्षिक, आवश्यकता अनुसार आदि । | बिबेचनात्क बिश्लेषण | तोकिएको लक्ष्य र प्रगति विवरणहरु, स्थलगत भ्रमण, मुख्य सुचनादातासंग अन्तरबार्ता, समूह छलफल | „ | „ | „ |
| | आयोडिनयूक्त नूनको वितरणका लागि प्र.जि.अ.बाट कत्ति प्रभावकारी रुपमा समन्वय हुने गरेको छ ? | ● समितिको बैठक नियमित बसेको छ कि छैन?<br>● समितिको वितरण प्रणाली कस्तो छ ?<br>● समितिले प्रतिवर्ष कति परिमाणमा नून वितरण गर्ने गरेको छ ? | तुलनात्मक एवं बिबेचनात्मक बिश्लेषण | जिल्ला अनुगमन तथा वितरण समितिको माईन्यूट, स्थलगत भ्रमण, मुख्य सुचनादातासंग अन्तरबार्ता, समूह छलफल | „ | „ | „ |
| प्रभाव | आयोडिनयूक्त नूनको उपभोगले मानब स्वास्थ्यमा पारेको प्रभाब कस्तो छ ?<br>(कण्ठरोग/गलगाँणमा आएको कमी, सुस्त मनस्थिती, लाटोपना आदिमा आएको कमी )<br>आयोडिनयूक्त नूनको प्रयोगशैली | ● आयोडिनयूक्त नूनको आपूर्तिले स्थानीय जनताको स्वास्थ्यमा कस्तो असर पारेको छ ?<br>● कण्ठरोग/गलगाँण, सुस्त मनस्थिति, लाटोपना आदिमा आएको परिवर्तन कस्तो छ ?<br>● आयोडिनयूक्त नूनलाई छोपेर राख्ने गर्नु भएको छ ?<br>● आयोडिनयूक्त नूनको प्रयोग वस्तुभाउलाई | तुलनात्मक एवं बिबेचनात्मक बिश्लेषण | स्थानीय स्वास्थ्य संस्थाका अभिलेख, उपभोक्ता सँग समूह केन्द्रित छलफल, मुख्य सुचनादातासँग | „ | „ | „ |

| मूल्याङ्कन परिसूचकहरू | मूल्याङ्कनका मूख्य प्रश्नहरू | मूल्याङ्कनका उप प्रश्नहरू | निर्णयका आधारहरू | आवश्यक तथ्याङ्कका श्रोतहरू | तथ्याङ्क संकलन बिधि | तथ्याङ्कबिश्लेषण बिधि | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| | कस्तो छ ? | समेत गर्ने गरिएको छ कि छैन ? यदि छ भने यसको प्रभाव कस्तो पाउनुभएको छ ? | | अन्तरबार्ता | | | |
| दिगोपना | कण्ठरोग नियन्त्रण कार्यक्रमको लक्षित भौगोलिक क्षेत्र र जनतामा आयोडिनयूक्त नूनको वितरणको दिगोपना कस्तो छ ? | • कण्ठरोग नियन्त्रण कार्यक्रमको आयोडिनयूक्त नून ढुवानीको श्रोत (नेपाल सरकार, बैदेशिक) के हो?<br>• आयोडिनयूक्त नूनकोश्रोत (नेपाल सरकार, बैदेशिक) को दिगोपना कस्तो छ ?<br>• कार्यक्रम अन्तर्गत आयोडिनयूक्त नून ढुवानीको निरन्तरता कस्तो छ ?<br>• कण्ठरोग नियन्त्रण कार्यक्रमको आयोडिनयूक्त नून ढुवानीको निरन्तरताका लागि बजेट विनियोजन ब्यवस्था कस्तो छ ? | तुलनात्मक एवं बिबेचनात्मक बिश्लेषण | उपभोक्ता सँग समूह केन्द्रित छलफल, मुख्य सुचनादातासँग अन्तरबार्ता | ” | ” | ” |
| अधिकारवाला उपभोक्ताको सन्तुष्टि | आयोडिनयूक्त नून वितरणको गुणस्तरबारे सम्बन्धित उपभोक्ताको सन्तुष्टि कस्तो छ ? | • आयोडिनयूक्त नून वितरणको उपभोक्ताको सन्तुष्टि कस्तो छ? | तुलनात्मक एवं बिबेचनात्मक बिश्लेषण | उपभोक्ता, राजनीतिक दलहरु सञ्चारकर्मीहरु संग समूह केन्द्रित छलफल, | ” | ” | ” |
| | यो कार्यक्रम कुनै कारणबस सञ्चालन हुन सकेन भने कस्तो असर पर्छ ? | • आर्थिक असर ?<br>• स्वास्थ्य सम्बन्धी असर ?<br>• अन्य असर ? | तुलनात्मक एवं बिबेचनात्मक बिश्लेषण | उपभोक्ता, राजनीतिक दलहरु, स्वास्थकर्मीहरु, सञ्चारकर्मीहरु संग समूह केन्द्रित छलफल, मुख्य सुचनादातासँग अन्तरबार्ता | ” | ” | ” |
| समावेशीकरण | आयोडिनयूक्त नून वितरणमा सम्बन्धित उपभोक्ताको सहभागिता हुने गरेको छ / छैन? | • छ भने कुनतहमा र कस्ता कार्यहरुमा हुने गरेको छ?<br>• यदि सहभागिता हुने गरेका छैन भने त्यसको कारणहरु के होलान् ? | तुलनात्मक एवं बिबेचनात्मक बिश्लेषण | उपभोक्ता संग समूह केन्द्रित छलफल, स्थलगत भ्रमण | ” | ” | ” |
| पहुँच | यस कार्यक्रममा आयोडिनयूक्त नून वितरणमा सबै समूह र बर्गका ब्यक्तिहरुमा समान रुपले भएको छ कि छैन? | • आयोडिनयूक्त नून वितरण सबै समूह र बर्गका ब्यक्तिहरुमा समान छ कि छैन ?<br>• कुनै प्रकारको बिभेद छ कि ? | तुलनात्मक एवं बिबेचनात्मक बिश्लेषण | उपभोक्तासंग समूह केन्द्रित छलफल, स्थलगत भ्रमण | ” | ” | ” |

## अनुसूची३

### केन्द्र र स्थानीयतहमा मुख्य जानिफकारसंगको अन्तरवार्ता र समूहगत छलफलको चेक लिष्ट

**(क) सान्दर्भिकता**

- कण्ठ रोग भन्नाले कुनकुनअवस्थाबुझिन्छ?तपाईहरुलाई के थाहा छ?
- कण्ठरोग नियन्त्रणका सम्बन्धमाकार्य गर्ने संस्थावाआयोजनाकावारेमातपाईहरुलाई के थाहा छ?
- कण्ठरोग नियन्त्रणकार्यक्रमको कार्यान्वयनकार्यबिधिबारे तपाईहरुलाई थाहा छ
- नूनढुवानीकालागि ठेक्कालगाउने प्रकियाकाबारेमातपाईहरुलाई जानकारी छ
- कण्ठरोग नियन्त्रणकार्यक्रमकति चरणमाकार्यान्वयनभएको थियो ?
- कण्ठरोग नियन्त्रणकार्यक्रमको उदेश्यको वारेमातपाईहरुलाई थाहा छ?
- तपाईहरुको विचारमाकण्ठरोग नियन्त्रणकार्यक्रम कतिको आवश्यक छ?
- कण्ठरोग नियन्त्रणकार्यक्रमकार्यान्वयनमा नेपाल सरकार अन्यनिकाय र अधिकारवालाहरुका वीच के कस्तो सहकार्य हुने गरेको छ?
- कण्ठरोग नियन्त्रणआयोजनाकुनकुनजिल्लामालागू भएको छ?

**(ख) प्रभावकारिता**

- कण्ठरोग नियन्त्रणकार्यक्रमकालागि बजेट ब्यबस्थाकस्तो छ?
- नूनढुवानीकार्य कहिले, कसरी र कतिपटकगरिएको छ?
- ढुवानीका साधन र लागतको अवस्थाकस्तो छ?
- नूनढुवानीको समय, लागत र फरकपनाको अभिलेखीकरणगर्ने गरिएको छ?
- अभिलेखको अवस्थाकस्तो छ?
- कार्यक्रम संचालनभएकाजिल्लामालक्ष्यअनुसार नूनढुवानीभएको छ छैन?
- ढुवानीलागतको आधारमाकार्यक्रमले पुऱ्याएको सेवाअतिउत्तम, उत्तम, सामान्यकस्तो छ?
- भौतिकलक्ष्यको तुलनामाजिल्लामाप्रगतिहासिलभएको छ छैन?
- गुणस्तरीय नूनमाकुनकुनतत्वहुनआवश्यक पर्दछ र आयोजनाले उपलब्ध गराउंदै आएको आयोनूनको गुणस्तर कस्तो छ?

**(ग) कार्यदक्षता**

- गुणस्तरीय नूनको माग र आपूर्ति (ढुवानी) को अवस्थाकस्तो छ?
- नूनढुवानीको अनुमानितलागत र यथार्थ लागतको अवस्थाकस्तो छ?
- स्थानीय स्तरमाप्रति किलोग्रामनूनउपल्ब्ध गराउँदालाग्ने लागतखर्च कतिहो ?
- सरकारले नूनढुवानीगर्दा दिने अनुदानकावारेमातपाइहरुलाई के थाहा छ ?
- आयोडिनयूक्तनूनबितरणप्रणालीकस्तो छ ? के कस्तो सुधारको आवश्यक छ?
- कण्ठरोग नियन्त्रण संचालन समितिबारे तपाईलाई के थाहा छ?
- नूनढुवानीवितरणप्रणालीमा के कस्तो सुधार आवश्यक छ?
- कार्यक्रमकालागि समयमा बजेट निकासा, कार्यक्रम र अख्तियारी प्राप्तहुने गरेको छ छैन?
- समयमा बजेट निकासा, कार्यक्रम र अख्तियारी प्राप्तनभएकाले के कस्ता असरहरु परेकाछन्?
- आयोडिनयूक्तनूनप्रयोग गर्नु भन्दाअगाडितपाईहरुले कस्तो नूनप्रयोग गर्नुहुन्थ्यो?
- कहाँबाटप्राप्तगर्नुहुन्थ्यो?

(घ) **प्रभाव**

- आयोडिनयूक्तनूनतपाईले कहिले देखि प्रयोग गर्न थाल्नु भएको हो?
- पहिले प्रयोग गर्ने गरेको र आयोडिनयुक्तनूनको प्रयोगमा स्वाद र सन्तुष्टिमा के फरक पाउनु भयो?
- आयोडिन रहित र सहितको नूनको मूल्यमाकति फरक पाउनु भयो?
- आयोडिनयूक्तनूनको आपूर्तिले स्थानीयजनताको स्वास्थ्यमाकस्तो असर पारेको छ ?
- आयोडिनयुक्तनूनको प्रयोग बस्तु भाउमा समेत प्रयोग गर्ने गरिएको छ छैन?प्रयोग गरिएको छ भने त्यसको प्रभावकस्तो छ?

(ङ.) **दिगोपना**

- कण्ठरोग नियन्त्रणकार्यक्रमको आयोडिनयूक्तनूनको श्रोत के हो
- आयोडिनयूक्तनूनवितरणप्रणालीबाटतपाई सन्तुष्टिहुनुहुन्छ?
- समयमा र सहज रुपमाआयोडिनयुक्तनूनप्राप्तभएपछितपाईहरुले के कस्तो असर अनुभवगर्नु भएको छ?जस्तै आर्थिक, स्वास्य सम्बन्धीवाअन्यकुनै ।
- फरक छ भने उल्लेखगर्नुहोस्?
- आयोडिनयूक्तनूनवितरण सबै समूह र बर्गकाव्यक्तिहरुमा समान छ कि छैन ?

# अनुसूची ४

## स्थलगत मूल्याङ्कन भ्रमणका क्रममा भएको मुख्य जानिफकारहरूसंगको अन्तरवार्ता र समूहगत छलफलको सारांश

कण्ठरोग नियन्त्रण कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने प्रयोजनका लागि नमूना छनौटमा परेका सात जिल्लाहरु ( सोलुखुम्बु, रुकुम, रोल्पा, मुगु, हुम्ला, अछाम र बाजुरा) मा बिभिन्न सरोकारवालाहरुसंग गरिएको समूहगत छलफलबाट निम्नानुसारको सूचना तथा जानकारीहरु प्राप्त हुन आयो ।

**१. स्थानीय स्तरमा गरिएको समूहगत छलफल तथा मुख्य जानिफकारहरूसंगको छलफल**

**क. राजनैतिक दलहरुका स्थानीय प्रतिनिधिहरुसंग भएको समूहगत छलफल (FGD)**

नमूना छनौटमा परेका जिल्लाका स्थानीय राजनीतिक प्रतिनिधिहरुसंग गरिएको छलफल देहाय अनुसार रहेको पाइयो ।


सोलुखुम्बु जिल्लामा हाल उपलब्ध गराइएको कोटाले माग धान्न नसकेको हुंदा कोटा बढाउनुपर्ने माग छलफलबाट आएको र ढुवानी तथा वितरण प्रकृया पारदर्शीनै भएकोले त्यसमा खासै गुनासो नरहेको, पहिला पहिला बितरण प्रकृयामा राजनैतिक दलहरुसंग पनि छलफल हुने तर अहिले सो नभएको गुनासा आएको, बितरण प्रक्रियामा समेत राजनैतिक दलहरुलाइ सहभागी गराउनुपर्ने ।

सोलुखुम्बु जिल्लाका स्थानीय राजनीतिक दलका प्रतिनिधिहरुसंगको छलफल

ढुवानी अनुदानको भानु नूनको प्रयोगका सम्बन्धमा जनचेतनाको कमी रहेको । खुम्बु क्षेत्रका जनताले ढुवानी अनुदानको भानु नूनलाई वस्तुभाउलाई खुवाउने नूनको रुपमा बुझ्केका, भानु नून हेर्दा अलिकति फोहोर तथा घुरमैलो मिसिएको जस्तो देखिने र कुनै कुनै प्याकेटमा त बोराका टुक्राहरु समेत भेटिने हुंदा नूनको गुणस्तरमा ध्यान दिनुपर्ने सोलुखुम्बु जिल्लामा राजनीतिक दलसंग गरिएको छलफलबाट आएको ।

मुगु जिल्लामा नेपाल सरकारले तात्कालिन बाणिज्य तथा आपूर्ति मन्त्रालय (हाल आपूर्ति मन्त्रालय) र साल्ट ट्रेडिङ कर्पोरेशन मार्फत सञ्चालन गरिरहेको कण्ठरोग निवारण कार्यक्रम अत्यन्तै सान्दर्भिक एवं प्रभावकारी रहेको हुंदा उक्त कार्यक्रमलाई आगामी बर्षहरुमा समेत निरन्तरता दिनुपर्ने माग भएको ।

अनुदानको नूनको वितरण तथा पहुँच केवल सदरमुकाम र आसपासका केही गा.वि.स.हरुमा मात्र सीमित रहेको भन्ने धारण छलफलमा आएको । यसैगरी कण्ठरोग निवारण कार्यक्रम अर्न्तगत नून ढुवानी प्रक्रियालाई अझै प्रभावकारी बनाउनुपर्ने, नून ढुवानी कार्यलाई निकै थोरै संख्यामा रहेका डिपोसम्म मात्र सीमित नगरी गाउँ गाउँसम्म पुऱ्याउनुपर्ने सम्बन्धमा आगामी दिनमा पहल गर्नुपर्ने ।




मुगु जिल्लामा गलगांड भएका व्यक्ति नभेटिएको तर सुस्त मनस्थिति भएका केहि वालबालिका भने रहेका जानकारी स्थानीय राजनीतिज्ञबाट समेत आएको । आयोडिनको कमीले हुने रोगमा व्यापक कमी भएको तर आयोडिनयुक्त नूनको प्रयोग वारेमा जनचेतना बढाउनुपर्ने ।

मुगु जिल्लाका राजनीतिज्ञहरुसंगको छलफल

मुगु जिल्लास्थित साल्ट ट्रेडिङ्ग कर्पोरेशनका डिपोहरुको बढाउनुपर्ने (मुख्यतया करान र खत्याड भेगमा) र ढुवानी अनुदानमा बिक्री बितरण हुंदै आएको नूनको कोटा समेत थप्नुपर्ने माग स्थानीय राजनीतिज्ञहरुको रहेको ।
मुगु सदरमुकाम भन्दा बाहिर रहेको सोरुकोट र श्रीकोट डिपोमा स्थायी कर्मचारी खटाई बर्षैभरि नून वितरणको व्यबस्था मिलाउनुपर्ने । हाल बर्षको एक दिन सूचना निकाली नून बाड्ने र बांकी नून स्थानीय व्यापारीलाई एकमुष्ठ दिने प्रचलन हटाउनुपर्ने माग भएको ।

**ख. <u>गा.वि.स सचिवहरुसंग भएको समूह छलफल (FGD)</u>**



२०६८ को जनगणनालाई आधार मानेर घरधुरी अनुसार कोटा निर्धारण गरिएको छ, तर अहिले घरधुरी बढीसकेको अवस्थामा नूनको कोटामा पुनरावलोकन गरिनुपर्ने सोलुखुम्बु जिल्लाका गा.वि.स.हरुसंगको छलफलबाट आएको ।


सोलुखुम्बु जिल्लाका गा.वि.स. सचिवहरुसंग गरिएका छलफल

प्रत्येक घरपरिवारलाई ८ के. जि. का दरले कोटा निर्धारण गरिएकोमा धेरैजसोमा उक्त कोटा अपुग भएको गुनासो । ढुवानी अनुदानको भानु नूनको प्रयोगका सम्बन्धमा जनचेतनाको कमी रहेको छ भने बितरण प्रणलीमा खासै गुनासो छैन ।

**ग. <u>सञ्चार माध्यमका प्रतिनिधिहरुसंग भएको समूह छलफल (FGD)</u>**

रोल्पा, रुकुम, मुगु तथा सोलुखुम्बुका गाँउगाँउमा समेत ढिका नूनको खासै प्रयोग नभएको । उपभोक्ताको माग बमोजिमको पर्याप्त नून नपाइएको । नूनको प्रयोगको सम्बन्धमा जनचेतना बढाउनुपर्ने धारणा आएको छ ।

मुगु तथा सोलुखुम्बु जिल्लामा ढुवानी अनुदानले गर्दा जिल्ला सदरमुकाममा प्रति के.जी. रु.९।- रुपियाँमा उपलब्ध हुनेआयोडिनयुक्त भानु नुन कतिपय दुर्गम गा.वि.स. हरुमा खच्चडबाट २ दिन लगाएर ढुवानी गर्दा रु.५५।- देखि रु.६०।- रुपैयाँसम्म पर्ने गरेको ।त्यसैले गा.वि.स. सम्म लाग्ने ढुवानीमा अनुदान दिए राम्रो हुन्थ्यो भन्ने सुझाव प्राप्त भएको ।



मुगु जिल्लाका संचारकर्मीहरुसंगको छलफल

छनौटमा परेका सात वटै जिल्लाहरुमा गरिएको सञ्चारकर्मीहरुसंगको छलफलमा हिजो आजका नयाँ पुस्तामा आयोडिनको कमीबाट हुने रोग गलगांड भएका मानिसहरु खासै देखानपरेका भन्ने धारणा प्राप्त भएको ।ढुवानी अनुदानले गर्दा जिल्ला सदरमुकाममा प्रति के.जि.रु.९।- रुपियाँमा उपलब्ध हुनेआयोडिनयुक्त भानु नून कतिपय दुर्गम गा.वि.स. हरुमा सहकारी संस्थाहरुलाइ एकमुष्ट जिम्मा दिने गरिएकोमा ११ देखि १६ रुपैयाँसम्म पर्ने गरेको सोलुखुम्बु तथा अछाम जिल्लाका संचारकर्मीहरुसंग गरिएको समूहगत छलफलबाट जानकारी गराइएको ।

मुगु जिल्लामा कण्ठरोग निवारण कार्यक्रम अन्तर्गतको नून बिक्री वितरण कार्यको अनुगमनको पक्ष फितलो रहेको हुंदा यसलाई सुधार गर्नुपर्ने र वितरण समितिमा स्थानीय मिडियाका प्रतिनिधिहरुलाई समेत समेट्नु पर्ने ।नून ढुवानी प्रक्रियामा सुधार गर्नुपर्ने, गोदामको संख्या बढाई स्तरोन्नसत गरिनुपर्ने, डिपोको संख्या बढाउनुपर्ने र नूनको प्रयोग तथा भण्डारण बारे सचेतना कार्यक्रम बढाउनुपर्ने । हाल मुगु जिल्लाको लागि ताकिएको नूनको कोटालाई पूनरावलोकन गरिनुपर्ने र कोटा निर्धारण गर्दा पशु पंक्षीलाई प्रयोग हुने परिमाणको पनि हिसाव गरिनुपर्ने ।

**घ. उपभोक्ताहरुसंग भएको समूह छलफल (FGD)**

प्रत्येक घरपरिवारलाई ८ के. जि. का दरले कोटा निर्धारण गरिएको छ, जुन पर्याप्त नभएको भनेर सोलुखुम्बुका उपभोक्तहरुबाट गुनासो आएको छ ।



सोलुखुम्बुमा उपभोक्ताहरुसंग गरिएको छलफल


सोलुखुम्बु सहित छनौटमा परेका सात वटै जिल्लाहरुमा पहिले पहिले ढिका नुन खाने गरेको तर अहिले धैरैजसोले ढुवानी अनुदानको भानु नुन ( रोल्पामा आयो नुननै अनुदानको रुपमा प्रयोग भएको) नै प्रयोग गर्ने गरेको भन्ने जानकारी प्राप्त भएको छ ।

ढिके नूनको प्रयोग दुर्गम गा.वि.स.मा छिटपुट मात्रामा हुने गरेको र ढिके नूनको धेरै प्रयोग पशु पंछिलाई खुवाउन मात्र प्रयोग हुने गरेको । पहिले पहिले गलगाँड भएका २/४ जना बुढाबुढी देखिन्थे तर नयाँ पुस्तामा आयोडिनको कमीबाट हुने रोग तथा गलगांड भएका मानिसहरु खासै देखानपरेका भन्ने भनाई ।

८-१० प्याकेट अनूदानको नूनको लागि दुर्गमबाट सदरमुकाम सम्म आउन सम्भव नभएकोले गर्दा अनुदानको नूनको बिक्रि वितरणको पहुंच दुर्गम गा.वि.स. हरुमा न्यून देखिएको भन्ने मुगु तथा रुकुम जिल्लाका दुर्गम क्षेत्रका स्थानीयहरुको भनाई रहेको ।

रुकुम, सोलुखुम्बु र मुगु जिल्लामा ढिके नूनको प्रयोग दुर्गम गा.वि.स.मा छिटपुट मात्रामा हुने गरेको र ढिके नूनको धेरै प्रयोग पशु पंछिमा मात्र हुने गरेको जानकारी गराएका छन् ।

छनौट गरिएका सातवटै जिल्लामा पहिले पहिले गलगाँड भएका मानिसहरु २/४ जना बुढाबुढी देखिन्थे तर नया पुस्तामा आयोडिनको कमीबाट हुने रोग गलगांड भएका मानिसहरु खासै देखापरेका छैनन् ।



रुकुम जिल्लाका नून उपभोक्ताहरुसंगको छलफल

पहिले पहिले ढिका नून खाने गरेकोमा तर अहिले अधिकांशले ढुवानी अनुदानको भानु नून नै प्रयोग गर्ने गरेको जानकारी गराएका छन् ।

बाजुरामा १२-१५ प्याकेट अनूदानको नूनको लागि दुर्गमबाट सदरमुकाम अन्य डिपोहरुसम्म आउन सम्भव नभएकोले गर्दा अनुदानको नूनको बिक्रि वितरणको पहुंच दुर्गम गा.वि.स. हरुमा न्यून देखिएको छ भन्ने दुर्गम क्षेत्रका स्थानीयको भनाई रहेको ।

मुगुको सदरमुकाम गमगढी लगायतका आसपासका धेरै गा.वि.स.हरुका वासिन्दाले आयोडिनयुक्त नूननै प्रयोग गर्ने गरेको । गमगढीका बासिन्दाले भने साल्ट ट्रेडिङ कर्पोरेशन को डिपोबाटनै रु.९। म खरिद गरी भानु नून प्रयोग गर्ने गरेका भएपनि अरु गा.वि.स.का धेरैजसो ब्यक्तिले बजारबाट रु.५०। देखि रु.१००। सम्म तिरेर आयोनून प्रयोग गर्ने गरेका ।

मुगुका गाउँहरुमा गलगाँड भएका ब्यक्ति नदेखिएका र आयोनून प्रयोग र भण्डारणका सम्बन्धमा थोरैलाई मात्र जानकारी भएको ।

मुगुको सदरमुकाम गमगढी लगायतका आसपासका धेरै गा.वि.स.हरुका वासिन्दाले आयोडिनयुक्त नूननै प्रयोग गर्ने गरेको । गमगढीका बासिन्दाले भने साल्ट ट्रेडिङ कर्पोरेशन को डिपोबाटनै रु.९। म खरिद गरी भानु नून प्रयोग गर्ने गरेका भएपनि अरु गा.वि.स.का धेरैजसो व्यक्तिले बजारबाट रु.५०। देखि रु.१००। सम्म तिरेर आयोनून प्रयोग गर्ने गरेका ।

मुगु जिल्लाका नून उपभोक्ताहरुसंगको छलफल

रु.२५। मा बजारमा आयो नून पाइने तर भानु नून भने बजारमा किन्न नपाइने । अनुदानको नून लिन झन्झट भएकोले बजारबाट आयो नून खरिद गरी प्रयोग गर्ने गरेको । ढिके नून पशुहरुलाई बढि खुवाइने ।

रोल्पा सदरमुकाममै धेरै जसो व्यक्तिलाई साल्ट ट्रेडिङ्गको डिपोबारे जानकारी नभएको र जानकारी भएका व्यक्तिहरुले पनि डिपोमा गएर नून किन्ने नगरेको । धेरै जसोले बजारबाटनै नून खरिद गरी प्रयोग गर्ने गरेको ।

गाउँमा भने अनुदानको नूनको अभाव रहेको । डिपो सदरमुकाममा मात्र रहेकोले गाउँका मानिसहरु अनुदानको नून किन्नकै लागि पनि १-२ दिन लगाएर सदरमुकाम आउनुपर्ने वाध्यता रहेको ।

रोल्पाको लिवाङ बजार तुलनात्मक रुपमा सुगम भएकोले बजारमा प्रशस्तै व्यापारिक आयो नून पाइने हुंदा अनुदानको नूनको वास्ता कम भएको । डिपोमा सस्तो पाइएता पनि मानिसहरु त्याहांबाट नून नकिन्ने, यसले लिवाङका वासिन्दाको आर्थिक स्तर बढेको संकेत गरेको भनि जानकारी दिएका छन् ।

रोल्पामा अनुदानको नून र बजारमा बिक्री वितरण भइरहेको आयो नूनको प्याकेजिङ्ग एउटै रहेकोले उपभोक्तामा पनि अनुदानको नूनबारे अलमल देखिएको ।
रोल्पाको धेरैजसो व्यक्तिहरुले आयोनून प्रयोग गर्ने गरेको तर साल्ट ट्रेडिङ्गको डिपोबाट बिक्री वितरण भएको आयो नून बारे धेरैलाई जानकारी नभएको । बजारबाट रु.२५। देखि रु.४०।- सम्म तिरेर आयो नून खरिद गरी प्रयोग गर्ने गरेको भन्ने जानकारी पाइयो ।

रोल्पा जिल्लाका उपभोक्ताहरुसंग गरिएको छलफल

हुम्ला जिल्लामा हवाई यातायातबाट मात्र अनुदानको आयो नून ढुवानी हुने गरेको जस्ले हुम्लाको सदरमुकाम सिमकोटलाई मात्र पुग्ने गरेको । उत्तरी नाका हिल्सामा चीनतिरबाट नून ल्याई आयोडाइज्ड गरी वितरण गरिएको । सदरमुकाम नून लिन आउनलाई चार दिनसम्मको बाटो हिड्नुपर्ने दुर्गम गा.वि.स.हरु समेत रहेको । श्रीनगर र

सर्केगाढमा उप डिपो रहेपनि ठेक्केदारले त्यंहिका स्थानीयहरुलाई वितरण गर्ने गरेको । त्यो क्षेत्रका दुर्गम क्षेत्रमा बस्ने उपभोत्ताले दुई-तीन दिन लगाएर सदरमुकाम आउनुपर्ने । सदरमुकामको डिपो पनि हप्तामा २ दिनमात्र खोल्ने हुंदा नूनकै लागि सदरमुकाममा २-३ दिन बास बस्नुपर्ने समस्या रहेको छलफमा बताए ।

हुम्लाको सर्केघाट र श्रीनगरमा गा.वि.स.मा राखिएका २ वटा डिपोमा ठेकेदारबाट नुन ढुवानी हुने गरेको तर वितरणका लागि कर्मचारी अभाव भएकोले आसपासका घरधुरीले मात्र नुन प्राप्त गर्ने तर दुर्गमका घरधुरीहरुलाई नुन लिन सदरमुकाम नै आउनु पर्ने समस्या रहेको वारेमा स्थानीय उपभोक्ताहरुसंगको छलफलमा आएको छ ।

हुम्ला जिल्लाका नून उपभोक्ताहरुसंगको छलफल


ढिके नूनको प्रयोग गाउँमा निकै कम हुने गरेको र गाउँमा गलगाड भएका व्यक्तिहरु समेत नदेखिएको ।हुम्ला जिल्लामा हप्ताको २ दिन मात्र नून वितरण हुने गरेकोले दुर्गम गा.वि.स.का जनतालाई नून लिन आउन २ दिन सम्म लाग्ने गरेकोले समस्या भएको जानकारीमा आएको छ ।

अछाम जिल्लामा ढुवानी अनुदानको भानु नुन पर्याप्त नभएको । मँहगो पैसा तिरेर स्थानीय बजारमा उपलब्ध हुने आयो नुन प्रयोग गरेको । पहिले पहिले ढिका नुन खाने गरेकोमा तर अहिले धेरैजसोले ढुवानी अनुदानको भानु नुन नै प्रयोग गर्ने गरेको जानकारी गराएका ।ढिके नूनको प्रयोग दुर्गम गा.वि.स.मा छिटपुट मात्रामा हुने गरेको र ढिके नूनको धेरै प्रयोग पशु पंछिमा मात्र हुने गरेको जानकारी गराएको ।

अछाम जिल्लाका उपभोक्ताहरुसंग गरिएको छलफल

पहिले पहिले गलगाँड भएका मानिसहरु २/४ जना बुढाबुढी देखिन्थे तर नया पुस्तामा आयोडिनको कमीबाट हुने रोग गलगांड भएका मानिसहरु खासै देखानपरेका । जिल्ला सदरमुकाममा प्रति के.जि.९ रुपियाँमा उपलब्ध हुनेआयोडिनयुक्त भानु नून कतिपय दुर्गम गा.वि.स.हरुमा सहकारी संस्थाहरुलाई एकमुष्ट जिम्मा दिने गरिएकोमा ११ देखि १६ रुपैयाँसम्म पर्ने गरेकोले गा.वि.स. सम्म लाग्ने ढुवानीमा अनुदान दिए राम्रो हुन्थ्यो । नूनको प्रयोगको सम्बन्धमा जनचेतना बढाउनुपर्ने देखिन्छ ।

बाजुरा जिल्लाको माथिल्लो वेल्टका ११ गा.वि.स.का कतिपयले ढुवानी अनुदानको भानु नूनलाई वस्तुभाउलाई खुवाउने नूनको रुपमा मात्र बुझ्केका छन् । अनुदानमा उपलब्ध हुने नून वस्तुभाउलाइ खुवाएर आफुहरुले अझैपनि मानसरोवर तर्फबाट आएको नून पवित्र हुने भन्दै चीनतर्फबाट आउने ढिके नूननै प्रयोग गर्ने गरेका छन् ।




बाजुरा जिल्लामा १२-१५ प्याकेट अनूदानको नुनको लागि दुर्गमबाट सदरमुकाम अन्य डिपोहरुसम्म आउन सम्भव नभएकोले गर्दा अनुदानको नूनको बिक्रि वितरणको पहुंच दुर्गम गा.वि.स. हरुमा न्यून देखिएको छ भन्ने दुर्गम क्षेत्रका स्थानीयको भनाई रहेको

बाजुरा जिल्लाम उपभोक्ताहरुसंग भएको छलफल

आयोडिनयुक्त भानु नूनको प्रयोगको सम्बन्धमा जनचेतना बढाउनुपर्ने देखिन्छ । माथिल्लो वेल्टका ११ गा.वि.स.का कतिपयले ढुवानी अनुदानको भानु नूनलाई वस्तुभाउलाई खुवाउने नूनको रुपमा मात्र बुझ्केका छन् । अनुदानमा उपलब्ध हुने नून वस्तुभाउलाइ खुवाएर आफुहरुले अझैपनि मानसरोवर तर्फबाट आएको नून पवित्र हुने भन्दै चिनतर्फबाट आउने ढिके नून प्रयोग गर्ने गरेका छन् ।

**ङ. आयोडिनयुक्त नूनको प्रयोग सम्बन्धमा जनचेतना फैलाउन सक्रिय रहेको गै.स.स.हरुसंग भएको समूह छलफल**

सोलुखुम्बु जिल्लामा सुत्केरीहरुका लागि सुनौला हजार दिन कार्यक्रम सञ्चालन गरिएको । गर्भवती भएदेखि कम्तीमा पनि बच्चा २ वर्षको नभएसम्म पौश्टिक आहार, आयोडिनयुक्त नून तथा पोषणसंग सम्बन्धित सवै कुराहरु सिकाउने गरिएको ।दुई बालबालिकाको चिन्ह भएको आयोडिनयुक्त नून खानुहोस् भनेर गर्भवती तथा सुत्केरी महिलाहरुलाई प्रोत्साहित गर्ने गरिएको ।



हरेक वर्षकोFebruary महिनालाई आयोडिन महिना भनेर मनाउने गरिएको र उक्त महिनाभर जनचेतनामूलक र प्रचारात्मक कार्यक्रमहरु सञ्चालन गरेर यस जिल्लाको सबै गा.वि.स. र नगरपालिकाहरुमा आयोडिनको महत्व र प्रयोग विधिका बारेमा बुझाउने प्रयास गरेको ।

सोलुखुम्बु जिल्लाका नूनस्थानीय गै.स.सं.हरुसंगको छलफल

**च. जिल्लामा कार्यरत स्वास्थ्य सेवासंग सम्बन्धित व्यक्तिहरु तथा सामाजिक परिचालकहरुसंग भएको समूह छलफल**


मुगु जिल्लामा आयोडिनयुक्त नूनको पहुंच राम्रो रहेको । पहिला पहिला आयोडिनयुक्त नूनको अभाव रहेता पनि हाल त्यस्तो अभाव नरहेको । उत्तरी भेगका मानिस जसको घरमा धेरै अन्न हुने गर्छ उनिहरुले मात्र तिव्वतको ढिके नून अन्नसंग साटेर प्रयोग गर्ने गरेको । तिब्बतबाट आएको ढिके नून आयो नून भन्दा महङ्गो रहेको ।

मुगु जिल्लामा ढुवानी अनुदानमा बिक्री वितरण भैरहेको नूनको वारेमा स्थानीयमा जानकारी कम भएकोले सोको वारेमा र नूनको प्रयोग तथा भण्डारण बारे जनचेतना बढाउनुपर्ने ।मुगु जिल्लामा अनुदानको नूनको बिक्री बितरण सदरमुकाम र आसपासका गा.वि.स.मा मात्र केन्द्रित रहेको, जिल्लामा आयोडिनयुक्त नूनको कोटा अपुग भएको, र जिल्लाको उत्तरी भेगमा अझैपनि तिव्वतको ढिके नूनको प्रयोग भैरहेको ।

केही व्यापारीहरुले सदरमुकामबाट अनुदानको नून किनेर दुर्गम गाविसमा महंगोमा बिक्री गर्ने गरेको । (भानु नून प्रति प्याकेट रु४५। र आयो नून रु.१२०। सम्म पर्ने ।)दुर्गमका गाविसमा केही मात्रामा ढिके नूनको पनि प्रयोग हुने गरेको । सदरमुकाम र आसपासका गाविस बाहेकका क्षेत्रबाट भानु नून किन्न सदरमुकाममै आइपुग्नुपर्ने जस्को न्यूनतम २ दिन लाग्ने र खर्च पनि बढि लाग्ने हुंदा गाउँमा भानु नूनको प्रयोग कम हुने गरेको ।

यस कण्ठरोग निवारण कार्यक्रम अन्तर्रगत मुगु जिल्लामा बिक्री बितरण भैरहेको आयोडिन युक्त नूनको प्रभाव अत्यन्तै राम्रो देखिएको । जिल्लामा गलगाड भएका व्यक्तिहरु नदेखिएका तर सुस्त मनस्थिति भएका केही वालबालिका फेला परेका । सदरमुकाम बाहेकका डिपोमा कर्मचारी नहुने र सीमित व्यक्ति र व्यापारिलाई मात्र नून बिक्री गरिने व्यबस्थामा सुधार गरिनुपर्ने ।


मुगु जिल्लामा ढुवानी अनुदानको नूनको वितरण प्रणालीमा एकरुपता नभएको र जनसंख्याको आधारमा समेत कोटा निर्धारण नभएको हुंदा सोमा सुधार हुनुपर्ने ।



रुकुम जिल्लामा आयोडिनयुक्त आयो नूनकै प्रयोग धेरै रहेको । ढुवानी अनुदानमा जिल्लास्थित साल्ट ट्रेडिङ्ग कर्पोरेशनका डिपोले बिक्री बितरण गर्ने भानु ब्राण्डको नून सदरमुकाम आसपासका क्षेत्रमा मात्र धेरै प्रयोग हुने तर दुर्गम गाविसहरुमा अनुदानको नूनको पहुंच कमजोर रहेको ।

रुकुम जिल्लाका सामाजिक परिचालकहरुसंगको छलफल


### छ. स्थानीय व्यापारीहरुसंग भएको छलफल



रोल्पामा व्यापारिक प्रयोजनको आयोडिनयुक्त आयो नुन र ढुवानी अनुदानमा विक्री गरिएको नुन पनि आयो नुननै भएकोले वितरण प्रक्रिया प्रभावकारी नदेखिएको । डिपोसंगै रहेका व्यापारिहरुले समेत अनुदानको नुनको वारेमा जानकारी नपाएको र आसपासका क्षेत्रमा आयो नुन व्यापारिक प्रयोजनको लागि बिक्री वितरण भैरहेको पाइएको । केहि व्यापारिहरुले भने अनुदानको नुन उपभोग गरिरहेको बताइएको ।

रोल्पा जिल्लाका स्थानीय व्यापारीहरुसंगको छलफल

रुकुम जिल्लास्थित सोलावाङका स्थानीय व्यापारीका अनुसार भानु नून बजारमा किन्न नपाइने र आयो नून प्रति प्याकेट रु.२५। मा बिक्री गरिरहेको र ढिका नून समेत तीन महिनामा ११ टन दुर्गम गाबिसहरुमा पठाएको । ढिके नून जिल्ला स्थित जलबिद्युत आयोजनाहरुमा अर्थिङ्गको लागि पनि धेरै प्रयोग हुने भन्ने जानकारी प्राप्त भएको छ । रुकुम जिल्ला सदरमुकामका व्यापारि आफुहरुले रु.९।- पर्ने अनुदानको भानु नून प्रयोग गर्ने र व्यापारिक आयो नून महङ्गो मूल्यमा दुर्गम गा.वि.स.मा पठाउने गरेको ।यसैगरी मंसिर, पौष र माघमा अन्य महिना भन्दा बढि नून बिक्री हुने गरेको । दुर्गम क्षेत्रका उपभोक्ताहरुले बर्षायामलाई समेत पुग्ने गरी नून खरिद गर्ने गरेकोले यी महिनाहरुमा नून बिक्री बढि हुने गरेको बताए ।



रुकुम जिल्लास्थित सोलावाङका स्थानीय व्यापारिका अनुसार भानु नून बजारमा किन्न नपाइने र आयो नून प्रति प्याकेट रु.२५। म बिक्री बेचिरहेको र ढिका नून समेत तीन महिनामा ११ टन दुर्गम गाबिसहरुमा पठाएको । ढिके नून जिल्ला स्थित जलबिद्युत आयोजनाहरुमा अर्थिङ्गको लागि पनि धेरै प्रयोग हुने भन्ने जानकारी प्राप्त भएको छ । रुकुम जिल्ला सदरमुकामका व्यापारि आफुहरुले रु.९।- पर्ने अनुदानको भानु नुन प्रयोग गर्ने र व्यापारिक आयो नुन महङ्गो मूल्यमा दुर्गम गा.वि.स.मा पठाउने गरेको ।

रुकुम जिल्लाका स्थानीय व्यापारीहरुसंगको छलफल

**२. स्थानीय स्तरमा गरिएको मुख्य जानिफकारहरूसंगको अन्तरवार्तामा संलग्न पदाधिकारीहरू**

क)<u>साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडका डिपो प्रमुखहरुसंग गरिएको अन्तरवार्ताबाट आएका तथ्यहरु</u>

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडका डिपो प्रमुखहरुसंग गरिएको अन्तरवार्तामा, हाल साल्ट ट्रेडिङ्ग कर्पोरेशनले तोकिएका दुर्गम जिल्लामा रु.९।- प्रति प्याकेटमा अनुदानको भानु नूनको बिक्री गर्दै आएको छ भने रोल्पामा "आयो" ब्राण्डको नून रु.१५।- मा बिक्री गदै आएको ।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन क्षेत्रीय डिपो नेपालगंजका प्रमुखसंगको छलफलमा अनुदानको नुनको ढुवानी प्रक्रिया सम्पूर्ण रुपमा केन्द्रबाट गरिने र सो पक्रियामा क्षेत्रिय डिपो तथा जिल्लास्थित डिपोको कुनै भुमिका नहुने कुरा जानकारी गराइएको । अनुदानको नूनको ढुवानी प्रक्रिया आफैमा पारदर्शि रहेका समेत जानकारी गराइएको छ ।

STCनेपालगंज क्षेत्रीय कार्यालयका प्रमुख तथा अन्य कर्मचारीहरु

यसैगरी मुगु जिल्लामा रहेका श्रीकोट र सोरुकोट उप डिपोमा स्थायी कर्मचारीको व्यबस्था गर्नुपर्ने कुरा जानकारीमा आएको छ । छनौटमा परेका सात वटै जिल्लाका जिल्ला डिपोमा समेत कर्मचारी अपुग रहेको र थप कर्मचारीको व्यबस्था गरिनु पर्ने माग समेत प्राप्त भएको छ ।

अछाम, बाजुरा तथा सोलुखुम्बु जिल्लाका साल्ट ट्रेडिङ्ग लिमिटेड डिपोहरुको भण्डारण क्षमता बढाउनुपर्नेमा समेत सम्बन्धित डिपो प्रमुखहरुको चासो रहेको पाइयो ।

रुकुम जिल्लाका एस.टि.सी. डिपो प्रमुखका अनुसार रुकुम जिल्लामा हाल प्रदान गरिएको अनुदानको नूनको कोटा अपुग भएकोले थप कोटा सिफारिस गर्नुपर्ने भन्ने रहेको छ । त्यसैगरी सोलुखुम्बु, मुगु, रुकुम, र हुम्ला जिल्लाका डिपोहरुको नून भण्डारगृहलाई थप व्यबस्थित बनाउनुका साथै तिनीहरुको क्षमतामा समेत अभिबृद्धि गर्नुपर्ने सुझाव सम्बन्धित डिपो प्रमुखहरुबाट आएको छ ।

सोलुखुम्बु तथा अछाम जिल्लामा अनुदानको नूनको पहुँच र वितरणलाई दुर्गम गा.वि.स. सम्म विस्तार र वितरण गर्न थोरै नाफा लिनेगरी समानुपातिक रुपमा स्थानीय सहकारीहरुलाई जिम्मा दिइएको । हुम्ला जिल्लाको सन्दर्भमा दुर्गम गा.वि.स.हरुमा जनताले सहज रुपमा नुन पाउन नसकेको अवस्था रहेको जानकारी प्राप्त भएको छ ।
रुकुम जिल्लास्थित साल्ट टेड्रिङ्ग कर्पोरेशनको डिपोबाट हालको असहज आपूर्ति व्यबस्थापनमा समेत हप्तामा न्यूनतम प्रति व्यक्ति १-२ प्याकेट नून वितरण भैरहेको छ भने यसभन्दा अगाडि प्रति व्यक्ति १० के.जी. सम्म दिने गरेको तहांका डिपो प्रमुखबाट व्यक्त गरिएको छ । रोल्पा तथा मुगुजिल्लामा भने हप्तामा ६ वटै दिन नून वितरण गरिने गरिएको र सोलुखुम्बु, अछाम, बाजुर, हुम्ला जिल्लामा हप्ताको २ दिन अनुदानको नून वितरण गर्ने गरिएको । त्यसैगरी हुम्ला जिल्लास्थित एस.टि.सी. डिपोबाट हप्ताको २ दिन नून बिक्री वितरण गर्ने गरिएको र त्यहां दुर्गम गा.वि.स.मा ढुवानी सहजताको लागि ५० के.जी. को नूनको वोरालाई २५ के.जी. बनाई बिक्री बितरण गर्ने गरिएको । अनुगमन भ्रमण गरिएका सातैवटा जिल्लामा अनुदानको नूनको ढुवानी व्यबस्थापन साल्ट ट्रेडिङ्ग कर्पोरेशनको स्थानीय डिपोका अलावा जिल्ला प्रशासन कार्यालयको प्रत्यक्ष रोहवरमा हुनुका साथै अनुदानको नून ढुवानी र वितरणका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा नून वितरण समिति समेत रहेको जानकारी सम्बन्धित जिल्लाका डिपो प्रमुखहरुबाट प्राप्त भएको ।

ख)जिल्ला अस्पतालका मेडिकल अधिकृतसंग गरिएको अन्तरवार्ताबाट आएका तथ्यहरु

अनुगमन भ्रमण गरिएका जिल्लाहरुमा आयोडिनको कमीबाट हुने रोग (Hypothroidism) तथा समस्याहरु अत्यन्तै नगन्य मात्र देखिएका र धेरैजसो जिल्लामा कण्ठरोगीहरु नदेखिएको ।
जिल्ला अस्पताल मुगुबाट आयोडिनयुक्त नूनको उचित प्रयोग सम्बन्धमा महिला स्वयंम् सेविकाहरुलाईतालिम दिने गरेको भए तापनि उक्त तालिम अपुग रहेको भनि धारण व्यक्त भएको छ ।

आयो नुनको प्रयोग र भण्डारणको चेतनाका सम्बन्धमा व्यापक अभाव र अज्ञानता रहेको र सम्बन्धित निकायले यस सम्बन्धमा तत्काल आवश्यक कदम चाल्नुपर्ने भनि जिल्ला अस्पताल मुगुका मेडिकल अधिकृतबाट सुझाव प्राप्त भएको छ ।

त्यसैगरी जिल्ला अस्पतालमा समेत आयोडिनको कमीबाट हुने रोगको उपचारको लागि भनेर बिरामी आएको जानकारी नपाइएको अस्पतालका मेडिकल अधिकृतबाट जानकारी गराइएको थियो । मुगु जिल्लामा १-२ जना सुस्त मनस्थिति भएका वालवालिका भेटिएका वारेमा अस्पतालबाट जानकारी गराइएको थियो । त्यसैगरी मुगु जिल्लामा यदाकदा देखिएका केही लाटो लठेब्रो, होचापुड्का र सुस्तमनस्थितिका व्यक्तिहरुमा समेत उक्त समस्या आयोडिनकै कमीले गर्दा भएको हो वा अन्य कुनै कारणले भएको हो भनेर भन्न नसकिने जानकारी प्राप्त भएको । बाजुरा जिल्लामा भने मृत्यु भैसकेको एकजना ब्यक्तिको पोस्टमार्टममा गलगाँड भेटिएको भनि सूचना प्राप्त भएको छ ।

छनौटमा परेका सातवटै जिल्लाका मेडिकल अधिकृतसंगको छलफलबाट ढुवानी अनुदानमा आयोडिनयुक्त नूनको वितरण गर्ने कार्यक्रम एकदमै सान्दर्भिक रहेको र यसलाई जिल्लाका अन्य दुर्गम गा.वि.स. मा समेत विस्तार गर्नुपर्ने सुझाव प्राप्त भएको छ ।

ग)प्रमुख जिल्ला अधिकारीसंग गरिएको अन्तरवार्ताबाट आएका तथ्यहरु

साल्ट टेड्रिङ्ग कर्पोरेशनको प्रत्यक्ष सहभागितामा नेपाल सरकार द्वारा संचालित कण्ठरोग नियन्त्रण कार्यक्रम अन्तरगत आयोडिनयुक्त नूनको ढुवानी तथा वितरण प्रक्रिया पारदर्शि रहेको हुंदा वितरणमा खासै समस्याको सामना गर्नु नपरेको भन्ने तथ्य प्रमुख जिल्ला अधिकारीहरुबाट प्राप्त भएको छ । जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको अनुगमन तथा वितरण समितिको बैठक आवश्यकता अनुसार मात्र बस्ने गरेको पाइयो ।

अनुगमन भ्रमण गरिएका सातैवटा जिल्लाहरुमा अनुदानको नुनप्रति सकारात्मक धारणा रहेको र सहुलियतमा नुन पाउनुलाई राज्यको बलियो उपस्थितिको रुपमा बुझ्ने गरेको । स्थानीय स्तरमा कण्ठरोग नियन्त्रण कार्यक्रमको प्रभाव राम्रो रहेकोले यस कार्यक्रम अन्तरगत बिक्री/ बितरण भइरहेको ढुवानी अनुदानको नुनलाई लक्षित वर्गमुखी र राष्ट्रिय परिचयपत्रको व्यबस्थाबाट गरिवहरुको पहिचान गरेर वितरण तथा अझै विस्तार गर्नुपर्ने सुझाव रुकुम जिल्लाका निमित्त प्र.जि.अ.बाट प्राप्त भएको छ ।

मुगु, रुकुम, बाजुरा तथा हुम्लामा नूनको कोटा निर्धारण गर्दा गा.वि.स. बाट आएको सिफारिसलाई जिल्ला प्रशासन कार्यालयले डिपो प्रमुख तथा जिल्लास्थित सम्पूर्ण राजनीतिक दलका प्रतिनिधिहरुलाई समेत संलग्न गराई निर्णय गर्ने गरेको । तर सोलुखुम्बु र अछाम जिल्लामा भने नूनको कोटा निर्धारणमा राजनीतिक दलका प्रतिनिधिहरुलाई सहभागी नगराउने जानकारी प्राप्त भएको छ ।

यसैगरी ठेकेदारलाई ढुवानी वापतको रकम भुक्तानी गर्दा समेत जिल्ला प्रशासन कार्यालयको सिफारिसमा गरिने गरेको भनेर मुगु जिल्लाका निमित्त प्र.जि.अ.द्वारा जानकारी गराइएको । यसै सन्दर्भमा नूनको कोटा निर्धारण गर्दा पशु पंछीलाई खुवाइने नूनको परिमाणलाई समेत मध्यनजर राख्नुपर्ने ।

ढिकेनूनको प्रयोगमा उल्लेख्य मात्रामा कमी आएको भएता पनि केही जिल्लाका दुर्गम भेग तथा उत्तरी भेगका क्षेत्रमा भने अनुदानको नूनको न्यून उपस्थितिले अझै ढिके नूनको प्रयोग भइरहेको र यसका अलावा नूनको प्रयोग र भण्डारणका सम्बन्धमा पनि स्थानीय जनतामा जनचेतनाको कमी रहेको जानकारी प्राप्त भएको छ ।

अछाम जिल्लामा अनुदानको नूनलाई दुर्गम गा.वि.स.सम्म पुऱ्याउन प्रति प्याकेट रु.१।- नाफा लिनेगरी स्थानीय सहकारी संस्थाहरु वा क्लवहरुलाई एकमुष्ठ रुपमा बिक्री वितरणको जिम्मेवारी दिएकोमा रु.९।- प्रति प्याकेटको नून रु.११।- देखि रु.१६।- सम्म विक्री भएको छ । बाजुरा जिल्लाको हकमा भने स्थानीय व्यापारीले व्यापारीक प्रयोजनका लागि आयो नून नल्याउने हुंदा अनुदानको नूनको विकल्प नरहेको अवस्था बारे जानकारी गराइयो ।

मुगुस्थित श्रीकोट र सोरुकोट उपशाखा डिपोमा नुन वितरणको लागि महिनामा एक दिन सूचना निकालेर बिक्री वितरण हुंदै आएको र यस कार्यमा उपशाखा डिपोमा स्थायी कर्मचारी नहुने हुंदा सदरमुकामबाट नै कर्मचारी खटिएर बिक्री वितरण गर्ने गरेको ।

उपशाखा डिपोवाट यसरी महिनाको एक दिन मात्र अनुदानको नून बिक्री बितरण गर्दा सबै स्थानीयको नूनमा पहुंच नपुग्ने हुंदा त्यस्ता डिपोमा स्थायी रुपमै कर्मचारी दरवन्दी सिर्जना गर्नुपर्ने तहांका निमित्त प्र.जि.अ बाट जानकारी गराइएको । रोल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई कण्ठरोग नियन्त्रण कार्यक्रम र आयोडिनयुक्त नुनमा नेपाल सरकारले ढुवानी अनुदान दिएको वारेमा खासै जानकारी नभएको र यसबारे आफुले प्रत्यक्ष रुमा नहेरेको र यस सम्बन्धि सम्पूर्ण जिम्मा सहायक प्र.जि.अ. तथा अन्य कर्मचारीलाई दिने गरेको भन्ने भनाइ प्राप्त भएको छ ।

घ)स्थानीय विकास अधिकारीसंग गरिएको अन्तरवार्ताबाट आएका तथ्यहरु

मुगु सदरमुकाममा सहजै अनुदानको नून उपलब्ध भएको तर दुर्गम गा.वि.स.का जनतामा सो नूनको पहुँच कमजोर रहेको त्यंहाका स्थानीय विकास अधिकारीबाट जानकारी पाइएको छ । त्यसैगरी आयोडिनयुक्त नूनको वितरण समितिमा जिल्ला विकास समितिको प्रतिनिधि रहने र गा.वि.स.को आवश्यकता, माग तथा घरधुरी अनुसार नून वितरण हुने कुराको समेत उहांबाट जानकारी गराइएको छ ।सोलुखुम्वु, अछाम, बाजुरा, रुकुम र रोल्पा जिल्लाका स्थानीय विकास अधिकारीहरुले यस कण्ठरोग नियन्त्रण कार्यक्रमलाई बजार क्षेत्र भन्दा ग्रामिण क्षेत्रमा पुऱ्याई निरन्तरता दिनुपर्ने धारणा राखेका छन् ।

रुकुम जिल्लामा अनुदानयुक्त नूनको ढुवानीमा कुनै समस्या नरहेको र नूनको स्टक समेत पर्याप्त रहेको जानकारी प्राप्त भएको छ भने रुकुम जिल्ला सदरमुकाम वाहिर (बिशेषतः चौरझारी र पूर्वि क्षेत्रका गा.वि.स.हरुमा) समेत डिपो स्थापना गर्नुपर्ने सुझाव प्राप्त भएको छ ।

अनुदानयुक्त नूनको misuse भएको तथा अनुदानको नून लगेर अन्य क्षेत्रमा बढि मुल्यमा बिक्री गरेको वा डिपोको नून बजारमा बिक्री भएका भन्ने गुनासो नआएको रोल्पा जिल्लाका स्थानीय विकास अधिकारीसंगको छलफबाट प्राप्त भएको छ । जि.वि.स.को १ जना प्रतिनिधिले लोड अनलोडका बेलामा मुचुल्कामा सहि गर्ने गरेको ।

सडक निर्माणको लागि चाहिने विस्फोटक पदार्थ सेनाको नियन्त्रणमा रहने र सेनासंग समन्वय प्रभावकारी रुपमा नहुंदा सडक निर्माण कार्यमा ढिलासुस्ती भई नुन ढुवानीमा समस्या भएको हुम्ला जिल्लाका प्रमुख जिल्ला अधिकारीको भनाई रहेको ।

## ३. स्थलगत अवलोकनको सारांश

कण्ठरोग नियन्त्रण कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्न नमूना छनौटमा परेका ७ वटा जिल्लाहरुबाट सूचना तथा जानकारी संकलन गर्नका लागि ५ वटा मूल्याङ्कनकर्ताको टोली बनाई सूचनाहरु संकलन गरिएको थियो । पहिलो टोलीबाट सोलुखुम्बु, दोश्रो टोलीबाट रुकुम रोल्पा, तेश्रो टोलीबाट बाजुरा र अछाम, चौथो टोलीबाट मुगु र पाँचौ टोलीबाट हुम्ला जिल्लाको स्थलगत अवलोकन समेत गरी सूचना तथा जानकारी संकलन गरिएको थियो । स्थलगत अवलोकनका क्रममा पाइएका तथ्यहरु निम्नानुसार छन् ।

## ३.१ सोलुखुम्बु जिल्ला

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड डिपो कार्यालय, सल्लेरी सोलुखुम्बुको आफ्नै कार्यालय भवन नभएको । कार्यालय प्रयोजन र भण्डारण प्रयोजनका लागि हालको दुधकुण्ड न. पा. वडा नं. ५ स्थित पासाङ्काजी शेर्पाको नाममा रहेको व्यक्तिगत घरमाभाडामा लिएको पाइयो ।

सोलुखुम्बु जिल्लाको लागि गत आ.व. २०७१।०७२ मा ५००१ क्विन्टल नुन आपूर्ति भएकोमा ४६८ क्विन्टल मौज्दात रहेको ।
ढुवानी अनुदानले गर्दा जिल्ला सदरमुकाममा प्रति के. जि .९ रुपियाँमा उपलब्ध हुनेआयोडिनयुक्त भानु नुन बुङ, छेस्काङ, गुदेल जस्ता केही दुर्गम गा.वि.स. हरुमा खच्चडबाट २ दिन लगाएर ढुवानी गर्दा ५५ देखि ६० रुपैयाँसम्म पर्ने गरेको ।

स्थलगत अनुगमनको क्रममा सल्लेरीमा

कोशीपारी सोताङ गा.वि.स लगायत सो क्षेत्रमा पर्ने (सोताङ, पावै, बुङ, छेस्काङ, गुदेल) लगायतका गा.वि.स. हरुका लागि साल ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड अञ्चल कार्यालय बिराटनगरबाट सोझै लालिगुराँस महिला बचत तथा ऋण सहकारी संस्था मार्फत ५ गा.वि.स लाई वितरण गर्ने गरी नून ढुवानी गर्ने गरेको पाइयो ।

स्थलगत अवलोकनका क्रममा सदरमुकाम आसपासका धेरैजसो पसलहरुमा विक्री प्रयोजनका लागि राखेको आयो नून भेटिएको र भानु ब्रान्डको नून कहि नदेखिएकोले अनुदानको नूनको दुरुपयोग नभएको भन्न सकिने आधार रहेको । एस.टि.सि.डिपोमा जनशक्तिको अभाव देखियो ।

स्थलगत अनुगमनको क्रममा सल्लेरीमा

गत आ.ब. मा सोलुखुम्बु जिल्लाको डिपो कार्यालयका लागि ५००१ क्विन्टल नून आपूर्ति भएकोमा सोताङ गा.वि.स लगायत सो क्षेत्रमा पर्ने (सोताङ, पावै, बुङ, छेस्काङ, गुदेल) लगायतका गा.वि.स. हरुका लागि साल ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड अञ्चल कार्यालय बिराटनगरबाट सिधै थप ३०० क्विन्टल नून आपूर्ति भएको ।
२०६८ को जनगणनालाई आधार मानेर घरधुरी अनुसार कोटा निर्धारण गरिएकोमा अहिले घरधुरी बढीसकेको अवस्था छ । प्रत्येक घरपरिवारलाई ८ के. जि. का दरले कोटा निर्धारण गरिएको छ, जसमा धेरैजसोले अपुग भएको गुनासो गरेका छन् ।
ढुवानी अनुदानको भानु नुनको प्रयोगका सम्बन्धमा जनचेतनाको कमी रहेको पाइयो ।खुम्बु क्षेत्रका जनताले ढुवानी अनुदानको भानु नुनलाई वस्तुभाउलाई खुवाउने नुनको रुपमा बुझेका छन् । ढुवानी अनुदानको भानु नूनको वितरण तथा पहुँच केवल सदरमुकाम र आसपासका केहि गा.वि.स.हरुमा मात्र सिमित रहेको पाइयो ।

लुक्ला र खुम्बु क्षेत्रका कतिपयले भने ढुवानी अनुदानको भानु नून पहुँच नभएकोले काठमाण्डौबाट सिधै प्लेनमा जाने र स्थानीय बजारमा पाइने आयो नूनकै प्रयोग गर्ने गरेको स्थलगत अवलोकनका क्रमम देखियो ।

**३.२अछाम जिल्ला**

साल ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड डिपो कार्यालय, मंगलसेन अछामको आफ्नै कार्यालय भवन नभएको । कार्यालय प्रयोजन र भण्डारण प्रयोजनका लागि हालको मंगलसेन न. पा. वडा नं. ३ स्थित महेन्द्र बोगटीको नाममा रहेको व्यक्तिगत घरमाभाडामा लिएको पाइयो ।

स्थलगत अवलोकनका क्रममा सदरमुकाम आसपासका धेरैजसो पसलहरुमा विक्री प्रयोजनका लागि राखेको आयो नून भेटिएको र भानु ब्रान्डको नून कहि नदेखिएको । ढुवानी अनुदानको भानु नुनको प्रयोगका सम्बन्धमा जनचेतनाको कमी रहेको ।दुर्गम गा.वि.स.का जनताले ढुवानी अनुदानको भानु नुनलाई वस्तुभाउलाई खुवाउने नुनको रुपमा बुझेका । अनुदानको नूनको वितरण तथा पहुँच केवल सदरमुकाम र आसपासका केहि गा.वि.स.हरुमा मात्र सीमित रहेको ।

अछाम जिल्लाभरको लागि (मंगलसेन डिपोको लागी ४००० क्विन्टल र कमलबजार डिपोको लागी ५०० क्विन्टल) गत आ.व. २०७१।०७२ मा जम्मा ४५०० क्विन्टल नून आपूर्ति भएकोमा ८१८.१८ क्विन्टल मौज्दात रहेको देखिएकोमा चालू आ.व.मा ४००० क्विन्टल (मंगलसेन डिपोको लागी ३५०० क्विन्टल र कमलबजार डिपोको लागी ५०० क्विन्टल) कोटा तोकिएकोमा मंगलसेन डिपोको लागी माघ मसान्तसम्म १४१० क्विन्टल ढुवानी भएकोमा २०७२।११।०९ मा ३४० क्विन्टल मौज्दात रहेको । कमलबजार डिपोको लागी ढूवानी हुन बाँकी रहेको ।

ढुवानी अनुदानले गर्दा जिल्ला सदरमुकाममा प्रति के.जि.रु.९ रुपियाँमा उपलब्ध हुनेआयोडिनयुक्त भानु नुनको पहुँच दुर्गम गा.वि.स हरुमा पुऱ्याउन ढुवानी लागतमा १ रुपैया नाफा लिइ समानुपातिक तरिकाले विक्रि वितरण गर्ने गरि सहकारी संस्थाहरुलाइ एकमुष्ट जिम्मा दिने गरिएकोमा कतिपय दुर्गम गा.वि.स. हरुमा ११ देखि १६ रुपैयाँसम्म पर्ने गरेको । सहकारी संस्थाहरुलाइ एकमुष्ट जिम्मा दिइएको ।

स्थलगत अनुगमनको क्रममा अछाम

डिपोबाट हाल आइतबार र मंगलबार हप्तामा २ दिन मात्र विक्रि वितरण गर्ने गरेको पाइयो । ढिके नूनको प्रयोग दुर्गम गा.वि.स.मा छिटपुट मात्रामा हुने गरेको र ढिके नूनको धेरै प्रयोग पशु पंछिमा मात्र हुने गरेको ।

**३.३ बाजुरा जिल्ला**

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड डिपो कार्यालय, मार्तडी र कोल्टी डिपोको आफ्नै कार्यालय भवन नभएको । कार्यालय प्रयोजन र भण्डारण प्रयोजनका लागि व्यक्तिगत घरहरुभाडामा लिएको पाइयो ।

बाजुरा जिल्लास्थित मार्तडी डिपोको लागी गत आ.व. २०७१।०७२ मा १५०० क्विन्टल नून आपूर्ति भएकोमा ३८५ क्विन्टल मौज्दात रहेकोमा चालू आ.व.मा १२०० क्विन्टल कोटा तोकिएकोमा माघ मसान्तसम्ममा सवै ढुवानी भैसकेकोमा १२३५।६७क्विन्टलविक्री वितरण पश्चात् ३४९।३३ क्विन्टल मौज्दात रहेको ।

कोल्टी डिपोको लागी गत आ.व. २०७१।०७२ मा ४१०० क्विन्टल नून आपूर्ति भएकोमा १४०४ क्विन्टल मौज्दात रहेकोमा चालू आ.व.मा ४५०० क्विन्टल कोटा तोकिएकोमा माघ मसान्तसम्ममा १२०० क्विन्टल मात्र ढुवानी भएकोमा १७०९ क्विन्टल विक्री वितरण पश्चात् ८९५ क्विन्टल मौज्दात रहेको । दुवै डिपोबाट प्रत्येक दिन प्रति के. जि. ९ रुपैयामै नियमित रुपमा नून विक्रि वितरण गर्ने गरेको ।

स्थलगत अनुगमनका कममा बाजुरा जिल्लामा ढिके नूनको धेरै प्रयोग पशु पंछिमा मात्र हुने गरेको र यस जिल्लाको हकमा विक्री प्रयोजनका ब्यापारीहरुले आयो नुन नल्याउने हुंदा अनुदानको भानु ब्रान्डको नूनको विकल्प नभएको देखियो । यस जिल्लाका नागरिकहरुमा ढुवानी अनुदानको नून प्रति सकारात्मक धारणा रहेको र सहुलियतमा नुन पाउनुलाइ राज्यको बलियो उपस्थितिका रुपमा बुझेको पाइयो । तर नुनको प्रयोग गर्ने तरिकाका सम्बन्धमा जिल्लाका स्थानीय बासिन्दामा जनचेतनाको कमी रहेको पाइयो ।

जिल्ला अस्पताल बाजुराका मेडिकल अधिकृतका अनुसार जिल्लामा आयोडिनयुक्त नूनको कमीबाट हुने कण्ठरोगको समस्या भएका विरामीहरु विगत १ वर्षदेखि नदेखिएका र अस्पतालमा पनि आयोडिनको कमीबाट हुने रोग सम्बन्धी बिरामीहरु नआएको बताएकोले जिल्लामा आयोडिनयुक्त नूनको पहुँच पुगेको देखिएको ।

माथिल्लो वेल्टका ११ गा.वि.स.का कतिपयले ढुवानी अनुदानको भानु नूनलाई वस्तुभाउलाई खुवाउने नूनको रुपमा मात्र बुझेका र मानसरोवर तर्फबाट आएको नून पवित्र हुने भन्दै चिनतर्फबाट आउने ढिके नूनको प्रयोग पनि छिटपुट रहेको ।

### ३.४ मुगु जिल्ला

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड डिपो कार्यालय, गमगढीको आफ्नै कार्यालय भवन नभएको । कार्यालय प्रयोजन र भण्डारण प्रयोजनका लागि ब्यक्तिगत घरहरुभाडामा लिएको पाइयो ।ढुवानी अनुदानको भानु नुन डिपोबाट प्रत्येक दिन प्रति प्याकेट रु.९।- मा बिक्री वितरण हुदै आएको पाइयो ।मुगु सदरमुकाम गमगढी लगायत आसपासका गा.वि.स. तथा सोरुकोट र श्रीकोट डिपो आसपासका क्षेत्रमा साल्ट ट्रेडिङ्ग लिमिटेडद्वारा विक्री वितरण गरिने नुन बाहेक अन्य नुनको प्रचलन न्यून मात्रामा रहेका पाइयो ।

मुगु जिल्लास्थित गमगढी डिपोबाट बर्षमा १ पटक सूचना प्रकाशित गरी जिल्लाका अन्य २ उप डिपो श्रीकोट तथा सोरुकोटमा नून वितरण गरिने, तर उक्त वितरण एक दिन मात्र हुने हुंदा बहुसंख्यक जनतालाई समेट्न नसकेको र सो भेगका सीमित केही ब्यक्तिले अनुदानको नून खरिद गरी अन्य वासिन्दालाई महंगोमा बिक्री गर्ने गरेको गुनासो प्राप्त भएको ।

चालु आर्थिक वर्षमा साल्टट ट्रेडिङ्ग लिमिटेडले मुगु जिल्लाको लागि कूल ५१०० क्वीन्टल आयोडिनयुक्त नूनको कोटा छुट्टाएको पाइयो जुन पुरै खपत हुने गरेको पाइयो ।

> मुगु जिल्लाका विभिन्न गा.वि.स.हरुमा कार्यरत स्वास्यकर्मीहरुका अनुसार धेरैजसो व्यक्तिले साल्ट ट्रेडिङ्ग लिमिटेडबाट वितरित आयोडिनयुक्त नुननै प्रयोग गर्ने गरेको, केहि थोरै व्यक्तिले मात्र ढिके नुनको प्रयोग गर्नेगरेको जानकारी पाइयो । सदरमुकाम बाहेक दुईवटा मात्र उप डिपो रहेको जसवाट वर्षमा एकपटक मात्र नुन वितरण गरिने कार्यक्रमले गर्दा बहुसख्यंक जनताले नुन खरिद गर्न नसक्ने र स्थानीय व्यापारीहरुवाट महंगो मूल्यमा नुन किन्न वाध्य रहेको भन्ने जानकारी पाईयो ।

स्थलगत अनुगमनको क्रममा गमगढीमा

जिल्ला स्वास्य कार्यालय, मुगुका प्रमुखका अनुसार मुगु जिल्लामा आयोडिनयुक्त नूनको कमीबाट हुने रोगहरु जस्तै Hypothroidismभएका ब्यक्तिहरु नदेखिएका र अस्पतालमा पनि आयोडिनको कमीबाट हुने रोग सम्बन्धी बिरामीहरु नआएको तर यदाकदा सुस्त मनस्थिति भएका वालवालिका देखिने गरेको बताएबाट जिल्लामा आयोडिनयुक्त नूनको प्रयोग प्रभावकारी देखिएको ।

## ३.५ हुम्ला जिल्ला

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड डिपो कार्यालय, गमगढीको आफ्नै कार्यालय भवन नभएको । कार्यालय प्रयोजन र भण्डारण प्रयोजनका लागि ब्यक्तिगत घरहरुभाडामा लिइएको ।

हुम्ला जिल्लाको सिमिकोटको लागि चालू आ.व.२०७२/०७३ मा ३८७८ क्वीन्टल हवाईमार्गबाट आयोडिनयुक्त नून उपलब्ध गराउने कार्यक्रम रहेकोमा यस वर्ष २०७२/११/१९ सम्ममा ३०३८ क्वीन्टल नून (ढुवानी) प्राप्त भै सकेकोमा २०७२/११/१८ सम्म १९७८.११ क्वीन्टल नून विक्री वितरण गरिसकेको पाईयो ।

हुम्ला जिल्लाभरी नै साल्ट ट्रेडिंगवाट वितरित भानु नुनको प्रयोग गर्दै आएको पाइयो । नेपाल सरकारले ढुवानीमा अनुदान दिएर ढुवानी गरिएको भानु नुन प्रति के.जि. रु ९ का दरले विक्रि हुने बाहेक अन्य नुनको प्रयोग भएको देखिएन र उपभोक्ताहरुसंग बुझ्दा पनि भानु बाहेक अन्य नुनको प्रयोग नभएको बताए ।हुम्ला जिल्लामा नून भण्डारण गर्ने गोदामको कमी देखियो ।

विगत तीन वर्षलाई आधार मान्दा वार्षिक सरदर २७०० क्वीन्टल नून मौज्दातमा रहेको पाईयो । हवाईजहाज बाहेक अन्य ढुवानीका साधनहरुको विकल्प नभएको यस जिल्लाका लागि यति नून भण्डारण गरेर राख्दा हिंउ पर्दा, बाटो बन्द हुंदा र नाकाबन्दी जस्ता अवरोधमा पनि नूनको अभाव हुन नदिन यति मौज्दात राख्नुपर्ने विचार प्रमुख जिल्ला अधिकारी लगायत अन्य सरोकारवालाहरुले व्यक्त गरको पाइयो ।

## ३.६ रोल्पा जिल्ला

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड डिपो कार्यालय, होलेरीको आफ्नै कार्यालय भवन नभएको । कार्यालय प्रयोजन र भण्डारण प्रयोजनका लागि ब्यक्तिगत घरहरुभाडामा लिइएको ।

रोल्पा जिल्लामा अनुदानको नूनको वितरण तथा पहुँच केवल सदरमुकाम र आसपासका केहि गा.वि.स.हरुमा मात्र सिमित रहेको । अनुदानको नूनको विक्री वितरण र दुर्गम गा.वि.स.मा ढुवानी अत्यन्तै फितलो र अप्रभावकारी देखिएको । दुर्गम गा.वि.स.हरु विशेषगरी बुढागाउँ, राङसी, गैरीगाउँ, रेउघा आदिमा अनुदानको नूनको पहुँच नभएको ।
रोल्पा जिल्लामा अनुदानको नूनको वितरण तथा पहुँच केवल सदरमुकाम र आसपासका केही गा.वि.स.हरुमा मात्र सीमित रहेको । अनुदानको नूनको विक्री वितरण र दुर्गम गा.वि.स.मा ढुवानी अत्यन्तै फितलो र अप्रभावकारी देखिएको ।

> दुर्गम गा.वि.स.हरु विशेषगरी बुढागाउँ, राङसी, गैरीगाउँ, रेउघा आदिमा अनुदानको नूनको पहुँच नभएको ।
> दुर्गम गा.वि.स.हरुमा आयो नूननै रु.६०-६५ सम्म पर्ने कुरा स्थानीयले बताएको र अनुदानको र आयो नूनको प्याकेट एउटै भएकोले उक्त स्थानका स्थानीय व्यापारीले नूनमा कालोबजारी गरेको हुनसक्ने आधार रहेको पाइयो ।रोल्पा जिल्लाको लागि STC बाट वार्षिक ७०० मे.ट. को कोटा तोकिएको ।

अनुगमनका क्रममा रोल्पा, बुढागाउँ

रोल्पास्थित STCगोदाममा रहेको Stock र Official recordका बीच फरक पाइएकोले अनुदानको नूनको व्यापक दुरुपयोग भएको हुन सक्ने ठूलो आधार देखिएको । अनुदानको नून load Unloadको कार्य जिल्ला प्रशासन तथा जि.वि.स. का प्रतिनिधिको रोहवरमा गर्नुपर्नेमा उक्त कार्य केवल औपचारिकतामा मात्र सिमित देखिएको र जिल्ला प्रशासन तथा त्यहाँका प्रतिनिधिबाट प्रभावकारी अनुगमन नभएको पाइयो ।

अनुगमनका क्रममा रोल्पा, लिवाङ

जिल्लामा वितरण भइरहेको अनुदानको नून तथा आयो नूनको प्याकेजिङ्ग एउटै रहेको (मूल्य भने अनुदानको नूनको रु.९ र आयोनूनको रु.१८) हुंदा स्थानीय व्यापारीबाट अनुदानको नूनको दुरुपयोग हुने व्यापक सम्भावना देखिएको । STC डिपोबाट विगतमा एउटै व्यक्तिलाई धेरै परिमाणमा (५०० - १००० के.जी. सम्म) अनुदानको नून बिक्री भएको रेकर्डबाट देखिएको तर हाल प्रति व्यक्ति १-२ के.जी. मात्र दिने गरेको डिपो प्रमुखबाट जानकारी प्राप्त भएको । तुलनात्मक रुपमा रोल्पा दाङ्ग, प्यूठानबाट नजिक भएकोले आयो नूननै प्रशस्त मात्रामा पाइने हुंदा रोल्पामा अनुदानको नूनको औचित्य खासै नभएको पाइयो ।

**३.७रुकुम जिल्ला**

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड डिपो कार्यालय, खलङ्गामाको आफ्नै कार्यालय भवन नभएको । कार्यालय प्रयोजन र भण्डारण प्रयोजनका लागि व्यक्तिगत घरहरुभाडामा लिइएको ।

रुकुम जिल्लामा वार्षिक ५१०० मे.ट. कोटा तोकिएकोमा जुन पुरै खपत भई थप कोटाको माग समेत हुने गरेको STC डिपोबाट जानकारी प्राप्त ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा. क्षितिज सापकोटाका अनुसार रुकुम जिल्लामा आयोडिन युक्त नूनको कमीबाट हुने रोगहरु जस्तै Hypothroidism भएका व्यक्तिहरु नदेखिएका र अस्पतालमा पनि आयोडिनको कमीबाट हुने रोग सम्बन्धी बिरामीहरु नआएको बताएकोले रुकुम जिल्लामा आयोडिनयुक्त नूनको पहुँच उचित मात्रामा पुगेको देखिएको ।

अनुगमनका क्रममा सल्ले, रुकुम

रुकुम जिल्लामा अनुदानको नूनको रुपमा “भानु” ब्रान्डको नून STC ले बिक्री वितरण गर्ने गरेको जसको मूल्य रु.९। प्रति प्याकेट राखिएको । रुकुम जिल्लामा सदरमुकाम खलङ्गामा अवस्थित STCडिपोबाट अनुदानको नून बिक्री बितरण गरिदै आएको र नाकाबन्दी जस्तो असहज परिस्थितिमा पनि प्रति व्यक्ति २ के.जी. बिक्री बितरण हुँद आएको ।

जिल्लामा अनुदानको नूनको माग उच्च रहेको र अनुदानको नून सदरमुकाम खलङ्गा लगायत सदरमुकाम आसपासका क्षेत्रहरु रुकुमकोट, सल्ले, सोलाबाङसम्म मात्र सीमित रहेको । रुकुमका दुर्गम गा.बि.स.हरु बिशेगरी मैकोट,

आर्विसकोट, सिस्ने, फूवाङ, स्यामा, गोतामकोट लगायत १० हिमाली गा.बि.स.मा अनुदानको नूनको पहुँच अझै नपुगेको ।
केही व्यक्ति तथा व्यापारीले ती स्थानमा अत्याधिक रकममा नून बिक्री बितरण गर्दै आएको भन्ने जानकारी स्थानीयसंगको छलफलबाट प्राप्त भएको ।ढिके नूनको प्रयोग दुर्गम गा.वि.स.मा छिटपुट मात्रामा हुने गरेको र ढिके नूनको धेरै प्रयोग पशु पंक्षिमा मात्र हुने गरेको ।स्थलगत अवलोकनका क्रममा सदरमुकाम आसपासका धेरैजसो पसलहरुमा आयो नून भेटिएको र भानु ब्रान्डको नून कहि नदेखिएबाट सदरमुकाम आसपास अनुदानको नूनको दुरुपयोग नभएको भन्न सकिने आधार रहेको ।

**४. केन्द्रमा गरिएको मुख्य जानिफकारसंगको अन्तर्वार्ता**

**४.१ सचिव, सह-सचिव तथा उप-सचिव आपूर्ति मन्त्रालय**

यस कण्ठरोग नियन्त्रण कार्यक्रमले राम्रो-नराम्रो के गरेको छ, त्यसको मूल्याङ्कन गरी हेर्नुपर्दछ । नूनको कारोवारका सम्बन्धमा निजी क्षेत्रहरुले साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.ले भन्दा राम्रो गर्छौं भनिरहेका छन् तर निजी क्षेत्रबाट बेलाबेलामा हुने कृतिम अभाव समेत हुने गरेको देखिन्छ ।

नाका अवरोधको समयमा नून र ग्यांसको व्यवस्थापनसाल्ट टेडिङ्ग कर्पोरेशन लि.ले राम्रो गरेको पाइयो । त्यसैले यस कण्ठरोग नियन्त्रण कार्यक्रमको जिल्ला घटाउन सकिएला तर कार्यक्रम हटाउन राम्रो हुँदैन । यद्यपी यो कार्यक्रम सदरमुकाम केन्द्रित छ, यसलाई गाविससम्म पुऱ्याउनु पर्छ । यसैले यस कार्यक्रमको मूल्याङ्कनबाट वितरण संयन्त्र कसरी बनाउने भन्ने विषयमा सुझाव आउनुपर्ने ।

यो कार्यक्रम अर्न्तगत वितरण गरिने नून गुणस्तरीय छ । मुगु र कालिकोटमा भानु नूनको वितरण ठिक रहेको । मुगुमा खाद्य संस्थानको र नूनको विक्रीकक्ष एकै ठाउँमा खोल्नु पर्ने देखि निर्देशन दिएकोछु । मुगुमा नूनको जिम्मा लिने कर्मचारीको अभाव रहेको भन्ने जानकारी आएको ।

१२ देखि १४ करोड नूनमा घाटा रहेको । नूनको गोदाम मर्मत गर्नु पर्ने अवस्था रहेको छ । Overheadखर्च बढी भएकोले साल्ट ट्रेडिङ्गले कर्मचारी व्यवस्थापन गर्न सकेको छैन । यसको लागि राज्यले केही गर्नु पर्दछ । जस्तैः कर्मचारी खटाउने कि ?नून ढुवानी कार्यक्रमलाई Review गर्नु पर्ने देखिन्छ । भौगोलिक क्षेत्रको साथसाथै गरिवीको पहिचानको आधारमा पनि नून ढुवानी र आपूर्ति वितरणमा पूनरावलोकन हुनु पर्दछ । गरिवी पहिचान गरी परिचय पत्र प्राप्त वर्गलाई पनि नूनमा पहुँच योग्य वनाउनु पर्दछ ।

नूनको प्रत्येक दिन बिक्री गर्ने गरी Salescounter खुल्नु पर्दछ । डिपोबाट वितरण गर्नु भन्दा ठेकदारहरुले गाउँ गाउँमा गएर वितरण गर्ने कार्य राम्रो हुने ।

अनगमन गर्न फिल्डमा जान सकिएको छैन । ढुवानी अनुदान केही जिल्लामा घटाउन मोटरवाटोको कभरेज हेर्नुपर्छ । अध्ययन गरेर जिल्ला Re-defineगर्नुपर्छ । सदरमुकामलाई मात्र हेरेर हुँदैन । गाउंको भित्र भागसम्म नून पुऱ्याउनु पर्छ । काठमाडौंमा ग्यांसमा अनुदान दिइरहेको अवस्थामा, दुर्गम क्षेत्रमा दिइएको नून ढुवानीमा अनुदान हटाउनु हुन्न । तर ढुवानी अनुदान सदरमुकाम भन्दा गाउं केन्द्रित हुनुपर्छ । यो कार्यक्रम एकदमै प्रभावकारी छ, साल्ट टेडिङ्ग कर्पोरेशन लि.एक व्यवसायिक संस्था पनि भएकाले यस मार्फत प्रदान गरिने सेवा प्रभावकारी छन् । ५ विकास क्षेत्रमा१९ वटा गोदाम रहेको । नूनको आपूर्तिमा समस्या रहेको पाइएको भएता पनि खानालाई नून पुगेको र सर्टेज पनि नरहेको अवस्था छ । हाल पनि ६ महिनालाई नूनको स्टक रहेको छ । सरकारले ढुवानी अनुदान जिल्ला सदरमुकाम र डिपोसम्म मात्र दिएको अवस्था छ । नूनमा व्यापारिले पाउने कमीशन रु १.५० मात्र हुने । नूनको मूल्य सस्तो भएको र मूल्य बढाउनु पर्ने आवश्यक रहेको भनि मिटीङ्गमा छलफल भएको, हामीले प्रयोग गरेको नूनWHO Standardको रहेको छ । उच्चस्तरीय अनुगमन समितिको २०७१ चैत्र २० पछि पहिलो पटक २०७३ जेष्ठमा मिटीङ्ग बसेको र भर्खरै महाशाखा प्रमुखको फेरबदल भएकाले यो कार्यक्रमको विषयमा जानकारी हुन वांकी रहेको । उच्चस्तरीय नूनअनुगमन

समितिको वैठक नवसेकोले यस विषयमा जानकारी हुन नसकेको ।आफैले गहन रुपमा अध्ययन गरेको छैन तर अझ पनि यो कार्यक्रमको निरन्तरताको आवश्यक छ । बैठकमा हुने वा भएका कागजातहरु कर्पोरेशनमा नै रहने गरेका छन् । नूनको मूल्यमा घाटा छ, यसको मूल्य वढाउनु पर्ने देखिन्छ ।

**४.२प्रमुख कार्यकारी अधिकृत, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.**

गत आ.व. २०७१/७२ मा नून ढुवानी अनुदानका लागि नेपाल सरकारवाट रु.१३ करोड ६५ लाख विनियोजन भएकोमा यस आ.व. मा रु. १५ करोड ४० लाख वजेट विनियोजन भएको छ । जसमध्ये प्रशासनिक खर्चमा १०% खर्च हुने गरेको छ । यो कार्यक्रम P1कार्यक्रम हो । कार्यक्रम संचालन भएका (हाल १७) जिल्लाका कुल जनसंख्याको ५२% जनसंख्यालाई यो कार्यक्रमले समेटेको छ । प्रतिव्यक्ति प्रतिवर्ष ४ देखि ६ के.जीसम्म नून आवश्यक पर्ने हुंदा जनसंख्यालाई आधारमानी कोटा निर्धारण गर्ने गरिएको छ । विशेषगरी कर्णाली अंचलका सबै र सुदुर पश्चिमकापहाडि जिल्लामा यसको प्रभाव राम्रो छ । चौमासिकलक्ष्य अनुसार चैत्र मसान्तसम्ममा कोटा अनुसार ढुवानी सम्पन्न गर्ने लक्ष्य राखिन्छ । विगत ३ वर्षदेखि समयमै नून ढुवानी कार्य हुंदै आएको छ । नाकावन्दी पश्चात ढुवानी यातायातमा अवरोध सिर्जना भए पनिमौज्दात पर्याप्त भएकोले समस्या परेको छैन । आयोडिनयुक्त नूनको सुरक्षित भण्डारणका लागि डव्वा वितरण गर्ने प्रयास भैरहेको छ । नेपाल सरकारले ढुवानी अनुदान नदिएको खण्डमा यो कार्यक्रम दिगो नहुन सक्छ । जनचेतनाका लागि कार्यहरु गरिरहेका छौं । बेलाबेलामा क्षेत्रीय तथाअंचल कार्यालयहरुवाट अनुगमन समेत भैरहेको छ ।

## अनुसूची ५
## अन्तरवार्ता गरिएका जानिफकार व्यक्तिहरूको नामावली

नीति निर्माण तहमा संलग्न जानिफकार व्यक्तिहरुः

| क्र.स. | जानिफकार व्यक्तिको पद नाम | सम्वद्ध मन्त्रालय/निकाय | अर्न्तवार्ता लिएको मिति |
|---|---|---|---|
| १. | सचिव, ङइन्द्र प्रसाद उपाध्याय | साविक वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७२/ / |
| २. | सचिव, श्रीधर सापकोटा | आपूर्ति मन्त्रालय | २०७३/३/३ |
| ३. | सह सचिव, गोपिनाथ मैनाली | राष्ट्रिय योजना आयोगको सचिवालय | २०७२/ / |
| ४. | सह सचिव, तोयानारायण ज्ञवाली | साविक वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७२/ / |
| ५. | सह सचिव, उत्तम प्रसाद नागिला | आपूर्ति मन्त्रालय | २०७३/ ३/३ |
| ६. | उप सचिव, अर्जुन राज पन्त | आपूर्ति मन्त्रालय | २०७३/ ३/३ |
| ७. | प्रमुख कार्यकारी अधिकृत, उर्मिला श्रेष्ठ | साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड | २०७२/ / |

स्थानीय स्तरमा कार्यरत जानिफकार ब्यक्तिहरुः–

| क्र.स. | जानिफकार व्यक्तिको पद नाम | सम्वद्ध मन्त्रालय/निकाय | अर्न्तवार्ता लिएको मिति |
|---|---|---|---|
| प्रमुख जिल्ला अधिकारीहरुः | | | |
| ८. | प्र.जि.अ. कृष्ण प्रसाद शर्मा | जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु | २०७२/९/६ |
| ९. | प्र.जि.अ. डा. कृष्ण वहादुर घिमिरे | " " " हुम्ला | २०७२/११/२० |
| १०. | प्र.जि.अ. मित्रलाल शर्मा | " " " रोल्पा | २०७२/९/८ |
| ११. | नि.प्र.जि.अ. लक्ष्मी प्रसाद भट्टराई | " " " मुगु | २०७२/११/११ |
| १२. | नि.प्र.जि.अ. नरेन्द्र बहादुर राना | " " " रुकुम | २०७२/९/७ |
| १३. | नि.प्र.जि.अ. आनन्द शर्मा भुषाल | " " " अछाम | २०७२/११/९ |
| १४. | स.प्र.जि.अ. भीम बहादुर शाही | " " " वाजुरा | २०७२/११/११ |
| स्थानीय विकास अधिकारीहरुः | | | |
| १५. | स्था.वि.अ. महेश पराजुली | जिल्ला विकास समितिको कार्यालय, सोलुखुम्वु | २०७२/९/७ |
| १६. | स्था.वि.अ. भरत कुमार शर्मा | " " " " रुकुम | २०७२/ ९/७ |
| १७. | स्था.वि.अ. प्रल्हाद प्रसाद पुडासैनी | " " " " मुगु | २०७२/ ११/१२ |
| १८. | स्था.वि.अ. गेहेन्द्र डांगी | " " " " रोल्पा | २०७२/ ९/८ |
| १९. | स्था.वि.अ. बलदेव प्रसाद जोशी | " " " " हुम्ला | २०७२/ ११ /२० |
| डिपो प्रमुखहरुः- | | | |
| २०. | डिपो प्रमुख, श्याम प्रसाद शाही | डिपो कार्यालय, सोलुखुम्वु | २०७२/ ९ /६ |
| २१. | डिपो प्रमुख, उपेन्द्र ठाकुर | " " मुगु | २०७२/ ११/१२ |
| २२. | डिपो प्रमुख, राज वहादुर लामा | " " हुम्ला | २०७२/ ११ /१९ |
| २३. | डिपो प्रमुख, शेर बहादुर पाल | " " अछाम | २०७२/ ११/९ |
| २४. | डिपो प्रमुख, नर बहादुर भाट | " " बाजुरा (मार्तडी) | २०७२/ ११ /११ |
| २५. | डिपो प्रमुख, धर्मराज उपाध्याय | " " वाजुरा (कोल्टी) | |
| २६. | डिपो प्रमुख, पूर्णराज गौतम | " " रुकुम | २०७२/ ९/७ |
| २७. | डिपो प्रमुख, बसन्त थापा र समृद्धि थापा | " " रोल्पा | २०७२/ ९/८ |

# अनुसूची ५
## संकलित दस्ताबेजहरू

### १. सञ्चालक समिति गठनको पत्र

श्री ५ को सरकार
आपूर्ति मन्त्रालय
नीति योजना तथा कार्यक्रम शाखा

फोन नं.: ५२४९८०, ५२२७०९, ५२३८७९

सा. ट्रे. कं. लि.
केन्द्रीय कार्यालय
दर्ता नं.: २६८०
मिति: २०५६/११/३०

मिति: २०५६।११।२६

प.सं.:यो. ८७।०५६।०५७ २८६
च.नं. १०५९
श्री साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.
केन्द्रीय कार्यालय
कालिमाटी, काठमाण्डौ ।

श्री ५ को सरकार (मं.प.) को मिति २०५६।११।१९ को निर्णय अनुसार "कण्ठरोग नियन्त्रण कार्यक्रम संचालन समिति" को गठन र उक्त समितिको काम कर्तव्य तथा अन्य व्यवस्था तपसिल बमोजिम हुने भएकोले र त्यस कर्पोरेशन लि.को मिति २०५६।११।१२ को प.सं. ७५६।०५६।०५७ को पत्रको सन्दर्भ समेत ध्यानमा राखी सो बमोजिमको व्यवस्था मिलाई कार्यान्वयन हुन साथै उक्त समितिमा त्यस लि.को कण्ठरोग नियन्त्रण कार्यक्रम हेर्ने एकजना अधिकृत समेत सदस्य रहने व्यवस्था भएकोले कण्ठरोग हेर्ने अधिकृत एकजनाको नाम सिफारिस गरी, सात दिन भित्र पठाइ दिनु हुन समेत अनुरोध गरिन्छ ।

तपसिल

१) साविकमा भारतीय सहयोग अन्तर्गत संचालित कण्ठरोग नियन्त्रण आयोजनालाई कण्ठरोग नियन्त्रण कार्यक्रम (कोर कार्यक्रम) को रुपमा संचालन गर्न "कण्ठरोग नियन्त्रण कार्यक्रम संचालन समिति" को गठन गर्ने ।

२) उक्त समितिको गठन विधि देहाय अनुसार हुने :

| | | |
|---|---|---|
| (क) | आपूर्ति सचिव वा निजको अनुपस्थितिमा मन्त्रालयको सह सचिव | अध्यक्ष |
| (ख) | साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.को महाप्रबन्धक | सदस्य |
| (ग) | आपूर्ति मन्त्रालयको लेखा अधिकृत | सदस्य |
| (घ) | कण्ठरोग नियन्त्रण कार्यक्रम हेर्ने साल्ट ट्रेडिङ्ग क.लि.को अधिकृत एकजना | सदस्य |
| (ङ) | आपूर्ति मन्त्रालयको उपसचिव (योजना शाखा हेर्ने) | सदस्य सचिव |

३) समितिको कार्यहरु :

(क) कण्ठरोग नियन्त्रण कार्यक्रमको बार्षिक कार्यक्रम तयार गरी रा.योआ.मा पेश गर्ने।

(ख) स्वीकृत कार्यक्रमको मूल्यांकन तथा अनुगमन गर्ने ।

(ग) आर्थिक कारोवार सम्बन्धी स्वीकृति दिने ।

(घ) कार्यान्वयन गर्ने निकायबाट खर्चको फांटवारी तयार गराइ महालेखा परीक्षकको विभागबाट लेखा परीक्षण गराउने र

(ङ) प्रगति समीक्षाको लागि व्यवस्थापन समेत मिलाउने ।

४) राष्ट्रिय योजना आयोगबाट कार्यक्रम संचालन साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.बाट भै रहेकोले कार्यक्रम अनुरुप भुक्तानी र मूल्य अनुदानको रुपमा उक्त लि.लाई निकासा दिने । व्यवस्थापन खर्चको लागि स्वीकृत रकम अनुदानको रकमको हिसाब साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.

५) ले अध्यावधिक राखी लेखा परीक्षण गराउनु पर्ने ।

६) समितिका अध्यक्ष तथा सदस्यहरुले साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.को संचालक समितिको अध्यक्ष तथा सदस्यहरुले पाए सरहको बैठक भत्ता साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.लाई छुट्याइएको कार्यक्रम संचालन अनुदान रकमबाट व्यहोर्ने । आवश्यक भएमा समितिको बैठकमा दुई जनासम्म आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिने ।

७) हालसम्म भए गरेका कामहरु यसै अनुरुप भए गरेको मान्ने ।

बोधार्थ तथा कार्यार्थ :
आर्थिक प्रशासन शाखा, आपूर्ति मन्त्रालय ।

०५६।११।२६
(हस्ताक्षर)

फोन नं. २–२६६८६

श्री ५ को सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(आपूर्ति तथा सरकारी उद्योग महा शाखा)

फ्याक्स: ९७७–१–२२०३१९

सिंहदरबार,
काठमाण्डौ, नेपाल ।

पत्रसंख्या : ब.अ.आ.व्य. ६२ ।०५७।५८(१२६) २०५७

मिति: २०५८।१।१९

च.नं. ४२८६

विषय: कण्ठरोग नियन्त्रण कार्यक्रम संचालन समिति बारे ।

दर्ता नं. २६४३
मिति ०५८.१.२४

श्रीमान् महाप्रवन्धकज्यू,
साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. ।

श्री ५ को सरकार (मं.प.) को मिति ०५८।१।१३ गतेको निर्णयबाट कण्ठरोग नियन्त्रण कार्यक्रम संचालन समितिमा हेरफेर भै देहाय बमोजिम कायम हुनआएको हुंदा जानकारी एवं कार्यान्वयनको लागि आदेशानुसार अनुरोध छ ।

"कण्ठरोग नियन्त्रण कार्यक्रम" संचालन समिति

| | | |
|---|---|---|
| (१) | उद्योग, वाणिज्य तथा आपूर्ति सचिव वा निजको अनुपस्थितिमा मन्त्रालयको योजना तथा सूचना व्यवस्थापन महाशाखाका सहसचिव | अध्यक्ष |
| (२) | साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.का महाप्रवन्धक | सदस्य |
| (३) | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको आर्थिक प्रशासन शाखाका प्रमुख | सदस्य |
| (४) | कण्ठरोग नियन्त्रण कार्यक्रम हेर्ने साल्ट ट्रेडिङ्ग कर्पोरेशनका व्यवस्थापक | सदस्य |
| (५) | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको बजार अनुगमन, आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित शाखाका उपसचिव | सदस्य सचिव |

(विष्णुहरि पौडेल)
शाखा अधिकृत

## २.नून ढुवानीमा अनुदान दिइएका दुर्गम तथा आंशिक दुर्गम जिल्लाको नामावली उल्लेख भएको राजपत्र

२०६३।१०।२८

उच्च शिक्षा अध्ययन गर्ने निवेदकलाई जानकारी दिनु

उच्च शिक्षा अध्ययन गर्न चाहेमा अनुसूची-६

विदेशमा शिक्षा तथा सम्बन्धित निकायमा

कुनै व्यक्तिलाई विदेशी मान्यता दिन वा त्यस्तो

गरिएका छन्।



अनुसूची -१क
(नियम २ को खण्ड (ग१) सँग सम्बन्धित)

दुर्गम क्षेत्र

१. देहायका जिल्लाहरुका सबै गाउँ विकास समितिहरु:-

१. सोलुखुम्बु २. मनाङ ३. मुस्ताङ ४. रुकुम ५. डोल्पा ६. मुगु ७. हुम्ला ८. जुम्ला ९. कालिकोट १०. जाजरकोट ११. बाजुरा १२. बझाङ १३. दार्चुला।

२. देहायका जिल्लाहरुका देहायका गाउँ विकास समितिहरु:-

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. ताप्लेजुङ | १ | ओलाङचुङगोला | २ | पापुङ | ३ | याम्फुदिन |
| | ४ | लेलेप | ५ | ख्वाङ | ६ | तापेथोक |
| २. संखुवासभा | १ | पावाखोला | २ | हटिया | ३ | चेपुवा |
| | ४ | किमाथान्का | ५ | सिसुवा | ६ | चाला |
| | ७ | मकालु | ८ | वाङतेवा | ९ | याफु |
| | १० | ताम्कु | ११ | पाथिभरा | १२ | मुम |
| | १३ | सिदिङ | | | | |
| ३. दोलखा | १ | विगु | २ | आलम्पु | ३ | गौरीशंकर |
| | ४ | लामाबगर | | | | |
| ४. रसुवा | १ | धुमन | २ | टिमुरे | ३ | मामटाङ |
| | ४ | चिलिमे | ५ | बृदिम | ६ | गतलाङ |
| | ७ | हाकु | ८ | गोलजुङ | | |
| ५. गोरखा | १ | ल्हो | २ | सामागाउ | ३ | प्रोक |
| | ४ | बिही | ५ | चुमेत | ६ | छेकम्पार |
| | ७ | सिर्दिबास | ८ | उइयां | ९ | केरौजा |
| | १० | काशी गाउँ | ११ | मान्बु | १२ | लाप्राक |
| | १३ | गुम्दा | १४ | लापु | | |
| ६. रोल्पा | १ | कुरेली | २ | थवाङ | ३ | मिरुल |
| | ४ | राङकोट | ५ | पाख्लवाङ | ६ | रांक |
| | ७ | पाखापानी | ८ | ओत | ९ | तालावाङ |
| | १० | पाङ | ११ | घर्तिगाउ | १२ | कोर्चावाङ |
| | १३ | राङसी | १४ | जिनाबाङ | १५ | हरिवाङ |
| | १६ | धवाङ | | | | |
| ७. अछाम | १ | कालेकाडा | २ | तडिगरा | ३ | पुल्लैटोला |
| | ४ | सुतार | ५ | सान्तडा | ६ | बाबला |
| | ७ | भाटाकाटिया | ८ | बाटुलासैन | ९ | बुढाकोट |
| | १० | दुनी | ११ | पातल | १२ | देवीस्थान |
| | १३ | सिधेश्वर | १४ | घुघुरकोट | १५ | चफिदह |
| | १६ | कुस्कोट | १७ | ढाटी | १८ | विन्देवासिनी |
| | १९ | बारला | २० | बोडसा | २१ | मष्टमाण्डौ |
| | २२ | नन्देगडा | २३ | नवठाना | २४ | हातिकोट |
| | २५ | बाप्ताड | | | | |
| ८. सिन्धुपाल्चोक | १ | गुम्बा | २ | फुलपिङकट्टी | ३ | तातोपानी |
| ९. धादिङ | १ | लापा | २ | तिप्लिङ | | |

(५)

## अनुसूचीः६
## आयोडिनयुक्त नूनको ढुवानी अनुदानको सम्बन्धमा नेपाल तथा भारत बीच भएको सम्झौता अनौपचारिक अनुवाद

आयोडिनयुक्त नूनको ढुवानी अनुदानमा भारत सरकारले सन् १९७३ देखि सहयोग दिन सुरु गरेको हो । जस अन्तरगत विभिन्न समयमा विभिन्न सम्झौताहरु भएका छन् ।

पहिलो सम्झौता : सन् १९७३ देखि १९९८ सम्म
दोश्रो सम्झौता : सन् २००४ देखि २००७ सम्म
तेश्रो सम्झौता : सन् २००९ देखि २०१० सम्म
चौथो सम्झौता : सन् २०११ देखि २०१२ सम्म

धारा १

आ.व. सन् २०१४-१५ मा नेपाल सरकारको आग्रह वमोजिम भारत सरकारले कण्ठरोग नियन्त्रण कार्यक्रमको लागि ने.रु.६ करोड ९० लाख रकम विनियोजन गर्नेछ । उक्त रकम लाई विभिन्न शिर्षकहरुमा निम्नानूसार बाडफाँड गरी खर्च गरिनेछ ।

Packaging Subsidy- ४ करोड
Transpotation Subsidy- २.४ करोड
Advocacy Subsidy- ५० लाख

हरेक अघिल्लो बर्षको कार्य प्रगतिस्तरको मूल्याङ्कन गरी चार वर्षको लागि यस अनुदान सम्झौताको वार्षिक नविकरण हुनेछ ।

धारा २

धारा ३

नून प्याकेजिङ्ग गर्न प्रयोग हुने पूर्नप्रशोधनिय प्लास्टिकका झोला उत्पादनमा अधिकत्तम ४ करोड अनुदान ।

नेपाल सरकारले आयोडिनयुक्त नूनको वितरणलाई ९० प्रतिशत पुऱ्याउनुपर्ने ।

प्याकेटको ७५ प्रतिशत भागमा नून सम्बन्धि जानकारीमूलक संदेश र बांकि २५ प्रतिशत भागमा नेपाल भारत सहयोग को लोगो राख्नुपर्नेछ ।

प्याकेटको पूर्नप्रशोधन कार्यमा नेपाल सरकारले प्रचलित नियमानुसार टेण्डर खरिद प्रक्रिय गर्नेछ ।

धारा ४

भारत सरकारले नेपालका २२ जिल्लामा आयोडिनयुक्त नून ढुवानीमा ५० प्रतिशत वा अधिकत्तम २ करोड ४ लाख ढुवानी खर्च बेहोर्नेछ । बाँकी नेपाल सरकारले बेहोर्नेछ ।

धारा ५

Advocacy Subsidy अर्न्तगत कूल विनियोजन हुने अनुदानको न्यूनत्तम २५ प्रतिशत नेपाल भारत सम्बन्ध तथा नेपालको स्वास्थ्य क्षेत्रमा भारतले गरेको सहयोगको बारेमा खर्च गरिनुपर्नेछ । Advocacy Subsidy अर्न्तगतका सबै कार्यक्रमहरुको विवरण भारत सरकारलाई प्रेषित गर्नुपर्नेछ ।

धारा ६

यस सम्झौतामा सहि भए पश्चात् भारत सरकारले कण्ठरोग नियन्त्रण कार्यक्रको कूल अनुदान रकमको २५ प्रतिशत भुक्तानी तुरुन्त दिनेछ ।

धारा ७

कण्ठरोग नियन्त्रण कार्यक्रम अर्न्तगतका सम्पूर्ण शिर्षकहरुको खर्च तथा संचालित कार्यक्रमहरुको पूर्ण विवरण नेपाल सरकारले कूतनीतिक तवरबाट भारत सरकारलाई पठाउनेछ र उक्त कार्यक्रमको सम्पूर्ण मूल्याङ्कन पश्चात् भारत सरकारले बांकी अनुदान किस्ता उपलब्ध गराउनेछ ।

धारा ८

यस आयोडिनयुक्त नूनको ढुवानी अनुदान कार्यक्रमको अनुगमनको लागि नेपाल तथा भारत सरकारका २-२ प्रतिनिधि रहने गरी एक समिति रहनेछ । उक्त समितिले न्यूनतम बर्षको एक पटक यस कार्यक्रको सम्पूर्ण गतिविधि र शिर्षक

अनुसारका कार्यक्रमहरुको अनुगमन गर्नेछ । यसरी अनुगमन गर्दा भारतीय पक्षको खर्च भारत सरकारले तथा नेपाली पक्षको खर्च नेपाल सरकारले बेर्होनेछ ।

धारा ९

कण्ठरोग नियन्त्रण कार्यक्रम अन्र्तगतको ढुवानी अनुदानको सम्पूर्ण लेखा विवरण नेपाल सरकारले राखि नियमानुसार लेखापरीक्षण गराउनुपर्नेछ, जसको एक प्रति भारत सरकारलाई पठाउनुपर्नेछ ।

धारा १०

कण्ठरोग नियन्त्रण कार्यक्रम अन्र्तगतको भारत सरकारले प्रदान गर्ने ढुवानी अनुदान कार्यक्रमको प्रभावकारी कार्यान्यनको सुनिश्चितता नेपाल सरकारले गर्नुपर्ने र यसको लागि नेपाल सरकारबाट एक जना समन्वयकर्ता तोकिनुपर्नेछ ।

हस्ताक्षर मिति अगस्ट ३ २०१४

**क. केन्द्रमा गरिएको अन्तरवार्तामा संलग्न पदाधिकारीहरू**

१) सचिव, सह-सहसचिव तथा उप- सचिव (आपूर्ति हेर्ने) वाणिज्य मन्त्रालय ।

२) सचिव, सह-सहसचिव तथा उप- सचिव (कण्ठरोग नियन्त्रण कार्यक्रम हेर्ने) आपूर्ति मन्त्रालय मन्त्रालय ।

३) सह-सचिव, राष्ट्रिय योजना आयोग

४) महाप्रबन्धक तथा अन्य वरिष्ठ कर्मचारी, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

**ख. स्थानीय स्तरमा गरिएको अन्तरवार्तामा संलग्न पदाधिकारीहरू**

१) कार्यलय प्रमुख, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड क्षेत्रीय कार्यालय ।

२) प्रमुख जिल्ला अधिकारी, सम्बन्धित जिल्ला ।

३) स्थानीय विकास अधिकारी, सम्बन्धित जिल्ला ।

४) प्रमुख, जिल्ला अस्पताल, सम्बन्धित जिल्ला ।

५) डिपो प्रमुख, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड जिल्ला स्थित कार्यालय ।

## अनुसूची ७
## कर्पोरेशन अन्तर्गत दुर्गम जिल्लाहरूमा कार्यरत कर्मचारी संख्या, डिपो संख्या र गोदाम विवरण

| जिल्ला संख्या | डिपोहरु रहेको स्थान | कर्मचारी संख्या | गोदाम क्षमता (क्वी.मा) | |
|---|---|---|---|---|
| | | | आफ्नै | भाडामा |
| १. | सोलुखुम्बु | २ | | १४०० |
| | सोलुखुम्बुको सोताङ | | | |
| २. | मनाङ्ग | १ | | ४०० |
| ३. | मुस्ताङ्ग | २ | | ७०० |
| ४. | रुकुम | २ | | १५०० |
| | जाजरकोट | २ | | २८०० |
| | जाजरकोट सल्लीबजार | | | |
| | जाजरकोट थलहबजार | | | |
| ६. | डोल्पा | २ | | १००० |
| | डोल्पा, तिन्जे | | | |
| ७. | जुम्ला | २ | ३००० | |
| | (क)जुम्ला नराकोट | १ | | १२०० |
| ८. | कालिकोट | २ | | १५०० |
| ९. | मुगु | २ | | १४०० |
| | (क) श्रीकोट | | | |
| | (ख) सोरुकोट | | | |
| १०. | बभाङ्ग | ३ | | ३५०० |
| | बभाङ्ग तल्कोट | १ | | |
| | बभाङ्ग बागथला | | | |
| ११. | बाजुरा | ३ | | १२०० |
| | बाजुरा, कोल्टी | २ | | १४०० |
| | बाजुरा मौरे | १ | | |
| | बाजुरा कवाडी | १ | | |
| १२. | हुम्ला (हवाईमार्ग) | ३ | | १७०० |
| | हिल्सा (सेरादेखि सदरमुकाम) | १ | | |
| | हुम्ला, श्रीनगर | | | |
| | हुम्ला, सर्केगाड | | | |
| १३. | दार्चुला | ३ | | ९०० |
| | दार्चुला गोकुलेश्वर | २ | | ५०० |
| १४. | ताप्लेजुङ्ग | ० | | |
| १५. | संखुवासभा | २ | | २४०० |
| १६. | रोल्पा | २ | | ६०० |
| १७. | दोलखा | ० | | |
| १८. | सिन्धुपाल्चोक | ० | | |
| १९. | धादिङ्ग | ० | | |
| २०. | रसुवा | ० | | |
| २१. | अछाम | २ | | १००० |
| | अछाम कमलबजार | | | |
| २२. | गोर्खा, सिर्दिबास | | | |
| | **जम्मा** | **४४** | **३०००** | **२५१००** |

नोट:
१. सिन्धुपाल्चोक, दोलखा, धादिङ्ग, रसुवा र ताप्लेजुङ्ग गरी ५ जिल्लामा हाल नून ढुवानी कार्य नभएको ।
२. दुर्गम १७ जिल्लामा ३४ वटा डिपो संचालन भइरहेको छ ।
३. उपरोक्त जिल्लाहरुमा नून ढुवानीसंग सम्बन्धित४४ जना कर्मचारीको दरवन्दी रहेको ।

# अनुसूची ८

## कार्यक्रमको लगानी अन्तर्गत वित्तीय लक्ष्य प्रगति विवरण

(रू. हजारमा)

| सि. नं. | जिल्ला | आ.व.२०६९/७० | | | आ.व.२०७०/७१ | | | आ.व.२०७१/७२ | | | आ.व.२०७२/७३ को प्रथम चौमासिकसम्म | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत |
| १ | सोलुखुम्बु | ४५८४ | ३२३५ | ७०.५८ | ४३७८ | ३३३६ | ७६.२१ | ५७२४ | ३१२५ | ५४.६१ | ५५८ | ० | ० |
| | सोलुखुम्बुको सोताङ्ग | ० | ० | ० | | | ०.०० | १३५० | ७२७ | ५३.८९ | ४८२ | ० | ० |
| २ | मनाङ्ग | ४६५ | ४६५ | ९९.८४ | ७१३ | ७४० | १०३.७९ | १४३५ | ६४७ | ४५.१२ | १६२ | ० | ० |
| ३ | मुस्ताङ्ग | ५१४ | ४७४ | ९२.३२ | ७६३ | ६११ | ८०.०५ | १२५५ | ९७८ | ७७.९८ | २१७ | ० | ० |
| ४ | रुकुम | ११२० | १५९५ | १४२.३७ | १९११ | २४५२ | १२८.३४ | ३०१४४०० | २९३२ | ९७.२८ | ६३३ | ११९ | १८.९१ |
| ५ | जाजरकोट | ३४७ | २७१ | ७८.०९ | ७५२ | १७७२ | २३५.४० | १८०० | १४२५ | ७९.१७ | ३१२ | ० | ० |
| | जाजरकोट दल्लीबजार | ० | | ० | ० | ० | ० | ० | ० | ० | १३९ | ० | ० |
| | जाजरकोट थलहबजार | ० | | ० | ० | ० | ० | ० | ० | ० | ७५ | ० | ० |
| ६ | डोल्पा | ८१९५ | ७२४५ | ८८.४२ | १२९४७ | ११०६१ | ८५.४३ | १५९५० | १५१२६ | १५५.१७ | ३९१५ | ८६० | २१.९८ |
| | डोल्पा,तिन्जे | ४००० | ४१७५ | १०४.३९ | ६६९५ | ५३५७ | ८०.०२ | ६६३० | ३०८ | १८.३४ | १४१५ | ० | ०.०० |
| ७ | जुम्ला | ५००० | ४१६७ | ८३.३५ | ६०३६ | ६०२९ | ९९.९० | ९७४८ | ६०३५ | २१०.४९ | ११५१ | ० | ०.०० |
| | जुम्ला नराकोट | ७४४ | ८७६ | ११७.८१ | १३५९ | १३१७ | ९६.८९ | १६८० | १४६० | १३.०४ | २८० | ० | ०.०० |
| ८ | कालिकोट | १००० | ११०५ | ११०.५३ | १६७४ | १८८८ | ११२.८३ | २८६७ | २०२३ | १५८.१२ | ४८१ | ३७९ | ७८.८५ |
| ९ | मुगु | ६४८५ | ४२९६ | ६६.२५ | ६८९७ | ८५०९ | १२३.३७ | ११२०० | ४४७६ | २१५.२३ | १२३१ | ० | ०.०० |
| | मुगु,श्रीकोट | ५२९ | ४६० | ८६.९६ | १०५८ | ८४० | ७९.४० | १२८० | ६९० | २३.०० | २४६ | ० | ०.०० |
| | मुगु,सोरुकोट | ८७४ | ७५० | ८५.८१ | १७२४ | १६०० | ९२.७६ | २०८० | १४८० | २३४.९२ | ५२९ | ० | ०.०० |
| १० | बझाङ्ग | १२५० | १२५० | १०० | २१२६ | २२२२ | १०४.५० | ३००० | २१८४ | ४४५.८० | ४३४ | ५१ | ११.८२ |
| | बझाङ्ग तल्कोट | ० | ० | ० | ० | ० | ० | ६३० | १०७२ | ५३.४३ | २०६ | ९२ | ४४.५९ |
| | बझाङ्ग बागथला | ० | ० | ० | ० | ० | ० | ४९० | २५५ | ४.९१ | ८० | ० | ० |
| ११ | बाजुरा | ८०० | ७६० | ९५.०० | १६३८ | १३२१ | ८०.६८ | २००८ | १०५१ | १३०.०६ | १६५ | ४४७ | २७१.१२ |
| | बाजुरा,कोल्टी | ४००० | ३८०० | ९५.०० | ५०२५ | ४६७५ | ९३.०४ | ५२०० | ६५८० | १२६.५५ | १५८९ | | ०.०० |
| | बाजुरा मौरे | ० | ० | ० | ० | ० | ० | ८०८ | ३३२ | ०.७० | १५६ | ० | ०.०० |
| | बाजुरा कवाडी | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० | २३६ | ० | ०.०० |
| १२ | हुम्ला सिमिकोट (हवाई) | ३८८५० | ४२५९२ | १०९.६३ | ४७५८० | ४३६९५ | ९१.८४ | ४७७५४ | ४३०५२ | ९०.१५ | ८९१३ | ५४२८ | ६०.९१ |
| | हुम्लाको | ३१५० | ० | ० | ४५३८ | ४०२४ | ८८.६७ | ५४०० | ५४८ | १०.१५ | १०२३ | ० | ०.०० |

| सि. नं. | जिल्ला | आ.व.२०६९/७० | | | आ.व.२०७०/७१ | | | आ.व.२०७१/७२ | | | आ.व.२०७२/७३ को प्रथम चौमासिकसम्म | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत |
| | हिल्सादेखि सदरमुकाम | | | | | | | | | | | | |
| | हुम्ला,श्रीनगर | ६६७ | ५५९ | ८३.८१ | १२८५ | १२८० | ९९.५६ | १४७८ | १३८४ | ९३.६२ | ५०० | ० | ०.०० |
| | हुम्ला,सर्केगाड | १३३४ | ९३८ | ७०.३१ | २१५७ | २०६० | ९५.४९ | २४८० | १८९८ | ७६.५३ | ६७८ | २१३ | ३१.५० |
| १३ | दार्चुला | ४२० | ५४० | १२८.७८ | ५५२ | १४८५ | २६८.६३ | १६९१ | १६७९ | ९९.२९ | ३५५ | ५९ | १६.७८ |
| | दार्चुला गोकुलेश्वर | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० | १३४ | ० | ०.०० |
| १४ | ताप्लेजुङ्ग | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० | ० | ० | ०.०० |
| १५ | संखुवासभा | १००० | १०९० | १०९.०५ | १२०७ | ९९६ | ८२.५३ | २१०० | १६०८ | ७६.६१ | ३७७ | ० | ०.०० |
| १६ | रसुवा | ० | ० | ०.०० | ० | ० | ०.०० | ० | ० | ०.०० | ० | ० | ०.०० |
| १७ | दोलखा | ० | ० | ०.०० | ० | ० | ०.०० | ० | ० | ०.०० | ० | ० | ०.०० |
| १८ | सिन्धुपाल्चोक | ० | ० | ०.०० | ० | ० | ०.०० | ० | ० | ०.०० | ० | ० | ०.०० |
| १९ | धादिङ्ग | ० | ० | ०.०० | ० | ० | ०.०० | ० | ० | ०.०० | ० | ० | ०.०० |
| २० | रोल्पा | ४२० | ३९७ | ९४.५२ | ५४७ | ४७६ | ८७.०६ | ४८० | ३४१ | ७१.१७ | ६५ | ० | ०.०० |
| २१ | अछाम | ७५० | १००८ | १३४.४० | १३८० | २०९५ | १५१.८७ | २८०० | २१९२ | ७८.२९ | ४२२ | ९८ | २३.३४ |
| | अछामको कमलबजार | ९०० | ५७५ | ६३.८९ | ३३० | २९९ | ९०.६२ | ४०० | ३२९ | ८२.२५ | ७२ | ० | ०.०० |
| २२ | गोर्खा,सिर्दिबास | ३००० | २९९ | ९९.६७ | १७१९ | १६७२ | ९७.२९ | २७६५ | २१४१ | ७७.४५ | ३५६ | ० | ०.०० |
| | **जम्मा** | ८७७०० | ८२९२९ | ९४.५६ | ११७००० | १११८२२ | ९५.५७ | १४५ | १०८ | ७४.२९ | २७ | ७ | २८.०९ |

*श्रोत :साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.*

## अनुसूची ९
## भौतिक लक्ष्य प्रगति विवरण

| सि. नं. | जिल्ला | आ.व.२०६९/७० | | | आ.व.२०७०/७१ | | | आ.व.२०७१/७२ | | | आ.व.०७२/७३ को प्रथम चौमासिकसम्म | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत |
| १ | सोलुखुम्बु | ३७४० | ३७४० | १०० | ४४०० | ४३९५ | ९९.९० | ५००३ | ५००१ | ९९.९६ | ८११ | ० | ० |
| | सोलुखुम्बुको सोताङ्ग | ० | ० | ० | ० | ० | ० | ३०० | २९८ | ९९.४३ | १८० | ० | ० |
| २ | मनाङ्ग | १५० | १५० | १०० | ४०० | ४०० | १०० | ३५० | ३५० | १०० | ८० | ० | ० |
| ३ | मुस्ताङ्ग | ५०० | ५०० | १०० | ७०० | ६८० | ९७.१४ | १००० | ९९० | ९९ | २०० | ० | ० |
| ४ | रूकुम | ३३५९ | ३३५९ | १०० | ४५०० | ४५०० | १०० | ५१०० | ५१०० | १०० | १००० | ३२० | ३२ |
| ५ | जाजरकोट | ७०४ | ७०४ | १०० | ४२०० | ४२०० | १०० | ३००० | ३००० | १०० | ५९७ | ० | ० |
| | जाजरकोट दल्लीबजार | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १०० | ० | ० |
| | जाजरकोट थलहबजार | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १०० | ० | ० |
| ६ | डोल्पा | १६८० | १६१० | ९५ | २७०२ | २७०२ | १०० | ३४०० | ३४०० | १०० | ८०० | २१६ | २७ |
| | डोल्पा,तिन्जे | १००० | १००० | १०० | १३०० | १३०० | १०० | १३०० | ० | ० | २६० | ० | ० |
| ७ | जुम्ला | ५००० | ४७६३ | ९५.२६ | ५८०० | ५७९९ | १०० | ७४९९ | ७४९८ | ९९.९९ | १३०० | ० | ० |
| | जुम्ला नराकोट | ८९० | ८९० | १०० | १२०० | ११७३ | ९७.७५ | १७२० | १७१८ | ९९.९१ | ३०० | ० | ० |
| ८ | कालिकोट | २२७९ | २२७९ | १०० | ३५०० | ३३८५ | ९६.७१ | ३७०० | ३७०० | १०० | ८०० | ७९९ | ९९ |
| ९ | मुगु | १७९१ | १७९१ | १०० | ४३० | ४३०० | १०० | ३२०० | ३२०० | १०० | ८०० | ० | ० |
| | मुगु,श्रीकोट | २०० | २०० | १०० | ४०० | ४०० | १०० | ४०० | ४०० | १०० | १३० | ० | ० |
| | मुगु,सोरूकोट | २०० | २०० | १०० | ४०० | ४०० | १०० | ४०० | ४०० | १०० | १३० | ० | ० |
| १० | बझाङ्ग | २५०० | २५०० | १०० | ४६९९ | ४६९९ | १०० | ५००० | ५००० | १०० | ९०० | १२२ | १३.५६ |
| | बझाङ्ग तल्कोट | ० | ० | ० | ० | ० | ० | ८०० | ८०० | १०० | १४० | ८० | ५७ |
| | बझाङ्ग बागथला | ० | ० | ० | ० | ० | ० | ७०० | ७०० | १०० | २०० | ० | ० |
| ११ | बाजुरा | ८०० | ८०० | १०० | १२०० | १२०० | १०० | ११०० | ११०० | १०० | २४० | ७०५ | २९३ |
| | बाजुरा,कोल्टी | २००० | २००० | १०० | २६०० | २६०० | १०० | ३७०० | ३७०० | १०० | ९०० | ० | ० |
| | बाजुरा मौरे | ० | ० | ० | ० | ० | ० | ७०० | ७०० | १०० | ३०० | ० | ० |
| | बाजुरा कवाडी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १४० | ० | ० |
| १२ | हुम्ला सिमिकोट | ३१५५ | ३१५५ | १०० | ४१७२ | ४१६१ | ९९.७५ | ४१२१ | ४१२१ | १०० | ७७५ | ५८५ | ७५ |

| सि. नं. | जिल्ला | आ.व.२०६९/७० | | | आ.व.२०७०/७१ | | | आ.व.२०७१/७२ | | | आ.व.०७२/७३ को प्रथम चौमासिकसम्म | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत |
| | (हवाई) | | | | | | | | | | | | |
| | हुम्लाको हिल्सादेखि सदरमुकाम | ७०० | ० | ० | १२०० | ११८४ | ९८.७२ | १२०० | १७६ | १४.७३ | ३०० | ० | ० |
| | हुम्ला,श्रीनगर | २०० | २०० | १०० | ४०० | ४०० | १०० | ४०० | ३९५ | ९८.८६ | १३० | ० | ० |
| | हुम्ला,सर्केगाड | २०० | २०० | १०० | ४०० | ४०० | १०० | ४०० | ४०० | १०० | १३० | ५० | ३ |
| १३ | दार्चुला | ९०० | ९०० | १०० | २२०० | २२०० | १०० | २७९० | २७९० | १०० | ५०० | ८५ | १७ |
| | दार्चुला गोकुलेश्वर | ० | ० | ० | ० | ० | | ० | ० | ० | २०० | ० | ० |
| १४ | ताप्लेजुङ्ग | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | संखुवासभा | २५९६ | २५९६ | १०० | २५०० | २४६० | ९८.४२ | ३५०० | ३४२३ | ९७ | ७०० | ० | ० |
| १६ | रसुवा | ०.०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १७ | दोलखा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १८ | सिन्धुपाल्चोक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १९ | धादिङ्ग | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २० | रोल्पा | १००० | १००० | १०० | १२०० | १२०० | १०० | ८०० | ८०० | १०० | १४० | १०० | ७१ |
| २१ | अछाम | २१०० | २१०० | १०० | ४२०० | ४२०० | १०० | ४००० | ४००० | १०० | ७०० | १६५ | २४ |
| | अछामको कमलबजार | १००० | १००० | १०० | ५०० | ५०० | १०० | ५०० | ५०० | १०० | १०० | ० | ० |
| २२ | गोर्खा, सिर्दिबास | १०० | १०० | १०० | ५०० | ५०० | १०० | ७०० | ७०० | १०० | १०० | ० | ० |
| | **जम्मा** | **३८७४४** | **३७७३८** | **९७.४०** | **५९५७३** | **५९३४१** | **९९.६१** | **६६७८३** | **६४३६२** | **९६.३७** | **१४१८४** | **३२२७** | **२२.७५** |

*श्रोत :साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.*